विजय र्‍याली ननिकाल्न रास्वपाको आग्रह पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २७८ • २०८२ साल फाल्गुन २४ गते आइतबार (8 March, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–

## लगातार चौथो पटक सिंह निर्वाचित, थापा पछारिए

**टुडे समाचारदाता**

जनकपुरधाम । देशमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ मा डा.अमरेश कुमार सिंह निर्वाचित भएका छन् ।

नेपाली कांग्रेसका सभापति गगन कुमार थापालाई पराजित गरेका छन् । उनी लगातार चौथौं पटक सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ बाट विजयी भएका हुन् ।

नेपाली कांग्रेसले थापालाई प्रधानमन्त्रीको रुपमा प्रस्ताव गर्दै सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ बाट उम्मेदवार बनाएको थियो । भाषा र भूगोलको विषयमा जानकार नरहेका थापालाई चुनावमा मतदाताहरुसित दोहोरो संवादमा समेत समस्या देखिएको थियो ।

मधेशीको भावना अनुकूल कार्य गर्ने डा.सिंहले कयौं पटक प्रतिनिधि सभामा कयौं महत्वपूर्ण मुद्दाहरु उठाएर अत्यन्त चर्चामा रहेका थिए । उनले भ्रष्टाचार, सामाजिक न्याय, शिक्षा, स्वास्थ्यलगायतका विषयलाई प्राथमिकताका साथ संसदमा उठाउने गरेका थिए ।

तीन पटक सांसद हुँदा पनि उनी सरकारमा भने गएनन् । कांग्रेसको गुटबन्दीको शिकार हुने गरेका डा.सिंह भने आफ्ना विचारमा अडिग रहँदै आएका छन् ।

रास्वपाले जनकपुरधाममा आयोजना गरेको 'परिवर्तनको उद्घोष' सभामा डा.सिंहले बालेनलाई प्रधानमन्त्री बनाउन नसके जनकपुरधामको बाह्रबिघा(रंगभूमि) मैदानमा आत्मदाह गर्ने उद्घोष गरेका थिए । सो घोषणाबाट उनी देशभरि नै चर्चा पाएका थिए ।

डा.सिंहको विजयी यात्रालाई रोक्न नेपाली कांग्रेस सर्लाहीका नेताहरु सुरेन्द्र सिंह, मधेश प्रदेशका पूर्वमन्त्री वीरेन्द्र सिंह लगायतले सभापति थापालाई भिडाएको कांग्रेसजनहरुले आरोप लगाएका छन् ।

डा.सिंहलाई हरेक दलका समर्थक मतदाताहरुले मतदान गरेको स्थानीयहरुले बताएका छन् । सिंह जित्न नसके आत्मदाह गर्ने प्रतिबद्धतालाई उनका समर्थकहरुले जनजनसम्म पुर्‍याउँदै आत्मरक्षाका लागि मतदान गर्न भावनात्मक आग्रह गरेका थिए ।

उनको जितले सो क्षेत्रमा कांग्रेस मात्र नभइ, एमाले, नेकपा, जसपा नेपाललगायतका दलहरुको अवस्था अत्यन्त खराब भएको छ ।

स्वतन्त्र जितेको धेरै पछि अर्थात संसद विघटन भएपछि मात्र उनी रास्वपामा प्रवेश गरे ।

### मधेशमा रास्वपाको वर्चस्व

# धनुषा- १ यादव र रौतहट- २ मा आलमको कडा प्रतिस्पर्धा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मधेश प्रदेशको ३२ निर्वाचन क्षेत्रमध्ये अधिकांशमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को अग्रता कायम रहेको छ ।

फागुन २१ गते सम्पनन प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेश प्रदेशको ३२ वटै निर्वाचन क्षेत्रमध्ये नौ वटामा रास्वपा विजयी भइसकेको छ भने २१ वटामा निर्वाचन क्षेत्रमा अग्रता लिएको प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशले जनाएको छ ।

शनिबार रातिसम्म मतपरिणाम सार्वजनिक भए अनुसार धनुषा, महोत्तरी, सर्लाही, रौतहटमा १/१, बारामा ३ र पर्सामा २ वटा गरी कुल ९ वटा निर्वाचन क्षेत्रमा रास्वपाले जित हासिल गरेको छ ।

धनुषा- १ मा नेपाली कम्युनिष्ट पार्टीका मातृकाप्रसाद यादव र रौतहट- २ मा नेपाली कांग्रेसका मो. फिरदोश आलमले अग्रता लिएका छन् । यसबाहेकको २१ वटा निर्वाचन क्षेत्रमा रास्वपाले फराकिलो मतान्तरले अग्रता लिएको छ ।

धनुषा- ३ मा रास्वपाका प्रवक्तासमेत रहेका मनिष झा, महोत्तरी-१ मा रास्वपाका प्रमोदकुमार महतो, सर्लाही- २ मा



रास्वपाका रबिन महतो, रौतहट-१ मा रास्वपाका राजेशकुमार चौधरी, बारा-१ मा रास्वपाका गणेश धिमाल, बारा- ३ मा रास्वपाका अरबिन्द साह, बारा- ४ मा रास्वपाका रहबर अन्सारी, पर्सा-१ मा रास्वपाका बुद्धि प्रसाद पन्त र पर्सा- २ मा सुशील कुमार कानु निर्वाचित भएका छन् ।

सप्तरी-१ मा रास्वपाकी पुष्पाकुमारी चौधरी, सप्तरी- २ मा रास्वपाका रामजी यादव, सप्तरी- ३ मा रास्वपाका अमरकान्त चौधरी र सप्तरी- ४ मा रास्वपाका सीताराम साहले अग्रता लिएका छन् ।

त्यस्तै सिरहाको निर्वाचन क्षेत्र नम्बर -१ मा रास्वपाका बब्लु गुप्ता, सिरहा - २ मा रास्वपाका शिवशंकर यादव, सिरहा- ३ मा शम्भुकुमार यादव र सिरहा- ४ मा तपेश्वर यादव अग्रता लिएका छन् ।

त्यस्तै धनुषा-१ मा नेपाली कम्युनिष्ट पार्टी( नेकपा)का उपमहासचिव मातृकाप्रसाद यादव अग्रता लिएका छन् । धनुषा- २ मा रास्वपाका रामविनोद यादव, धनुषा- ४ मा रास्वपाका राजकिशोर महतोले अग्रता कायमै राखेका छन् भने धनुषा- ३ मा रास्वपाका प्रवक्ता झाले ४३ हजार ९८८ मत ल्याइ निर्वाचित भएका छन् ।

त्यस्तै महोत्तरी-१ मा रास्वपाका महतो ३४ हजार ६३६ मत ल्याइ फराकिलो मतान्तरले निर्वाचित भएका छन् । महोत्तरी- २ मा रास्वपाकै दीपककुमार साह, महोत्तरी- ३ मा रास्वपाका उज्ज्वलकुमार झा, रास्वपाकी गौरी कुमारीले अग्रता कायमै राखेकी छन् ।

त्यस्तै सर्लाही-१ मा रास्वपाकी नितिमा भण्डारी (कार्की), सर्लाही- ३ मा रास्वपाकै नरेन्द्र साह कलवार र सर्लाही- ४ मा रास्वपाका अमरेश कुमार सिंहले फराकिलो मतान्तरले अग्रता कायमै राखेका छन् भने सर्लाही- २ मा रास्वपाका रबिन महतो ४२ हजार ५१२ मत ल्याइ निर्वाचित भएका छन् ।

त्यस्तै रौतहट-१ मा रास्वपाका राजेशकुमार चौधरी २८ हजार ९४६ मत लाई निर्वाचित भएका छन् भने रौतहट- २ मा नेपाली कांग्रेसका मो. फिरदोश आलमले अग्रता लिएका छन् । रौतहट- ३ मा रास्वपाका रवीन्द्र पटेल, रौतहट- ४ मा पनि रास्वपाकै गणेश पौडेलले अग्रता कायमै राखेका छन् ।

त्यस्तै बारा-१ मा रास्वपाका गणेश धिमाल निर्वाचित भएका छन् भने बारा- ३ मा रास्वपाकै अरबिन्द साह ४० हजार ६९७ मत र बारा- ४ मा रास्वपाका रहबर अन्सारीले ४१ हजार २०० मत ल्याइ निर्वाचित भएका छन् । भने बारा- २ मा भने रास्वपाकै चन्दनकुमार सिंहले अग्रता लिएका छन् ।

त्यसैगरि पर्सा-१ मा रास्वपाका बुद्धि प्रसाद पन्त २७ हजार २७४, पर्सा- २ मा रास्वपाका सुशील कुमार कानु ३० हजार ७४० ल्याइ निर्वाचित भएका छन् भने पर्सा- ३ मा रास्वपाकै रामाकान्त प्रसाद चौरसीया र पर्सा- ४ मा पनि रास्वपाकै टेक वहादुर शाक्यले अग्रता लिएका छन् ।

### ओलीलाई धरपक्कडको त्रास

# योजनाबद्ध रुपमा एमालेका नेताहरुलाई पक्राउ गर्ने संशय

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) सहितका दल सीमित संख्यामा निर्वाचित हुँदै गर्दा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई चिन्ताले सताउन थालिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहसंग झण्डै ५० हजार मतान्तरमा पराजित भएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई धरपकड गर्ने डरले सताउन थालेका छन् ।

देशव्यापी रुपमा रास्वपा भारी मतान्तरले जितिरहँदा पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले रास्वपा सरकारले आफूमाथि धरपक्कड गर्ने तयारी पहिले नै थालिसकेको ब्रिफिङ गरेका छन् ।

मतगणनाको शुरुवातदेखि नै पछाडि परेका अध्यक्ष ओलीलाई भेट्न गुण्डु पुगेका एमालेका केही केन्द्रीय सदस्य र नेताहरुसंग ओलीले अब रास्वपाको सरकारले विभिन्न हतकण्डा अपनाउने र आफूलाई जेल हाल्ने प्रयास गर्ने ब्रिफिङ गरेका छन् ।

अध्यक्ष ओलीलाई भेटेर निस्किएका एक नेताले भने, 'उहाँमा मैले पनि पार्टीमा सबैलाई मिलाएर लैजानुपर्थ्यो भन्ने महसुस भएको



नपाइए पनि अब रास्वपाको सरकार बनेपछि यिनीहरुले अनेक उधुम गर्न खोज्छन् ।'

ती नेताले भने, 'हामीलाई धरपक्कड गर्ने, जेल हाल्ने तयारी छ । सबै परिस्थितिको सामना गर्न तयार हुनुपर्छ । भदौ २३ र २४ मा भएको जेन- जी आन्दोलनदेखिका विभिन्न घटनाहरु भए सबै यही परिस्थिति सिर्जना गर्नका लागि थियो भन्ने उहाँको बुझाइ छ । चुनाव रोक्न र प्रतिनिधि सभा पुनर्स्थापनाको मुद्दा सर्वोच्च अदालतबाट टुंगो लगाउन कांग्रेस र प्रचण्ड नेतृत्वको नेकपाको साथ नपाएको भन्ने उहाँको कुरा थियो ।'

चुनावी परिणाम आउँदै गर्दा अध्यक्ष ओली निवासमा नेता कार्यकर्ताको आवतजावत भने पातलो देखिएको छ । अध्यक्ष ओलीले अब बन्ने रास्वपा सरकारले आफूसहित उनीहरुले भन्ने गरेका पूराना पार्टीका नेताहरुमाथि धरपकड, मुद्दा मामिला र जेल हाल्ने प्रपञ्च गर्ने पूर्व संकेत सुनाए ।

अध्यक्ष ओलीले नेपालमा संविधान र लोकतन्त्र स्थापना गर्ने दलहरुलाई सिध्याउन लामो समयदेखिको भूराजनीतिक डिजाइन सफल बनाउन खोजिएको समेत बताए ।

यता उच्च स्रोतका अनुसार देशव्यापी रुपमै पहिलो चरणमा एमालेका केही पदाधिकारीलाई जुनसुकै बेला वारेन्ट जारी गरी पक्राउ गर्ने योजना रहेको छ । तर क-कसलाई धरपक्कड गर्ने भन्ने योजना अति गोप्य नै राखिएको छ ।

प्रतिनिधिसभा सदस्यको मतपरिणाम अनुसार रास्वपा झण्डै दुई तिहाइ मत ल्याइ आफ्नै नेतृत्वका सरकार बनाउने छन् ।

रास्वपाको सरकार बन्नु अघि नै पक्राउ गरि सक्ने उच्च स्रोतको दाबी छ । तर यसको पुष्टि भने भइनसकेको अवस्था छ ।

## ओलीलाई पराजित गर्दै बालेन निर्वाचित

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह (बालेन) फराकिलो मतान्तरसहित झापा- ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

सार्वजनिक गरिएको अन्तिम मतपरिणाम अनुसार बालेन ६८ हजार ३४८ मत प्राप्त गरी निर्वाचित भएका छन् ।

उनीसंग चुनावी प्रतिस्पर्धामा रहेका नेकपा एमालेका अध्यक्षसमेत पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले १८ हजार ७३४ मत मात्र प्राप्त गरेका छन् ।

झापा-५ मा पहिलोपटक चुनाव लडेका रास्वपाका वरिष्ठ नेता बालेनले यस क्षेत्रबाट २०४८ देखि नै निरन्तर आठौँपटक चुनाव लड्दै आएका अध्यक्ष ओलीलाई सर्वाधिक ४९ हजार ७१४ मतान्तरले पराजित गरेका छन् ।

यसअघि २०७४ सालमा अध्यक्ष ओली झापा- ५ बाट मुलुकभरमै सर्वाधिक ५९ हजारभन्दा बढी मत ल्याएर सांसद निर्वाचित भएका थिए । तीन वर्ष अघि २०७९ मा पनि अध्यक्ष ओलीले ५२ हजारभन्दा बढी मत ल्याएर निर्वाचित भएका थिए ।

इतिहासमै सर्वाधिक भारी मतान्तरले पराजित भएपछि झापा- ५ मा ओलीको 'आधार इलाका' भत्किएको छ ।

काठमाण्डु महानगरपालिकाका निवर्तमान मेयरसमेत रहेका बालेनले शनिबार साँझै निर्वाचन अधिकृतको कार्यालय झापा- ५ मा निर्वाचित भएको प्रमाणपत्र लिएका छन् ।




# मधेशमा आलमले कांग्रेसको साख जोगाउँदै



**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेशमा पूराना दलहरु निकै कमजोर देखिएको अवस्थामा पनि नेपाली कांग्रेसले रौतहट-२ बाट आफ्नो साख जोगाउने सम्भावना देखिएको छ।

प्रतिनिधिसभा सदस्यतर्फको जारी मतगणनामा कांग्रेसका उम्मेदवार मो. फिरदोष आलम अग्रस्थानमा रहेका छन् । यो समाचार लेख्दासम्म पछिल्लो मतपरिणाम अनुसार आलमले १८ हजार ५९५ मत प्राप्त गरेका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार किरणकुमार साहले ११ हजार ३१७ मत प्राप्त गर्दै दोस्रो स्थानमा रहेका छन् । यो दुईको बीचमा करिब ७ हजार भन्दा बढी मतको रहेको छ।

यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका शेख सगिरले ६ हजार ३१० मत प्राप्त गरेका छन् भने जनता समाजवादी पार्टी, नेपालका रामआशिष राय यादवले २ हजार ७४१ मत प्राप्त गरेका छन् ।

मधेश प्रदेशमा यस पटक नेपाली कांग्रेसका लागि निर्वाचन परिणाम अपेक्षाअनुसार आउन सकेको छैन । पार्टीका सभापति गगन थापा स्वयं हार्ने निश्चित भइसकेको छ । काठमाडौबाट सर्लाही ४ मा झरेका सभापति पार्टीको साख समेत जोगाउन नसकेको अवस्थामा आलमले पार्टीको साख बचाउने भन्ने निश्चित मतान्तर रुझानले देखाउंछ । परम्परागत प्रभाव रहेका क्षेत्रमा समेत पार्टी कमजोर देखिएको छ । कांग्रेस उम्मेदवार फिरदोष आलम पूर्व सांसद अफताब आलमका छोरा हुन् । रौतहट-२ को मतगणना अझै जारी रहेको छ।

हुनत धनुषा १ मा कांग्रेसका रामपल्टन साह समेत तलमाथि भइरहेका छन् । यहाँको उनको निकटतम प्रतिष्पर्धी नेकपाका मातृका यादव रहेका छन् । कहिले साह अगाडि बढछ भने कहिले यादव झिनो मतान्तरणले अघिपछि भइरहेका छन् ।

# टीकाटिप्पणी नगर्न कार्यकर्तालाई रास्वपाको अनुरोध

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन परिणामलाई लिएर विभिन्न तह र सामाजिक सञ्जाललगायत माध्यमबाट टीकाटिप्पणी नगर्न सम्पूर्ण पार्टीपङ्क्तिमा आग्रह गरेको छ।

सो पार्टीको केन्द्रीय अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले शनिबार विज्ञप्ति जारी गर्दै जनताको अभिमतलाई धैर्य गर्नुपर्ने देखिन्छ। यसै सन्दर्भमा पार्टीका सम्पूर्ण जिम्मेवार सदस्यलाई धैर्यपूर्वक अन्तिम परिणामको प्रतीक्षा गर्न आयोग हार्दिक अनुरोध गर्दछ", विज्ञप्तिमा भनिएको छ, "निर्वाचनको यस घडीमा त्यस्ता गतिविधि भए गरेको कहींकतै भेटिएमा पार्टीको विधान, कार्यविधि, आचारसंहिताका आधारमा कारबाही



उच्च मूल्याङ्कन गरी पूर्ण विश्वासकासाथ जवाफदेहीपूर्ण कार्यसम्पादन गर्न अनुरोध गर्नुभएको हो ।

"निर्वाचनको पूर्ण परिणाम आउन अझै केही समय हुनेतर्फ आयोग सबैलाई सचेत गराउँदछ।"पार्टीको निर्देशनविपरीत कुनै किसिमका गतिविधि नगर्न पार्टीपङ्क्तिलगायत सम्पूर्णमा अनुरोध गरिएको छ। रासस

# पाँच स्थानमा महिला उम्मेदवार विजयी



काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा हालसम्म पाँच स्थानमा महिला उम्मेदवार विजयी हुनुभएको छ।

निर्वाचन आयोगका अनुसार काठमाडौँ- १ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का रञ्जु न्यौपाने १५ हजार ४५५ मत प्राप्त गरी विजयी हुनुभएको छ । साथै मोरङ-६ मा रास्वपाका रुविना आर्चाय ५५ हजार ५१३ मत, कास्की-३ मा रास्वपाका बिना गुरुङ ३७ हजार ७५० मत र कैलाली-१ रास्वपाका कोमल ज्ञवाली १७ हजार ८२६ मत प्राप्त विजयी हुनुभयो। दैलेख निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार बासना थापाले १२ हजार ३७२ मतप्राप्त गरी विजयी हुनुभएको छ।

जारी मतगणनामा रास्वपाकी सोविता गौतम (चितवन-३), डा तोसिमा कार्की (ललितपुर-३), इन्दिरा रानामगर (झापा-२), निशा डाँगी (झापा-१), नीतिमा भण्डारी (कार्की) (सर्लाही-१), आशिका तामाङ (धादिङ-१), पुष्पाकुमारी चौधरी (सप्तरी -१) र गौरीकुमारी (महोत्तरी-४)मा अग्रस्थानमा हुनुहुन्छ।

आयोगका अनुसार हालसम्म ४५ स्थानमा नतिजा सार्वजनिक भइसकेको छ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ कूल १६५ निर्वाचन क्षेत्रमध्ये हाल ११८ स्थानमा मतगणना जारी छ। प्रतिनिधिसभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कूल तीन हजार ४०६ मध्ये महिला उम्मेदवार ३८८ जना हुनुहुन्थ्यो । रासस

# हालसम्म ८३ निर्वाचन क्षेत्रको नतिजा सार्वजनिक

काठमाण्डु। प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना मुलुकभर जारी छ। निर्वाचन आयोगका अनुसार यो समाचार तयार पार्दासम्म विभिन्न ८३ वटा निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ६७, नेपाली कांग्रेस नौ, नेपाल कम्युनिष्ट पार्टी (एमाले) तीन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) दुई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र स्वतन्त्र उम्मेदवार एक/एक जना विजयी हुनुभएको छ। यो अवधिसम्ममा निर्वाचित उम्मेदवारमध्ये रास्वपाका अधिकांश उम्मेदवार ठूलो मतान्तरले विजयी भएका छन्।

रुपन्देही क्षेत्र नं ३ बाट निर्वाचित डा लेखजङ्ग थापा ५० हजार ३७९ मतान्तरले विजयी हुनुभएको छ। उहाँले ५८ हजार ८१४ मत ल्याउँदा निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार सुशील गुरुङ्गले आठ हजार ४३५ मत प्राप्त गर्नुभयो।

रुपन्देही क्षेत्र नं २ बाट रास्वपाका सुलभ खरेल ४३ हजार ६८९ मतान्तरले विजयी हुनुभएको छ। खरेलले ५६ हजार ५५० मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी विष्णुप्रसाद पौडेलले १२ हजार ८६१ मत प्राप्त गर्नुभएको छ।मोरङ निर्वाचन क्षेत्र नं ६ बाट रास्वपाका उम्मेदवार रुविना आचार्य ५५ हजार ५१३ मतसहित विजयी हुनुभएको छ । उक्त निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका डा शेखर कोइराला १२ हजार ८५० मतसहित दोस्रो स्थानमा सीमित हुनुभयो।

मोरङ निर्वाचन क्षेत्र नं ४ बाट रास्वपाका उम्मेदवार सन्तोष राजवंशी ४० हजार ८३३ मत ल्याएर विजयी हुनुभएको छ। उहाँका निकतटम प्रतिस्पर्धी नेपाली कांग्रेसका गुरुराज घिमिरेले १२ हजार ८१८ मत मात्र प्राप्त गर्नुभयो। उच्च मतान्तरले विजयी हुने उम्मेदवारमा धनुषा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ३ बाट रास्वपाका मनिष झा ४३ हजार ९८८ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका विमलेन्द्र नीतिले १६ हजार ६५२ मत प्राप्त गर्नुभयो।

महोत्तरी क्षेत्र नं १ बाट रास्वपाका प्रमोदकुमार



महतो ३४ हजार ६३६ मतसहित विजयी हुनुभयो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका गिरिराजमणी पोखरेलले १२ हजार ६२४ मत प्राप्त गर्नुभयो। बारा क्षेत्र नं ३ मा रास्वपाका अरबिन्द साह ३० हजार ६४५ मतान्तरले विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका फरमुल्लाह मन्सुरले १० हजार ५२ मत प्राप्त गर्नुभएको छ।

बारा निर्वाचन क्षेत्र नं ४ मा रास्वपाका रहवर अंसारी ४१ हजार २०० मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का कृष्णकुमार श्रेष्ठले ११ हजार ६३९ मत प्राप्त गर्नुभयो। जुन २९ हजार ५६१ को मतान्तर हो।पर्सा निर्वाचन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार बुद्धिप्रसाद पन्त २७ हजार २७४ मतसहित विजयी हुँदा निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का उम्मेदवार प्रदीप यादवले १३ हजार ३० मत प्राप्त गर्नुभयो।

काठमाडौँ निर्वाचन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार रञ्जु न्यौपाने १५ हजार ४५५ मतसहित विजयी हुनुभएको छ। निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार प्रवल थापा क्षेत्रीले छ हजार ३६४ मत ल्याउँदा नौ हजार ९१ मतान्तरसहित न्यौपाने विजयी हुनुभएको हो।

काठमाडौँ निर्वाचन क्षेत्र नं २ मा रास्वपाका सुनिल केसी ३४ हजार २३८ मतसहित विजयी हुनुभएको छ । निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका कविर शर्माले आठ हजार ८७४ मत प्राप्त गर्नुभयो । काठमाडौँ निर्वाचन क्षेत्र नं ३ मा रास्वपाका राजुनाथ पाण्डे १८ हजार ७५७ मतसहित विजयी हुनुभएको छ। उहाँ निकटतम प्रतिस्पर्धी उज्यालो नेपाल पार्टीका कुलमान घिसिङ सात हजार ५८५ मतान्तरले पछि पर्दै ११ हजार १७१ मत प्राप्त गर्नुभयो।

काठमाडौँ निर्वाचन क्षेत्र नं ४ मा रास्वपाका पुकार बम २९ हजार १४२ मतसहित विजयी हुनुभएको छ। उहाँ २० हजार ३१८ मतान्तरसहित विजयी हुनुभयो । निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका सचिव तिमल्सेनाको आठ हजार ८२४ मत छ।

काठमाडौँ निर्वाचन क्षेत्र नं ५ मा रास्वपाका सस्मित पोखरेल ३० हजार ७३७ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रदीप पौडेलले नौ हजार १५९ मत प्राप्त गर्नुभयो। त्यस्तै निर्वाचन क्षेत्र नं ७ मा रास्वपाका उम्मेदवार गणेश पराजुली २७ हजार ८०५ मतसहित विजयी हुनुभएको छ । उहाँले निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रमोदहरि गुरागाईंको भन्दा २३ हजार ८२३ मत बढी प्राप्त गर्नुभयो।

काठमाडौँ निर्वाचन क्षेत्र नं ८ मा रास्वपाका विराजभक्त श्रेष्ठ २४ हजार ५९२ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका सुमन सायमीले तीन हजार २१७ मत प्राप्त गर्नुभयो। निर्वाचन क्षेत्र नं ९ मा रास्वपाका डोलप्रसाद अर्याल ३५ हजार ९३ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका नानुमैया बास्तोलाले पाँच हजार ४६० मत प्राप्त गर्नुभयो।

काठमाडौँ निर्वाचन क्षेत्र नं १० मा रास्वपाका उम्मेदवार प्रदिप विष्ट ३७ हजार ४६९ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका हिमाल कार्कीको भन्दा विष्टको मत २९ हजार ४६९ ले बढी हो। कार्कीले आठ हजार १०० मत प्राप्त गर्नुभएको छ।

भक्तपुर निर्वाचन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार रुकेश रञ्जित ३३ हजार ४३६ मतसहित विजयी हुनुभएको छ। उहाँ पाँच हजार २८९ मतान्तरले विजयी हुनुभएको छ। निकटतम प्रतिस्पर्धी नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालको २८ हजार १४७ मत रहेको छ।

ललितपुर निर्वाचन क्षेत्र नं १ मा रास्वपाका बुद्ध रत्न महर्जन २३ हजार ३७३ मतसहित विजयी हुनुभएको छ। महर्जन नौ हजार ८५३ मतान्तरसहित विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेस का उदयशम्शेर राणाले १३ हजार ५२० मत प्राप्त गर्नुभयो।

चितवन निर्वाचन क्षेत्र नं २ मा रास्वपाका सभापति रवि लामिछाने ५४ हजार ४०२ मतसहित विजयी हुनुभएको छ । उहाँ ३९ हजार ८३८ मतान्तरसहित विजयी हुनुभएको हो । निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका मिनाकुमारी खरेलले १४ हजार ५६४ मत प्राप्त गर्नुभएको छ । यसरी निर्वाचित उम्मेदवारमध्ये रास्वपाका अधिकांश प्रतिनिधि ठूलो मतान्तरले विजयी भएका छन्।

**नेपाली कांग्रेस**

तेह्रथुम निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेस का उम्मेदवार सन्तोष सुब्बा ११ हजार ५६१ मतसहित विजयी हुनुभएको छ। उहाँ ८७९ मतान्तरसहित विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का भानुभक्त ढकालले १० हजार ६८२ मत प्राप्त गर्नुभएको छ।

मनाङ निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार टेकबहादुर गुरुङ दुई हजार ४१५ मतसहित निर्वाचित हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार यशोदा गुरुङ (सुवेदी) ले ४५४ मत प्राप्त गर्नुभयो।

त्यस्तै, मुस्ताङ निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार योगेश गौचन थकाली तीन हजार ३०७ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का इन्द्रधारा विष्टले एक हजार ८०६ मत प्राप्त गर्नुभयो।

दैलेख निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार वासना थापा १२ हजार ३७२ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का उम्मेदवार रविन्द्रराज शर्माले ११ हजार ७९६ मत प्राप्त गर्नुभएको हो।

डोटी निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार भरतबहादुर खड्का १४ हजार ८९७ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का दीपकबहादुर धामीले १४ हजार ११० मत प्राप्त गर्नुभयो।

त्यस्तै, अछामको निर्वाचन क्षेत्र नं १ बाट १० हजार ७५९ मतसहित भरतकुमार स्वाँर, सुर्खेतको क्षेत्र नं १ बाट २६ हजार ८९७ मतसहित विष्णुबहादुर खड्का, जाजरकोटको क्षेत्र नं १ बाट २० हजार १४२ मतसहित खड्कबहादुर बुढा र कपिलवस्तुको निर्वाचन क्षेत्र नं ३ बाट २३ हजार ५३५ मतसहित अभिषेक प्रताप शाह निर्वाचित हुनुभएको छ।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

बाँके निर्वाचन क्षेत्र नं २ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार मोहम्मद इश्तियाक राई २४ हजार ६२८ मत ल्याएर विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्की रास्वपाका विवेककुमार श्रेष्ठले १८ हजार ६८२ मत प्राप्त गर्नुभयो।

बझाङ निर्वाचन क्षेत्र नं १ मा नेकपा (एमाले) का उम्मेदवार ऐनबहादुर महर १८ हजार ५४३ मत ल्याएर विजयी हुनुभएको छ। रासस

## प्राप्त जनमतले मुलुकलाई नयाँ दिशातर्फ लैजान्छ : उपसभापति डा वाग्ले

दमौली ।राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति एवं तनहुँ क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले प्राप्त जनमतले मुलुकलाई नयाँ दिशातर्फ लैजाने बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि शनिबार कार्यकर्तामाझ संक्षिप्त



सम्बोधन गर्दै उहाँले जनताले दिएको अभिमतलाई शिरोधार्य गरेर अगाडि बढ्ने र जनताको भरोसालाई टुट्न नदिने बताउनुभयो।

डा वाग्लेले भन्नुभयो, "जिम्मेवारी ठूलो छ। तनहुँ त आफ्नै ठाउँ भइहाल्यो, दुई पटक यहाँबाठ विजयी गराइदिनुभयो, त्यसको महत्त्व, आशा र भरोसालाई लत्याउने छैन। यहाँका जनताले शिर निहुराउन नपर्ने गरी काम गर्नेछु।"रासस


ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजजोशरउत्साहबढनेदिन।रोकिएका काममा गति आउने छ। |
| वृष : | शुक्रबार तपाइका लागि सुखद दिन रहने छ। पारिवारिक सहयोग मिल्नेछ। |
| मिथुन : | सञ्चार र कुराकानीबाट फाइदा हुने दिन। नयाँ सम्झौता वा सहकार्यको अवसर। |
| कर्कट : | भावनात्मक विषयमा संवेदनशीलता बढ्न सक्छ। |
| सिंह : | काममा नयाँ चुनौती आउन सक्छ। सकारात्मक सोचले सफलता दिलाउनेछ। |
| कन्या : | संकल्प र मेहनतले काम अघि बढ्नेछ। |
| तुला : | साझेदारी र सहकार्यमा लाभ मिल्नेछ। परिवारसंग रमाइलो समय बित्नेछ। |
| वृश्चिक : | मनमा उत्साह बढ्नेछ। रोकिएका काम अघि बढ्ने सम्भावना छ। |
| धनु : | नयाँ विचार र योजनाले काममा फाइदा दिनेछ। साथीभाईसंग राम्रो समय बित्नेछ। |
| मकर : | परिश्रमले सम्मान दिलाउने दिन हो। काममा प्रगति देखिनेछ। |
| कुम्भः | सृजनात्मक सोच बढ्नेछ। सामाजिक र नयाँ सम्बन्ध बनाउन सकिने दिन हो। |
| मीन : | शान्त र सकारात्मक दिन हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत सप्तरी निर्वाचन क्षेत्र नं २ राजविराजको मुख्य निर्वाचन अधिकृतको कार्यालय मतगणनास्थल अगाडि नेपाली सैना सहितका खटिएका सुरक्षाकर्मी । *तस्बिरः रासस*

# रास्वपा ७० स्थानमा विजयी, ५२ क्षेत्रमा अगाडि

काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टीले हालसम्म ७० क्षेत्रमा जित निकालेको छ। शनिबार राती ८ बजेसम्मको परिणामअनुसार रास्वपाका उम्मेदवारले ५२ निर्वाचन क्षेत्रमा अग्रता हासिल गरिरहनुभएको छ।





आयोगका अनुसार रास्वपाबाट मोरङ क्षेत्र नं ४ मा सन्तोष राजवंशी, मोरङ ६ मा रुविना आचार्य, धनुषा ३ मा मनिष झा, महोत्तरी १ मा प्रमोदकुमार महतो, बारा ३ मा अरविन्द साह, पर्सा १ मा बुद्धिप्रसाद पन्त, काठमाडौँ १ मा रन्जु न्यौपाने, काठमाडौँ २ मा सुनिल केसी, काठमाडौँ ३ मा राजुनाथ पाण्डे, काठमाडौँ ४ मा पुकार बम, काठमाडौँ ५ मा सस्मित पोखरेल, काठमाडौँ ६ मा शिशिर खनाल, काठमाडौँ ७ मा गणेश पराजुली, काठमाडौँ ८ मा विराजभक्त श्रेष्ठ, काठमाडौँ ९ मा डोलप्रसाद अर्याल, काठमाडौँ १० मा प्रदीप विष्ट र भक्तपुर १ मा रुकेश रञ्जित निर्वाचित भइसक्नुभएको छ।

यस्तै चितवन क्षेत्र नं २ मा रवि लामिछाने, कास्की क्षेत्र नं २ मा उत्तमप्रसाद पौडेल, कास्की ३ मा वीना गुरुङ, स्याङ्जा १ मा धनन्जय रेग्मी, पर्वत १ मा सागर भुसाल, रुपन्देही २ मा सुलभ खरेल, रुपन्देही ३ मा डा लेखजङ्ग थापा, रुपन्देही ४ बाट कन्हैया बनिया, बाँके निर्वाचन क्षेत्र नं १ मा सुरेशकुमार चौधरी, बाँके ३ मा खगेन्द्र सुनार र कैलाली १ मा कोमल ज्ञवाली विजयी हुनुभएको निर्वाचन आयोगले जनाएको छ।

आयोगका अनुसार हालसम्म ८९ स्थानमा नतिजा सार्वजनिक भइसकेको छ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ कूल १६५ निर्वाचन क्षेत्रमध्ये हालसम्म १६१ निर्वाचन क्षेत्रमा मतगणना भइरहको छ । नेपाली कांग्रेसले चार क्षेत्रमा जित निकालेको छ । तेह्रथुम क्षेत्र नं १ मा सन्तोष सुब्बा, मनाङ १ मा कांग्रेसका टेकबहादुर गुरुङ, मुस्ताङ निर्वाचन क्षेत्र नं १ मा योगेश गौचन थकाली र दैलेख क्षेत्र नं १ मा बासना थापा विजयी हुनुभएको छ। जारी मतगणनामा कांग्रेसका उम्मेदवार १० स्थानमा अगाडि रहेका छन् ।

नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट रुकुम पूर्व निर्वाचन क्षेत्र नं १ बाट सो पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' विजयी भइसक्नुभएको छ । नेकपाका उम्मेदवार जारी मतगणनामा ११ क्षेत्रमा अग्रस्थानमा रहेका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट बाँके निर्वाचन क्षेत्र नं १ मा मोहम्मद इश्तियाक राई विजयी हुनुभएको छ । एमालेका उम्मेदवार १० निर्वाचन क्षेत्रमा अगाडि हुनुहुन्छ।

म्याग्दी निर्वाचन क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी भइसक्नुभएको छ। उहाँलाई राष्ट्रिय स्वतन्त्र पार्टीले समर्थन गरेको थियो। श्रम संस्कृति पार्टीका उम्मेदवार पाँच र राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार एक स्थानमा अगाडि हुनुहुन्छ।रासस

# प्रतिनिधिसभा निर्वाचन: मतगणना जारी

काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले हालसम्म ७० क्षेत्रमा विजयी भएको छ। शनिबार राती ८ बजेसम्मको परिणामअनुसार रास्वपाका उम्मेदवारले ५२ निर्वाचन क्षेत्रमा अग्रता हाँसिल गरिरहनुभएको छ।

आयोगका अनुसार रास्वपाबाट मोरङ क्षेत्र नं ४ मा सन्तोष राजवंशी, मोरङ ६ मा रुविना आचार्य, धनुषा ३ मा मनिषा झा, काठमाडौँ १ मा रन्जु न्यौपाने, काठमाडौँ ३ मा राजुनाथ पाण्डे, काठमाडौँ ४ मा पुकार बम, काठमाडौँ ५ मा सस्मित पोखरेल, काठमाडौँ ७ मा गणेश पराजुली, काठमाडौँ ८ मा विराजभक्त श्रेष्ठ, काठमाडौँ ९ मा डोलप्रसाद अर्याल, काठमाडौँ १० मा प्रदीप विष्ट, कास्की क्षेत्र नं २ मा उत्तमप्रसाद पौडेल, कास्की ३ मा बिना गुरुङ, रुपन्देही ४ बाट कन्हैया बानियाँ र बाँके १ मा सुरेशकुमार चौरी विजयी हुनुभएको निर्वाचन आयोगले जनाएको छ। आयोगका अनुसार हालसम्म २० स्थानमा नतिजा सार्वजनिक भइसकेको छ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ कुल १६५ निर्वाचन क्षेत्रमध्ये हालसम्म १६० निर्वाचन क्षेत्रमा मतगणना भइरहको छ।

नेपाली कांग्रेसले ११ क्षेत्रमा जित निकालेको छ। मनाङ १ मा कांग्रेसका टेकबहादुर गुरुङ, मुस्ताङ १ मा योगेश गौचन थकाली र दैलेख १ मा बासना थापा विजयी हुनुभएको छ। जारी मतगणनामा कांग्रेसका उम्मेदवार ११ स्थानमा अगाडि छन् ।

नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट रुकुम पूर्व १ बाट सो पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड विजयी भइसक्नुभएको छ । नेकपाका उम्मेदवार जारी मतगणनामा ११ क्षेत्रमा अग्रस्थानमा रहेका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट बाँके निर्वाचन क्षेत्र नं १ मा मोहम्मद इश्तियाक राई विजयी हुनुभएको छ । एमालेका उम्मेदवार १२ निर्वाचन क्षेत्रमा अगाडि हुनुहुन्छ।

श्रम संस्कृति पार्टीका उम्मेदवार तीन, राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार एक र स्वतन्त्र उम्मेदवार एक स्थानमा अगाडि हुनुहुन्छ।रासस

# विजय र्‍याली ननिकाल्न रास्वपाको आग्रह

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति एवम् सङ्घीय निर्वाचन सम्पादन समिति संयोजक डिपी अर्यालले रास्वपाबाट निर्वाचित हुने उम्मेदवार तथा पार्टीका शुभचिन्तकलाई विजयी र्‍याली ननिकाल्न आग्रह गर्नुभएको छ।

शनिबार एक भिडियो सन्देश जारी गर्दै उहाँले निर्वाचित हुने उम्मेदवारसँग अबिर जात्रा गर्ने, रमाइलो गर्ने, खुसी साटासाट गर्ने तथा र्‍याली गर्ने धेरैको चाहना भए पनि यो विजयी जुलुस निकाल्ने समय नभएको बताउनुभयो। यस पटकको निर्वाचन आउनुमा जेनजी उमेर समूहका नानीबाबुहरुको ज्यान गुमाएको पीडा हामीबाट नसेलाएको उल्लेख गर्दै उहाँले मध्यपूर्वमा केही समय अघिदेखि भइरहेको घटनाका कारण पनि विजयी जुलुस ननिकाल्न आग्रह गर्नुभयो।



"हामीलाई जनताले सरकार बनाउन र जनताका लागि काम गर्नका लागि दिएको कार्यादेश हो, त्यसैले हामीले जनताका लागि काम गरेपछि मतदाताहरुसँग घरदैलो गर्ने नै छौँ", उहाँले भन्नुभयो । अर्यालले मतगणना स्थलमा मात्रै शुभेच्छुकलाई धन्यवाद दिन आग्रह गर्नुभयो। रासस

# प्रधानमन्त्री कार्की र संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपतिबीच टेलिफोन संवाद

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले आज अपराह्न संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति हिज हाइनेस शेख मोहमद बिन जायद अल नाह्यानसँग टेलिफोन संवाद गर्नुभएको छ।



संवादका क्रममा प्रधानमन्त्री कार्कीले युएईको सार्वभौम क्षेत्रमा नागरिक पूर्वाधारलाई लक्षित गरी गरिएका आक्रमणहरूको निन्दा गर्दै यस विषम परिस्थितिमा संयुक्त अरब इमिरेट्सलाई नेपालका तर्फबाट ऐक्यबद्धता व्यक्त गर्नुभयो।

उहाँले यस परिस्थितिमा सम्बन्धित सबै पक्षहरूलाई अधिकतम संयम अपनाउन, तनावलाई थप नबढाउन र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गर्नुभएको छ। युद्ध कहिल्यै शान्तिको विकल्प हुन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले कूटनीति र संवादको माध्यमबाट मात्र दिगो शान्ति सम्भव हुने बताउनुभएको र परिस्थिति सकेसम्म चाँडो सामान्य अवस्थामा फर्कने अपेक्षा व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री कार्कीले सार्वजनिक सुरक्षा सुनिश्चित गरेकामा र त्यहाँ काम गर्ने तथा बसोबास गर्ने नेपाली नागरिकसहित सबै बासिन्दा, आगन्तुक र ट्रान्जिटमा रहेका मानिसको समान रूपमा हेरचाह गरेकामा युएई सरकारप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । १ मार्च २०२६ मा जायद अन्तरराष्ट्रिय विमानस्थलमा ड्युटीको क्रममा एक नेपाली नागरिकले आफ्नो अमूल्य जीवन गुमाएको थाहा पाउँदा आफूलाई धेरै दुःख लागेको उहाँले बताउनुभएको थियो । साथै ५ मार्च २०२६ मा अबुधाबीको आइसिएडी क्षेत्रमा २ जना नेपाली घाइते भएको जानकारी पाउँदा चिन्ता लागेको प्रधानमन्त्री कार्कीले बताउनुभयो । त्यस अवसरमा प्रधानमन्त्री कार्कीले शान्ति र विकासलाई प्रवर्द्धन गर्न क्षेत्रीय तथा वैश्विक कूटनीतिक प्रयासमा गरेको निरन्तर योगदानप्रति युएईका राष्ट्रपतिको कुशल नेतृत्वको उच्च प्रशंसा गर्नुभयो।

आगामी वर्षहरूमा आर्थिक साझेदारी र जनता-जनताबीचको सम्बन्धलाई थप बलियो बनाउँदै हाम्रो द्विपक्षीय सम्बन्ध थप विस्तारित र सुदृढ हुँदै जाने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

प्रधानमन्त्री कार्कीले महामहिम राष्ट्रपति, युएई सरकार र युएई जनतालाई यस क्षेत्रमा दिगो शान्ति सुनिश्चित गर्न सफलता मिलोस् भनी नेपालको तर्फबाट शुभकामना व्यक्त गर्नुभयो। उहाँले पवित्र रमजानको अवसरमा शान्ति, न्याय र सद्भावको लागि समेत हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।टेलिफोन संवादका क्रममा उहाँले हालको तनावको अवस्था लामो समयसम्म नरहने र अन्ततः नयाँ कूटनीतिको लागि ठाउँ उपलब्ध गराउने विश्वास व्यक्त गर्दै नेपाल वर्तमान तनावको प्रत्यक्ष पक्ष नभए पनि यसको परिणाम भोगिरहेको बताउनुभयो।

प्रधानमन्त्री कार्कीले तत्कालका लागि नेपाली नागरिकहरूको सुरक्षा चिन्ता र दीर्घकालीन रूपमा बढ्दो इन्धनको मूल्य, लगानी प्रवाहमा संकुचन र बढ्दो मुद्रास्फीतिसहित व्यापक आर्थिक दबाबहरूको सामना गरिरहनुपरेको बताउनुभयो । ट्रान्जिटमा रहेका यात्रुहरू बिस्तारै नेपाल वा तेस्रो देशहरूमा आ-आफ्ना गन्तव्यहरूमा सुरक्षित रूपमा प्रस्थान गर्न सक्ने कुरामा पनि उहाँले विश्वास व्यक्त गर्नुभयो।

युएईका राष्ट्रपतिले यस विषम परिस्थितिमा नेपालले एक असल मित्रराष्ट्रको रूपमा प्रस्तुत गरेको ऐक्यबद्धता र सहानुभूतिप्रति युएईको तर्फबाट प्रधानमन्त्री कार्कीलाई धन्यवाद व्यक्त गर्नुभएको प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएको छ । युएईका राष्ट्रपति एक जना नेपालीले ड्युटीमा रहेका बखत २०२६ मार्च १ मा जायद अन्तरराष्ट्रिय विमानस्थलमा भएको घटनामा परी ज्यान गुमाउनु परेकामा गहिरो दुःख व्यक्त गर्दै समवेदना प्रकट गर्नुभयो । उहाँले नेपाल र युएईबीच कायम रही आएको सुमधुर र मित्रवत् सम्बन्धप्रति सन्तुष्टि व्यक्त गर्दै नेपालीको मेहनती बानी र असल आचरणको प्रशंसा गर्नुभयो।

यसका साथै संवादका क्रममा युएईका राष्ट्रपतिले दुवै मुलुकका राजदूतहरूले नेपाली नागरिकको सुरक्षा तथा हित संरक्षणका लागि सक्दो प्रयास गरिरहेको बताउनुभयो । साथै नेपालीको सुरक्षाको प्रत्याभूतिका लागि सबै किसिमको पहल गर्न आफू तत्पर रहेको उहाँले विश्वास दिलाउनुभयो ।रासस

# निर्वाचित जनप्रतिनिधिलाई जिम्मेवारी हस्तान्तरण गर्न आतुर छौँः गृहमन्त्री अर्याल

काठमाण्डु । गत भदौमा भएको जेनजी आन्दोलनपछि गठन भएको सरकारको एउटा मात्रै जिम्मेवारी थियो, आवधिक निर्वाचन। छोटो समयमा निर्वाचन गर्ने जिम्मेवारीका साथ गठन भएको सरकारमा गृहमन्त्रालयको जिम्मेवारीमा आउनुभएको थियो, ओमप्रकाश अर्याल।

जेनजी आन्दोलनका क्रममा कारागारबाट कैदी भागेका थिए, हातहतियारहरु पनि लुटिएका थिए। राजनीतिक दलप्रति आममानिसमा विश्वास गुमेको अवस्था थियो। सुरक्षा मुख्य चुनौती थियो। आम मानिसमा पनि समयमै निर्वाचन हुन्छ वा हुँदैन भन्ने संशय थियो।

अन्ततः समयमै शान्तिपूर्ण रुपमा निर्वाचन भयो। बिहीबार निर्वाचनको जिम्मेवारी पूरा गरेपछि गृहमन्त्री अर्यालले भन्नुभयो, "एउटा महत्वपूर्ण जिम्मेवारी पूरा भयो, नागरिक सरकारले प्रमुख अभिभारा पूरा गरेको छ "निर्वाचन सम्पन्न भएपछि शुक्रबार दिनभर जसो मन्त्री अर्यालले धन्यवाद तथा शुभकामनाका कैयौं फोनकल, सन्देश प्राप्त गरिरहनुभयो । मन्त्रालयमै आएर बधाई दिनेहरुको संख्या पनि बाक्लो थियो। उहाँले शुभचिन्तकलाई भन्नुभयो, "आजबाट जिम्मेवारीको भारी बिसाएर हल्का महसुस भएको छ । मतपरिणामपछि नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गरेर फर्किन आतुर छौँ।"



उहाँले यसका लागि प्रधानमन्त्री सुशीला कार्कीप्रति विशेष आभार व्यक्त गर्नुभयो । साथै निर्वाचन सम्पन्न गराउन सहयोग गर्ने गृहसचिव, मन्त्रालयका महाशाखा प्रमुखसहित सुरक्षा निकायका उच्च अधिकारीलाई धन्यवाद दिनुभयो। "निजामति प्रशासनलाई सधै दोष दिने गरिएको छ, त्यो मात्रै साँचो होइन, निजामतिको साथमै काम फत्ते भएका छन् खाली नेतृत्व कस्ले कसरी गरेको छ भन्ने महत्वपूर्ण कुरा हो", गृहमन्त्री अर्यालले भन्नुभयो।


गृहमन्त्री अर्याल छ महिनाभित्र निर्वाचन गरेर मुलुकलाई निकास दिने दायित्वमा कहिल्यै बिमुख हुनुभएन। उहाँले भन्नुभयो, "गृहमन्त्रालय 'पावर एक्सरसाइज' गर्ने मन्त्रालय भन्थे मैले नेतृत्व सम्हाल्दाको अनुभवमा यो त शान्ति मन्त्रालयको भूमिकाजस्तो देखियो । परिस्थितिलाई काबुबाहिर जान नदिन अपनाउनुपर्ने संयमता र मन्त्रालयको मुख्य जिम्मेवारीबाट कहिल्यै बिचलित भइन र निरन्तर आफ्नो इमानन्दारिताको अभ्यास गरे ।"राष्ट्रपतिको निर्देशन र प्रधानमन्त्रीको नेतृत्वमा सम्बद्ध सबै पक्षको सहयोगका कारण मुलुकभर एकै चरणमा मतदान कार्य सम्पन्न भएको उहाँको बुझाइ छ। अहिले देशभर मतगणना कार्य जारी छ। केही क्षेत्रको नतिजा पनि आइसकेको छ।

लोकतान्त्रिक प्रकृयाको महत्वपूर्ण अभ्यासको रूपमा रहेको निर्वाचनमार्फत जनादेश लिनु संवैधानिक र कानुनी दृष्टिले सर्वोत्तम पक्ष हो भन्दै उहाँले यस निर्वाचनको माध्यमबाट संविधान कार्यान्वयन एवम् नेपाली जनताले प्राप्त गरेको हक अधिकारको संस्थागत गर्नमा महत्वपूर्ण उपलब्धी हासिल भएको उल्लेख गर्नुभयो । अर्यालले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न देशव्यापी रूपमा मतदाताहरूले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको उल्लेख गर्नुभएको। उहाँले निर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनक रुपमा सम्पन्न भएकामा सबैलाई धन्यवाद दिनुभएको छ।

गृहमन्त्री अर्यालले सुरक्षा चुनौतीलाई आफूहरुले नजिकबाट नियालेर सोही अनुसार व्यवस्थापन गरिएको बताउनुभयो। उहाँले थप्नुभयो, "यहाँ तपाईंहरुले निर्देशन दिने गृहमन्त्री र निर्देशन पालना गर्ने कर्मचारी एवं सुरक्षाकर्मीहरू भेट्नुहुन्न' निर्देशनमुखी कार्यशैली फेरेर सामूहिक निर्णय गर्ने अभ्यास कार्यान्वयन भएको छ। आवश्यक कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिहरू सबै बसेर सामूहिक सरसल्लाह गर्छौं र आवश्यक निर्णय लिन्छौं।"


गत पुसमा मधेशमा देखिएका साम्प्रदायिक हिंसाका केही छुटपुट घटना भए। ती समस्याको पनि समयमै समाधान नगरिएको भए निर्वाचनको माहोल बिगार्न सक्थयो ।रासस

## जनभावना अनुसार काम गर्ने सभापति लामिछानेको प्रतिबद्धता



चितवन। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जनभावनाअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। चितवन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि प्रमुख निर्वाचन अधिकृतबाट विजयी भएको प्रमाणपत्र लिएपछि पत्रकारहरुसँग सङ्क्षिप्त कुरा गर्दै उहाँले राष्ट्र निर्माणलाई केन्द्रमा राखेर काम गर्ने बताउनुभयो।

जनताले दिएको जिम्मेवारी पूरा गर्न सजिलो नभएको भन्दै उहाँले लोकतन्त्रमा फरक मतको सम्मान गर्दै अघि बढ्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हामी मात्तिएर होइन संयमित भएर काम गर्नुपर्छ। प्रतिपक्षलाई होच्च्याउनु हुँदैन। लोकतन्त्रमा फरक मतको सम्मान गर्नुपर्छ।"रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बधाई बालेन

प्रतिनिधि सभा सदस्य पदका लागि सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले अनपेक्षित बहुमत सहित एकल सरकार बनाउने मतादेश पाएको छ । बालेन साहको नेतृत्वमा चुनाव लडेको रास्वपाले तराई, पहाड र हिमाल सबै भेगमा भारी सफलता प्राप्त गरेको छ । रास्वपाले प्रत्यक्ष तर्फ नै १ सय ६५ मध्ये १ सयभन्दा बढी स्थान प्राप्त गरेको छ । रास्वपाले काठमाण्डु महानगरपालिकाका निवर्तमान मेयर बालेन साहलाई प्रधानमन्त्रीमा प्रस्ताव गर्दै उनको नेतृत्वमा चुनाव लड्न गरेको निर्णय नै सर्वाधिक उपलब्धिमूलक रह्यो । देशको सबै भूगोल, जातजाति, भाषाभाषीलाई जोड्न बालेन अस्त्र सफल भएको छ । रास्वपाले प्राप्त गरेको स्थान विगतमा कुनै पनि दलले प्राप्त गरेको थिएन । माओवादीको हावा चलेको बेला यस्तो बहुमत पाएको थिएन । यसपटकको चुनावमा रास्वपाको सुनामी नै थियो । उम्मेदवारको अनुहार नदेखेको, दलको नाम थाहा नभएको तर बालेन र घण्टी बुझेर नै मतदान भयो । नेपालमा पहिलो पटक कुनै दलले मधेशीलाई प्रधानमन्त्रीको उम्मेदवारको रुपमा घोषणा गरेपछि त्यसको तराई मधेशमा व्यापक प्रभाव देखियो । मधेश केन्द्रित दलहरुको एउटा प्रमुख मुद्दा नै रास्वपाले हाइज्याक गरे । मधेश प्रदेशको ३४ अपवाद बाहेक सबै सिटमा रास्वपाले जीत निकालेको छ । रास्वपाले चुनावको क्रममा सार्वजनिक गरेको प्रतिबद्धता पत्रलाई कार्यान्वयन गर्न अब सहज हुनेछ । लामो समयपछि नेपालमा कुनै एउटा दलले सरकार बनाउने पूर्ण बहुमत प्राप्त गरेको छ । समानुपातिक तर्फको मतले रास्वपालाई दुई तिहाईको संख्या पुग्ने प्रारम्भिक मत परिणामले देखाएको छ । देशको जेठो दल नेपाली कांग्रेस, नेकपा एमाले सहित नेपाली कम्युनिष्ट पार्टी(नेकपा) ले अपेक्षाकृत सफलता पाउन असफल भएका छन् । नेपाली कांग्रेसका सभापति गगन कुमार थापा र एमालेका अध्यक्ष केपी शर्मा ओली भारी मतान्तरले पराजित भएका छन् । पराजयको पीडा मधेश केन्द्रित दलका शीर्ष नेताहरुले पनि भोग्नु परेको छ । कांग्रेस र एमालेप्रति यो चुनावमा मतदाताहरुले थोरै पनि सहानुभूति देखाउन चाहेन । झापाको निर्वाचन क्षेत्र नम्बर ५ ओलीको धरोहर जस्तै थियो । तर त्यहाँका मतदाताहरुले उनलाई यस पटक सम्मानजनक मत समेत दिएन । कांग्रेसका सभापति थापाले प्रयोगको रुपमा सर्लाहीको निर्वाचन क्षेत्र नम्बर ४ मा भाग्य अजमाउदा असफल भएका छन् । दलका शीर्ष नेताहरु मध्ये नेकपाका संयोजक प्रचण्ड मात्र जित निकाल्न सफल भएका छन् । सबै पूर्व प्रधानमन्त्री चुनावमा पराजित भएका छन् । रास्वपाले पाएको भारी बहुमतले जिम्मेवारीको भार पनि बढाएको छ । रास्वपाले जनचाहना अनुरुप कार्य गर्न नसके आगामी चुनावमा मतदाताले साथ नदिन सक्छ । यस पटक रास्वपाले घोषणा गरेका कार्यहरु गर्न सके भविष्यमा देश हाँक्ने जिम्मेवारी पाउने छ । निर्वाचित सबै नेतालाई हार्दिक बधाई र सफलताको शुभकामना ।

# गगन थापाको आलोचना किन ? दायित्वको कुरा किन नगर्ने ?



● जयप्रकाश आनन्द

"जीतमा दुश्मन पनि मित्र हुन्छन् र पराजयमा मित्र पनि शत्रु बन्न जान्छन्।" राजनीति जस्तो कठोर क्षेत्रमा यो पुरानो भनाइ बारम्बार सत्य प्रमाणित हुँदै आएको छ। नेपालको हालको आम निर्वाचनले पनि यही यथार्थलाई फेरि उजागर गरेको छ। यस परिणामपछि नेपाली काँग्रेसका सभापति गगन थापाको अवस्था ठीक यही उक्ति सम्झाउने खालको देखिन्छ–जहाँ पराजयपछि आलोचना, आरोप र दोषारोपणको आँधी चल्न थाल्छ।

तर यथार्थलाई ईमानदारीपूर्वक हेर्ने हो भने गगन थापाले सबल र सुदृढ पार्टी संगठनको विरासत पाएर नेतृत्व सम्हालेका थिएनन्। बरु उनले पार्टीभित्रको गहिरो असन्तोष र विद्रोहको वातावरण पार गर्दै नेतृत्वमा पुग्नुपरेको थियो। बहुसंख्यक प्रतिनिधिहरूको सहभागितामा आयोजित विशेष अधिवेशनबाट उनी सभापति बनेका थिए। यस अर्थमा उनको उदय सहज उत्तराधिकार होइन, संघर्षबाट जन्मिएको नेतृत्व थियो।

तर त्यसलाई पनि सहज हुन दिइएन। चुनावको नामांकन भैरहदाँको बेला शेरबहादुर देउवाले गगन थापाको सभापतित्वलाई चुनौती दिँदै अदालतमा मुद्दा दायर गरे र निर्वाचन आयोगसमक्ष पनि आपत्ति जनाए। आयोगले प्रारम्भिक रूपमा गगनको पक्षमा अन्तरिम आदेश दिए पनि अदालतमा मुद्दा विचाराधीन नै रह्यो। यसले जन्माएको अनिश्चितताको परिणामतः नयाँ नेतृत्वको वैधानिकतामाथि प्रश्नचिह्न खडा गरियो। यसले एउटा स्पष्ट सन्देश दियो–पार्टीभित्रको पुरानो शक्ति संरचना परिवर्तन स्वीकार गर्न देउवा पक्ष कदापि पनि तयार छैन। यस प्रकरणले गगन थापाले बनाएको आश लाग्दो भाष्य–"हामीले काँग्रेस बदल्यौं, अब मुलुक बदल्छौं" को बिश्वसनीयता कायम हुन दिएन।

नयाँ सभापतिले प्रारम्भदेखि नै असहज वातावरणमा काम गर्नुपऱ्यो। केही समय उनले पार्टीको अनधिकृत कार्यालयबाट काम सञ्चालन गर्नुपऱ्यो। पछि मात्र उनी पार्टीको आधिकारिक कुर्सीमा बस्न पाए। यस्तो अवस्थामा संगठन सुदृढ बनाउने, जनतामाझ विश्वास पुनःस्थापित गर्ने र चुनावी तयारी गर्ने काम सहज हुने कुरा थिएन।

यद्यपि पार्टी एकताको सन्देश दिन गगन थापाले देउवा पक्षका धेरै व्यक्तिहरूलाई पनि उम्मेदवार बनाए। तर परिणाम के आयो? ती सबैजसो उम्मेदवार पराजित भए। अझ चुनावको निर्णायक समयमा देउवा विदेश गए। उनका निकट मानिने व्यक्तिहरू पनि चुनावी अभियानमा सक्रिय देखिएनन्। आफ्नै पक्षका उम्मेदवारलाई जिताउन समेत उनीहरू अग्रसर देखिएनन्। यसले एउटा गम्भीर प्रश्न उठाउँछ–के यो केवल निष्क्रियता थियो, कि काँग्रेसको परिवर्तनप्रति नै अस्वीकारोक्ति वा निर्वाचनमा आफ्नै पार्टीका उम्मेदवारहरूलाई असहयोग?

यी सबै पृष्ठभूमिमा गगन थापा स्वयं पनि



चुनावमा पराजित भए। यद्यपि यो पंक्ति लेख्दाको बखत गगनको परिणाम आई सकेको छैन, तर बिजयीको संभावना देखिन्न्। सतहमा हेर्दा यो पराजय व्यक्तिगत जस्तो देखिन्छ। तर गहिराइमा हेर्दा यो पराजय केवल एउटा व्यक्तिको होइन–यो काँग्रेसले वर्षौंदेखि बोकेको राजनीतिक बोझको परिणाम हो।

वास्तविकता के हो भने लामो समयसम्म पार्टी सञ्चालन गर्ने क्रममा देउवाको नेतृत्वले नेपाली काँग्रेसको राजनीतिक छवि गम्भीर रूपमा क्षतिग्रस्त बनाएको थियो। अवसरवाद, गुटबन्दी, सत्ताको गणितमा सीमित राजनीति, र जनतासँग टुटेको सम्बन्ध–यी सबैले काँग्रेसलाई जनविश्वासबाट टाढा पुऱ्यायो। यही कारणले आज काँग्रेसको पराजयलाई केवल गगन थापाको जिम्मामा थोपर्न खोज्नु राजनीतिक बेइमानी हुन्छ।

यसबीच अर्को महत्वपूर्ण राजनीतिक सन्देश पनि यस निर्वाचनले दिएको छ। यस पटकको निर्वाचनमा रास्वपा र यसको प्रमुख नेताहरू रवि तथा बालेनले ऐतिहासिक सफलता हासिल गरेका छन्। धेरै त्यस्ता मानिसहरू, जो नेपाली समाजमा पलाउँदै गएको परिवर्तनमुखी जनभावनासँग अनभिज्ञ थिए, उनीहरूका लागि यो परिणाम अप्रत्यासित लाग्न सक्छ। तर आम नागरिकका लागि भने यो कुनै चकित पार्ने घटना होइन। जनताले लामो समयदेखि पुराना दलहरूको जडता, सुधारप्रति उदासीनता, भ्रष्टाचार र सत्ता स्वार्थको राजनीति देख्दै आएका थिए। त्यसैले परिवर्तनको आकांक्षा अन्ततः मतदानमार्फत व्यक्त हुनु स्वाभाविक थियो।

यस परिप्रेक्ष्यमा केपी ओली जस्ता नेतृत्वको राजनीति पनि आलोचनाबाट मुक्त रहन सक्दैन। बिद्रोही जेन्जी नव युवाहरूको नृशंस हत्या, आक्रामक राष्ट्रवादको भाषण, सत्तामा हुँदा भ्रष्टाचार र शक्ति केन्द्रीकरण, अनि प्रतिपक्षमा हुँदा अस्थिरताको राजनीति–यी सबैले नेपाली जनतालाई निराश बनाएको थियो। यही कारणले अहिलेको परिणाम केवल काँग्रेसको पराजय मात्र होइन, पुरानो राजनीतिक शैलीको व्यापक अस्वीकार पनि हो। तर परिवर्तनको यो लहरले अर्को प्रश्न पनि खडा गरेको छ–अब नयाँ शक्तिहरू कसरी अगाडि बढ्छन्? रास्वपाको आगामी राजनीतिक व्यवहार, विशेषतः प्रस्तावित प्रधानमन्त्रीको रूपमा देखिएका बालेन शाहको दृष्टिकोण, धेरै अर्थमा महत्वपूर्ण हुनेछ।

लोकतन्त्रमा बलियो सरकारका लागि जिम्मेवार प्रतिपक्ष अपरिहार्य हुन्छ। रोचक कुरा के छ भने प्रायः बलियो सत्ता पक्षका लागि कमजोर प्रतिपक्षलाई औपचारिक रूपमा बढी सम्मान दिने चलन देखिन्छ–उसका कुरालाई सुन्ने, सहिष्णुता देखाउने, संवादको भाषा प्रयोग गर्ने। तर यसको अर्थ कदापि पनि पुरानो सत्ताको गलत कामको प्रतिरक्षा गर्नु होइन।

यदि विगतका भ्रष्टाचार, अपराधजन्य कार्यहरू र सत्ता दुरुपयोगलाई "सहिष्णुता" वा "राजनीतिक परिपक्वता" को नाममा ढाकछोप गरियो भने त्यो जनताको परिवर्तन चाहनाको प्रत्यक्ष अपमान हुनेछ। त्यस्तो व्यवहार नयाँ सत्ताले जनतासमक्ष गरेका वाचा र प्रतिबद्धताको विपरीत हुनेछ।

यसैले अहिलेको राजनीतिक क्षण उत्साहको मात्र होइन–परीक्षाको पनि हो। नयाँ सत्ताले विगतका गलत अभ्यासहरूसँग सम्झौता गर्छ कि वास्तवमै नयाँ राजनीतिक संस्कृतिको सुरुवात गर्छ–यो कुरा नेपाली जनताले धैर्यका साथ पर्खेर हेर्नुपर्नेछ। यस सबै परिप्रेक्ष्यमा गगन थापाको भूमिका अझ महत्वपूर्ण बनेको छ। अब उनको दायित्व केवल एउटा पराजित नेता बन्ने होइन। उनले जिम्मेवार, सशक्त र वैचारिक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ। हिनताबोधबाट मुक्त हुनु परेको छ।

त्यसैगरी नेपाली काँग्रेसको पुनरोत्थान पनि अब अपरिहार्य आवश्यकता बनेको छ। यसको अर्थ केवल संगठन विस्तार होइन–पार्टीको चरित्र, नीति, नेतृत्व संस्कृति र जनतासँगको सम्बन्ध पुनर्निर्माण गर्नु हो।सबैभन्दा महत्वपूर्ण कुरा–अब काँग्रेस फेरि पुरानै चक्रमा फर्कन सक्दैन। यसका लागि विकल्प फेरि देउवा वा देउवाले अघि सारेका कुनै प्रतिनिधि हुन सक्दैनन्। त्यो भनेको विगतका असफलताको पुनरावृत्ति मात्र हुनेछ। आजको वास्तविकता स्पष्ट छ–पुरानो राजनीति अस्वीकार गरिएको छ।

अब प्रश्न एउटै छः के नयाँ नेतृत्वले यो सन्देश बुझ्छ?यदि बुझ्यो भने अहिलेको पराजय नेपाली काँग्रेसको अन्त्य होइन–पुनर्जन्मको सुरुवात बन्न सक्छ। यदि बुझेन भने इतिहासले यसलाई परिवर्तनको अवसर गुमाएको क्षणका रूपमा सम्झिनेछ।

# जेन-जी क्रान्ति पछि नेपालको पहिलो लोकतान्त्रिक चुनाव



● डा. केदार कार्की

नेपालको अवस्था छिमेकी बंगलादेशको जस्तै उल्लेखनीय छ। बंगलादेशमा पनि युवा र विद्यार्थी आन्दोलन पछि हालैको चुनावमा बंगलादेश राष्ट्रवादी पार्टी (बीएनपी) को नेतृत्वमा नयाँ सरकार सत्तामा आएको छ। अघिल्लो निर्वाचित सरकारको पतन र नयाँ चुनावको बीचमा लगभग १८ महिनाको अन्तर भए पनि, शेख हसिना सरकारलाई सत्ताबाट हटाउन आन्दोलनमा भाग लिने विद्यार्थीहरूको नयाँ पार्टीले धेरै सफलता हासिल गर्न सकेन। मानिसहरूले परम्परागत राजनीतिक दल, बंगलादेश राष्ट्रवादी पार्टी मा विश्वास व्यक्त गरे।

नेपालको जनसंख्या लगभग ३ करोड छ, तर मतदाताहरूको संख्या केवल १ करोड ९० लाख छ। देशको प्रतिनिधि सभामा २७५ सिट छन्, तर यी सिटहरूमध्ये १६५ सिटका लागि मात्र मतदान भइरहेको छ। बाँकी ११० सिटहरू राजनीतिक दलहरूलाई उनीहरूको मत प्रतिशतको आधारमा बाँडफाँड गरिनेछ। राजनीतिक विश्लेषकहरू भन्छन् कि वर्तमान अवस्थामा कुनै पनि दलले बहुमत प्राप्त गर्न गाह्रो देखिन्छ। अब, जनरल जीको समर्थनले सत्ताको बाटो खोल्न सक्छ।

तर नेपालमा यी चुनावहरू जेन-जी आन्दोलन र सरकारको राजीनामाको ठीक छ महिना पछि भइरहेका छन्। राजनीतिक वृत्तमा प्रश्न उठिरहेका छन्ः के जनरल जीले आन्दोलनको शीर्ष व्यक्तित्वको रूपमा उभिएका बालेन्द्र शाहलाई समर्थन गर्नेछन्, वा यो गुटले सत्ताबाट निकालिएका पुराना राजनीतिक दलहरूलाई समर्थन गर्नेछन्? यदि नयाँ दल सत्तामा आयो भने, यसले भारत-चीन सम्बन्धमा सन्तुलन कायम राख्ने महत्वपूर्ण चुनौतीको सामना गर्नेछ। प्रश्न यो पनि उठ्छः के नेपालको लामो समयदेखिको असंलग्न नीति चुनाव पछि कायम रहनेछ?यद्यपि, राजनीतिक विश्लेषकहरू विश्वास गर्छन् कि यस चुनावको नतिजाले यो सन्तुलनमा उल्लेखनीय प्रभाव पार्ने छैन। यो किनभने जुनसुकै दल सत्तामा आए पनि, भारत र चीन बीच सन्तुलन कायम राख्न बाध्य हुनेछ।

नेपालमा बिहीबार भएको मतदानपछि हिजो राति अबेर मतगणना सुरु भएको छ। प्रारम्भिक प्रवृत्तिले काठमाडौंका पूर्व मेयर तथा ऱ्यापर बालेन्द्र शाह, जसलाई बालेन शाह पनि भनिन्छ, को राष्ट्रिय स्वतन्त्र पार्टीले उल्लेखनीय अन्तरले अग्रता लिएको देखाएको छ। यो नेपालको पहिलो आम चुनाव हो, जुन हिंसात्मक जेन जेड विरोध प्रदर्शन पछि भएको थियो जसले अघिल्लो सरकारलाई ढाल्यो र नयाँ चुनाव गराउन बाध्य बनायो। अहिलेसम्मको प्रवृत्तिलाई हेर्दा, आरएसपीले भारी बहुमतका साथ अर्को सरकार बनाउने निश्चित देखिन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टी नेपालको एक मध्यमार्गी राजनीतिक दल हो। यो दलले संवैधानिक समाजवाद, बजार समाजवाद, प्रगतिवाद, सहभागितामूलक लोकतन्त्र, आर्थिक उदारवाद र राजनीतिक स्वतन्त्रतालाई समर्थन गर्दछ। यो जुन २०२२ मा रवि लामिछानेद्वारा स्थापना गरिएको थियो र जुलाई २०२२ मा निर्वाचन आयोगमा दर्ता भएको थियो। २०२२ को चुनावमा, आरएसपी चौथो ठूलो राष्ट्रिय दल बन्यो। पार्टी दुई पटक प्रचण्ड सरकारमा साझेदार थियो, पहिलो डिसेम्बर २०२२ देखि फेब्रुअरी २०२३ सम्म र दोस्रो मार्च २०२४ देखि जुलाई २०२४ सम्म। आरएसपीले यसको अन्य कुनै संगठन नहुने, यसको कुनै कार्यकर्ता नहुने, यसका सदस्यहरू मात्र हुने बताएको छ।

नेपालमा बालेन्द्र शाह, गगन थापा, केपी शर्मा ओली र पुष्पकमल दाहाल लगायत धेरै नेताहरू प्रधानमन्त्री पदको दौडमा छन्, तर बालेन्द्र शाह अग्रपंक्तिमा छन्। झापा-५ सिटबाट आरएसपीको टिकटमा उम्मेदवार बनेका शाहले पूर्वप्रधानमन्त्री ओलीलाई कडा चुनौती दिइरहेका छन्। जेन-जी आन्दोलनले ओलीलाई प्रधानमन्त्री पदबाट राजीनामा दिन बाध्य पारेको थियो। ऱ्यापरबाट राजनीतिज्ञ बनेका शाह काठमाडौंका पूर्वमेयर हुन्।

नेपाल हालैका वर्षहरूमा राजनीतिक अस्थिरताबाट पीडित छ, धेरै सरकार परिवर्तनहरू भएका छन्। त्यसैले, देशका जनता अब स्थिर सरकारको आशामा छन्। राजनीतिक अस्थिरताले बेरोजगारी र भ्रष्टाचार लगायतका समस्याहरू बढाएको छ। यसबाहेक, जेन-जी विद्रोहले छिमेकी देशहरूसँगको सम्बन्ध बिगारेको छ। त्यसैले, भारतसँगै, चीनले पनि यस चुनावमा गहिरो चासो लिइरहेको छ। यसले नेपाललाई चुनाव सहज बनाउन ४० लाख डलर सहायता प्रदान गरेको छ, तर शर्त यो छ कि यो पैसा चुनावसँग सम्बन्धित उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्छ।

नेपालमा भएको यो चुनाव केही महिना अघि भएको जेन जेड क्रान्तिको तार्किक परिणाम हो, जुन नेपालको इतिहासको सबैभन्दा ठूलो र विश्वको लागि एक विशाल र प्रेरणादायी घटना थियो। धेरै महादेशका टाढा-टाढाका देशहरूमा नेपालको झण्डा फहराइएको थियो।

नेपाल क्रान्तिहरूको देश हो। बहुदलीय लोकतन्त्रको लागि क्रान्ति। गणतन्त्रको लागि क्रान्ति। संघीयताको लागि क्रान्ति। भ्रष्टाचार, कुशासन र सिन्डिकेट शासन विरुद्धको जेनेरेसन जेड क्रान्ति।

बालेन शाह इतिहासमा नेपालबाट उदय हुने सबैभन्दा आशाजनक राजनीतिज्ञहरू मध्ये एक हुन्। दशकौं अघि संसदीय चुनावमा उत्रँदा अमिताभ बच्चनले इलाहाबादमा उस्तै प्रतिक्रिया पाएका थिएनन्। चुनावी अभियानमा बालेनको उपस्थितिले देशका सबै भागहरूलाई ऊर्जा प्रदान गऱ्यो। मतपेटिकामा जित्नु अघि नै उनले राष्ट्रलाई एकताबद्ध गरे।उनी मधेसी मूलका हुन्, तर उनी काठमाडौंमा जन्मिएका र हुर्केका थिए। उनी अरू जत्तिकै नेवार हुन्। उनी यही समुदायका हुन्।

जेनेरेसन जेड क्रान्ति नेपालको सबैभन्दा ठूलो क्रान्ति हो, किनभने नेपालका युवाहरूले भारत, चीन वा संयुक्त राज्य अमेरिकामा नभई विश्वमा कतै नभएको कुराको माग गरेका छन् - भ्रष्टाचारमुक्त देश।

आरएसपीले आफ्नो चुनावी घोषणापत्रलाई "बाचा पत्र" नाम दिएको छ। यसले नेपाललाई मध्यम आय भएको देशको रूपमा परिकल्पना गरेको छ। पार्टीले आईटी निर्यातलाई प्राथमिकता दिन्छ र आगामी १० वर्षमा ३० अर्ब डलर पुऱ्याउने लक्ष्य राखेको छ। यसले पुरानो राजनीतिक प्रणालीलाई भ्रष्टाचारमुक्त गर्न १९९० देखिका सबै सार्वजनिक सम्पत्तिहरूको लेखा परीक्षण गर्ने वाचा पनि गर्दछ। आफ्नो "नेपाल पहिलो" नीति अन्तर्गत, पार्टीले परम्परागत कूटनीतिभन्दा बाहिर गएर योग्यतामा आधारित ऊर्जा कूटनीति र डिजिटल सार्वभौमिकतामा जोड दिएको छ। समग्रमा, आरएसपीले भ्रष्टाचारमुक्त र भविष्यतिर हेर्ने नेपाल निर्माण गर्न खोजेको छ।

नेपाललाई भ्रष्टाचारमुक्त बनाउन सम्भव छ। भ्रष्टाचार यस्तो क्यान्सर हो कि यदि नेपालले यो नीतिगत प्रस्ताव अपनायो र विश्वको पहिलो भ्रष्टाचारमुक्त देश बन्ने निर्णय गऱ्यो भने, यसले आफूलाई विकसित राष्ट्र बन्ने बाटोमा पनि उभ्याउनेछ। आर्थिक वृद्धिदर तीव्र हुनेछ। समृद्धि अझ छिटो अनुभव हुनेछ, किनकि नगदरहित अर्थतन्त्रको प्रस्तावले सबै नागरिकहरूको लागि निःशुल्क शिक्षा र स्वास्थ्य सेवा सम्भव बनाउने देखिन्छ।

सबैभन्दा महत्त्वपूर्ण प्रश्न यो हो कि नेपालका मतदाताहरूले धेरै राजनीतिक अनुभव नभएका बालेन्द्र शाहलाई प्रधानमन्त्रीको रूपमा चुन्छन् कि चुन्दैनन् भन्ने कुरा हो। राजनीतिक विश्लेषकहरू भन्छन् कि यस प्रश्नको उत्तर पार्टीको समर्थनमा निर्भर गर्दछ। यो हेर्न बाँकी छ कि जनसंख्याको यो भागले नयाँ अनुहारहरूलाई विश्वास गर्नेछ वा सत्ताबाट हटाउन हिंसात्मक विरोध प्रदर्शन गर्ने राजनीतिक दलहरूलाई समर्थन गर्नेछ।

मुद्दाहरूको सन्दर्भमा, भ्रष्टाचार, बेरोजगारी र आर्थिक मन्दी सबैभन्दा महत्त्वपूर्ण मुद्दाहरूको रूपमा देखा परेको छ। यसबाहेक, नेपाली कांग्रेसले सरकारी अधिकारीहरूको सम्पत्तिको अनुसन्धानको लागि आह्वान गरेको छ। अन्य धेरै दलहरूले रोजगारीका अवसरहरू सिर्जना गर्ने र सामाजिक असमानतालाई सम्बोधन गर्ने वाचा गरेका छन्। यो चुनाव नेपालको इतिहासमा एउटा महत्वपूर्ण मोड साबित हुन सक्छ। यस चुनावको उद्देश्य सरकार परिवर्तन गर्नु मात्र होइन तर जनता र नेताहरू बीचको विश्वास पुनर्स्थापित गर्नु हो। पार्टीको लागि, यो विरोधबाट सहभागितामा सर्ने अवसर हो। चुनावी नतिजाले नेपालको भविष्य र छिमेकी देशहरूसँगको सम्बन्ध निर्धारण गर्नेछ।

राष्ट्रले एउटा महत्त्वपूर्ण मतदानको सामना गरेको छ  जसले परम्परागत राजनीतिक वर्गलाई युवाहरूको हित, संरचनात्मक सुधारको तत्काल आवश्यकता र अस्थिरताले चिनिने को विरुद्धमादेशमा निष्पक्ष र समृद्ध भविष्यको चाहनामा केन्द्रित उम्मेदवारहरूको नयाँ फसल खडा गऱ्यो। नेपालको लागि यो निर्णायक क्षणले भ्रष्टाचार, आर्थिक स्थिरता र निरन्तर सामाजिक असमानताप्रति गहिरो जनताको असन्तुष्टिलाई प्रतिबिम्बित गर्दछ - ती कारकहरू जुन दुःखद विद्रोह र त्यसपछिको नवीकरणको लागि उत्प्रेरक थिए।

नेपालका जनरल जेड एक प्रभावशाली राजनीतिक अभिनेताको रूपमा देखा परेका छन्, जसले परिवर्तनलाई अगाडि बढाइरहेको छ र यथास्थितिलाई चुनौती दिइरहेको छ। व्यापक भ्रष्टाचार र अवसरहरूको अभाव देखेका युवा मतदाताहरूले व्यापक विरोध प्रदर्शनहरू मार्फत आफ्नो असन्तुष्टि व्यक्त गरेका छन् र अब चुनावमा, शासनको पुरानो ढाँचाबाट निश्चित रूपमा विच्छेदको माग गरिरहेका छन्। तिनीहरू जनसंख्यालाई असर गर्ने सामाजिक र आर्थिक समस्याहरू, विशेष गरी योग्य युवाहरूको लागि रोजगारीको अभावलाई सम्बोधन गर्न सक्षम थप पारदर्शी र प्रभावकारी सरकारको माग गर्छन्, जसले चिन्ताजनक ब्रेन ड्रेनमा योगदान पुऱ्याउँछ।

युवा आन्दोलनले बढी जवाफदेहिता र सामाजिक न्याय सुनिश्चित गर्न राजनीतिक संस्थाहरूको व्यापक सुधारको आवश्यकतामा जोड दिन्छ। परम्परागत राजनीतिप्रतिको मोहभंग र उनीहरूको हितको प्रतिनिधित्व गर्ने नेताहरूको खोजी यस पुस्ताको चुनावमा व्यापक सहभागिताको पछाडिको प्रेरक शक्ति हो। नेपालले अझ आशाजनक र समतामूलक भविष्य निर्माण गरेको हेर्ने चाहना युवा पुस्तामा दृढतापूर्वक प्रतिबिम्बित हुन्छ, जो आफ्नो आकांक्षा पूरा गर्न सकिने देशको चाहना गर्छन्।

युवा मतदाताहरूले विगतका गठबन्धनहरूको विशेषता रहेको "अपवित्र गठबन्धन" र "खराब शासन" बाट उल्लेखनीय थकान प्रदर्शन गरेका छन्। तिनीहरू आफ्नो दैनिक जीवनलाई असर गर्ने समस्याहरूको प्रतिनिधित्व र ठोस समाधान चाहन्छन्। काठमाडौं र नेपालभरका अन्य शहरहरूमा मतदान गर्न आएका नागरिकहरूसँगको धेरै कुराकानीमा, यो चुनावले वास्तविक राजनीतिक नवीकरण ल्याउने आशा स्पष्ट छ। जनसंख्याको आवश्यकताहरू पूरा गर्न र सबैका लागि समान विकासलाई प्रवर्द्धन गर्न सक्ने थप पारदर्शी र परिणाममुखी नीतिहरूको माग छ।

नेपाली मतदाताहरू, विशेष गरी जनरल जेडले, देशको राजनीतिलाई ऐतिहासिक रूपमा आकार दिने "अपवित्र गठबन्धनहरू" प्रति स्पष्ट असन्तुष्टि प्रदर्शन गरेका छन्। यी गठबन्धनहरू, प्रायः सुविधा र स्पष्ट वैचारिक पङ्क्तिबद्धता बिना, सरकारको अप्रभावकारीता र भ्रष्टाचारको निरन्तरताको कारणको रूपमा हेरिन्छ। जनताले राजनीतिक अभिजात वर्ग र उनीहरूको सर्कललाई फाइदा पुऱ्याउने पछाडिको सम्झौता मात्र नभई, अझ पारदर्शी राजनीति र उनीहरूको हितको प्रतिनिधित्व गर्ने दलहरू चाहन्छन्। सार्वजनिक व्यवस्थापनमा इमानदारीको चाहना मतदाताहरूमा सर्वसम्मत छ।

स्थिर र जवाफदेही सरकारहरूको खोजी धेरै नागरिकहरूको प्राथमिकता थियो, जसले राजनीतिक अस्थिरतालाई विकासको बाधाको रूपमा हेर्छन्। सरकारहरूको निरन्तर परिवर्तन र गठबन्धनहरूको कमजोरीले दीर्घकालीन नीतिहरूको कार्यान्वयन र देशको लागि आवश्यक परियोजनाहरूको निरन्तरतालाई रोक्छ। यो परिदृश्यले अविश्वास र निराशाको दुष्चक्र सिर्जना गर्दछ, जहाँ मतदाताहरू असहाय र सक्रिय आवाज बिना महसुस गर्छन्। हालको चुनावलाई यो ढाँचा तोड्ने र स्थिरता र सामाजिक प्रगतिको नयाँ युगमा प्रवेश गर्ने अवसरको रूपमा हेरिन्छ।

मतदान सम्पन्न भई मतगणना सुरु भइसकेको अवस्थामा, नेपालले नयाँ संसदको संरचनालाई परिभाषित गर्ने अन्तिम नतिजाको लागि तीव्र प्रतिक्षाको अवधि अनुभव गरिरहेको छ। म्यानुअल गणना प्रक्रिया र मतपत्र ढुवानीको जटिलताले निर्वाचितको घोषणा हुन दिनहरू लाग्ने ग्यारेन्टी दिन्छ, जसले गर्दा देश स्थिर अवस्थामा पुग्छ। यो समय नयाँ गठबन्धनहरूको गठन र देशको शासन क्षमताको बारेमा छलफलको लागि महत्त्वपूर्ण छ, जहाँ जेनेरेसन जेडको आवाज विगतका बाधाहरूबाट मुक्त र विकास र सामाजिक न्यायमा केन्द्रित फरक भविष्यको आकांक्षामा ठूलो र स्पष्ट रूपमा प्रतिध्वनित हुन्छ ।

नतिजाहरू, जब जारी हुन्छन्, नयाँ प्रतिनिधिहरूको नाम मात्र लिने छैनन् तर नवीकरण आन्दोलनहरूको शक्ति र नयाँ प्रस्तावहरूप्रति मतदाताहरूको ग्रहणशीलतालाई पनि संकेत गर्नेछन्। परम्परागत दलहरूले स्वतन्त्र व्यक्तित्वहरूको उदय र युवाहरूको दबाबलाई कसरी प्रतिक्रिया दिन्छन् भन्ने कुरा अर्को सरकारको गठनको लागि निर्णायक हुनेछ। आशा छ कि यो चुनाव नेपालको राजनीतिक मार्गमा एक मोड साबित हुनेछ, जसले ठूलो स्थिरता र प्रगतिको परिदृश्यको लागि मार्ग प्रशस्त गर्नेछ, वा, कम्तीमा, वर्तमान राजनीतिक अभ्यासहरूको गहन पुनर्मूल्याङ्कन गर्नेछ।

चुनाव सकिएको छ। मतगणना सुरु भएको छ। धेरैजसो मानिसहरूले बालेनको विजयको भविष्यवाणी गरिरहेका छन्। देशको हरेक भागमा उनको वरिपरि भेला भएको उत्साहजनक भीडको आधारमा, धेरैजसोले भारी बहुमतको भविष्यवाणी गरिरहेका छन् ।

# देशभरि रास्वपाको अग्रता

## इरान आक्रमणमा ज्यान गुमाएका श्रेष्ठको शव नेपाल ल्याइयो



गोरखा। संयुक्त अरब इमिरेट्सको अबुधाबीमा इरानको आक्रमणमा परी ज्यान गुमाएका गोरखाको भीमसेन थापा गाउँपालिका-७ बोर्लाङ ठाँटीका दिवस श्रेष्ठको शव शनिबार नेपाल ल्याएर अन्येष्टी गरिएको छ। नेपाली दूतावास अबुधाबीको पहलमा एयर अरेबियाको उडानमार्फत श्रेष्ठको शव नेपाल ल्याइएको हो।

मृतकको शव पशुपति आर्यघाटमा शनिबारै अत्येष्टी गरिएको भीमसेन थापा-७ का वडाध्यक्ष नारायण श्रेष्ठले जानकारी दिनुभयो। उनन्तिस वर्षीय श्रेष्ठको अबुधाबीस्थित जायद अन्तरराष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा भएको घटनामा परी गएको आइतबार निधन भएको थियो।अबुधाबीमा रहेको मिडिल इष्ट कम्पनीमा सुरक्षागार्डका रूपमा कार्यरत श्रेष्ठ तीनवर्ष अघि वैदेशिक रोजगारीको सिलसिलामा त्यहाँ जानुभएको थियो। गत असोजमा नेपाल आएर उहाँ पुनःदुबई फर्कनुभएको थियो। मृतक श्रेष्ठको बुवा, आमा र एक बहिनी छन्।रासस

## समानुपातिकमा रास्वपाको अग्रता

काठमाण्डु।प्रतिनिधिसभाको सदस्य निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को अग्रता कायम छ।


निर्वाचन आयोगका अनुसार हालसम्म पाँच लाख ७९ हजार ३१० मत गणना हुँदा रास्वपाले तीन लाख १० हजार ४७६ मत प्राप्त गरेको छ। यस्तै, नेपाली कांग्रेसले ९४ हजार २०८, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले ७६ हजार ५९ मत प्राप्त गरेको छ।

यसैगरी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले २२ हजार ४२७, राष्ट्रिय प्रजातन्त्र पार्टीले २४ हजार ५०५, श्रम संस्कृति पार्टीले १२ हजार तीन, राष्ट्रिय परिवर्तन पार्टीले आठ हजार १०४, नेपाल मजदुर किसान पार्टीले दुई हजार २२५ मत, जनता समाजवादी पार्टी (जसपा) नेपालले दुई हजार २५७, प्राप्त गरेका छन्।रासस

## झापा-५ बाट रास्वपाका वरिष्ठ नेता शाह निर्वाचित

भद्रपुर। झापा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ५ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह निर्वाचित हुनुभएको छ।

निर्वाचन अधिकृतको कार्यालयले दिएको जानकारीअनुसार उहाँले ६८ हजार ३४८ मत प्राप्त गर्नुभएको



छ। निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले १८ हजार ७३४ प्राप्त गर्नुभएको छ। यहाँ श्रम संस्कृति पार्टीका समिर तामाङले नौ हजार २३३, नेपाली कांग्रेसकी मन्धरा चिमरियाले एक हजार ८२१, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मीप्रसाद सङ्गौलाले एक हजार ५३६ मत प्राप्त गर्नुभयो।

यस क्षेत्रमा कुल एक लाख ६३ हजार ३७९ मतदाता रहेकामा एक लाख छ हजार ५६८ मत खसेको थियो।रासस

काठमाण्डु। फागुन २१ गते सम्पन्न प्रतिनिधीसभा चुनावको मतगणना भइरहदा देशभरिमा राष्टिय स्वतन्त्र पार्टीबाट विजयी हुनेको संख्या बढ्दो रहेको छ। रास्वपाबाट समाचार लेखुन्जेल सम्ममा ६८ ठाउमा जीत र ६५ ठाउमा अग्रता लिएको अवस्था छ।

### नवलपुर-२ मा रास्वपाका खनाल विजयी

नवलपुर प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मनिस खनाल ४१ हजार ३४७ मतसहित विजयी हुनुभएको छ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार उहाँले नेकपा (एमाले) का तिलक महतलाई २५ हजार ५९२ मत अन्तरले पाराजित गर्नुभयो। महतले १५ हजार ७५५ मत प्राप्त गर्नुभएको छ भने नेपाली कांग्रेसका ओमबहादुर घर्तीले १४ हजार ७१३ मत प्राप्त गर्नुभएको छ। यस क्षेत्रमा ७९ हजार ८०२ मत खसेको थियो।

### सर्लाही-१ मा रास्वपाकी नीतिमा कार्की निर्वाचित

सर्लाही प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की नीतिमा भण्डारी कार्की निर्वाचित हुनुभएको छ।

निर्वाचन अधिकृत टीकाबहादुर थापाका अनुसार भण्डारी ३६ हजार ३१० मतान्तर अर्थात् ४४ हजार १८१ मतसहित विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका शम्भुलाल श्रेष्ठले सात हजार ८७१ प्राप्त गर्नुभएको छ।

यहाँ नेकपा (एमाले) का मनोजकुमार देवकोटाले छ हजार १०१, नेपाली कम्युनिष्ट पार्टीका प्रमोद साहले पाँच हजार ४९८ र जनता समाजवादी पार्टी (जसपा) नेपालका रामप्रकाश चौधरीले तीन हजार ९९१ मत प्राप्त गर्नुभएको छ। यहाँ ७९ हजार २०७ मत खसेको थियो।

### बारा-१ मा रास्वपाका धिताल विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बारा निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार गणेश धिताल निर्वाचित हुनुभएको छ। निर्वाचन अधिकृत शम्भु बस्नेतका अनुसार सम्पन्न मतगणनामा धितालले ३९ हजार ९९८ मत प्राप्त गर्नुभएको हो।

उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका शम्भु बुढाथोकीले १४ हजार २२३, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अच्युत मैनालीले ११ हजार ६४५ मत प्राप्त गर्नुभएको छ। यस निर्वाचन क्षेत्रमा एक लाख २३ हजार ९८५ मतदाता रहेकामा ८० हजार ५८१ मत खसेको निर्वाचन कार्यालयले जनाएको छ। मतगणनाका क्रममा पाँच हजार २९६ मत बदर भएको थियो।

### सर्लाही-२ मा रास्वपाका महतो विजयी

सर्लाही प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का रविन महतो ४२ हजार ५१२ मतसहित विजयी हुनुभएको छ। मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाका अनुसार महतोका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका महिन्द्रराय यादवले आठ हजार ५२३ मत प्राप्त गर्नुभएको छ।

यहाँ, नेपाली कांग्रेसका डा सरोज कुमारले सात हजार ३९, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्षसमेत रहनुभएका राजेन्द्र महतोले पाँच हजार ९९२, नेपाल सङ्घीय समाजवादी पार्टीका रजी अहमद्ले दुई हजार २८३, नेपालका लागि नेपाली पार्टीका कृष्ण यादवले दुई हजार २२७ र नेकपा (एमाले) का नागेश्वर साहले एक हजार ६६३ मत प्राप्त गर्नुभएको छ। यस क्षेत्रमा कुल एक लाख २५ हजार ३११ कूल मतदाता रहेकामा ७७ हजार ७८९ मत खसेका थिए।

### सुर्खेत-२ मा रास्वपाका सापकोटा विजयी

सुर्खेत प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का रमेशकुमार सापकोटा विजयी हुनुभएको छ।

मुख्य निर्वाचन अधिकृत दीपक ढकालका अनुसार सापकोटा १४ हजार ४५४ मतान्तर अर्थात् ३० हजार ८२६ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका नारायणकुमार कोइरालाले १६ हजार ३९२ मत प्राप्त गर्नुभएको छ।

यस्तै, नेकपा (एमाले) का उम्मेदवार कुलमणि देवकोटाले १३ हजार १५५ र नेपाली कम्युनिष्ट पार्टीका झकबहादुर मल्लले चार हजार ५८७ मत प्राप्त गर्नुभएको छ। यस क्षेत्रम विभिन्न १७ दलका उम्मेदवार चुनावी मैदानमा थिए। कुल एक लाख २६ हजार ४१ मतदाता रहेको यस क्षेत्रमा ७३ हजार ३५६ मत खसेको थियो। जसमा तीन हजार २७१ मत बदर भएका छन्।

### सिन्धुली-१ र २ मा रास्वपाका उम्मेदवार विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सिन्धुली क्षेत्र नं १ र २ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार निर्वाचित हुनुभएको छ।

सिन्धुली क्षेत्र नं १ रास्वपाका धनेन्द्र कार्कीले १६ हजार २६५ मत प्राप्त गरी निर्वाचित हुनुभएको क्षेत्र नं १ की निर्वाचन अधिकृत निमा घिमिरेले जानकारी दिनुभयो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रदीपकुमार कटुवाल क्षेत्रीले १५ हजार ६६८, नेपाली कांग्रेसका उज्ज्वलप्रसाद बरालले १५ हजार दुई, नेपाली कम्युनिष्ट पार्टीका डेकेन्द्रप्रसाद सुवेदीले चार हजार ६५४ र राष्ट्रिय प्रजातन्त्र पार्टीका (राप्रपा) का रामनारायण अधिकारीले ४९८ मत प्राप्त गर्नुभएको छ। सिन्धुली-१ मा कुल खसेको ५९ हजार ३०२ मतमध्ये ५६ हजार २० मत सदर भएको र तीन हजार २८२ मत बदर भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

### सिन्धुली-२ मा गजुरेल विजयी

सिन्धुली क्षेत्र नं २ मा रास्वपाका आशिष गजुरेलले १७ हजार ९४० मत प्राप्त गरी विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का लेखनाथ दाहालले १४ हजार ७८० मत प्राप्त गर्नुभयो।त्यस्तै, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मनोजजङ्ग थापाले ११ हजार ६०६, नेपाली कांग्रेसकी सुशीला थिङले छ हजार ७६० मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत कमल राज विष्टले जानकारी दिनुभयो। उहाँका अनुसार यस क्षेत्रमा कुल ५६ हजार ८०३ खसेकामा तीन हजार १४२ मत बदर भएको छ।

### डडेल्धुरामा रास्वपाका जोशी निर्वाचित

डडेल्धुराबाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार डा ताराप्रसाद जोशी निर्वाचित हुनुभएको छ। उहाँले नेपाली कांग्रेसका उम्मेदवार नैनसिंह महरलाई पराजित गर्दै संसद् यात्रा तय गर्नुभएको हो।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार डा जोशी सात हजार १० मत अन्तरले विजयी हुनुभएको छ। उहाँले १९ हजार १३१ मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी कांग्रेस उम्मेदवार महरले १२ हजार १२१ मत प्राप्त गर्नुभएको छ। यहाँ नेपाली कम्युनिष्ट पार्टीका मानसिंह मालले छ हजार ८३४ र नेकपा (एमाले) का उम्मेदवार चक्र स्नेहीले तीन हजार २६ मत प्राप्त गर्नुभएको छ।

### यस्तो छ जोशीको राजनीतिक यात्रा

जोशी यहाँ कांग्रेसको ३४ वर्षे विरासत भत्काउँदै पहिलोपटक सांसद निर्वाचित हुनुभएको हो। जोशीको जन्म विसं २०२७ चैत ३० गते भएको हो। उहाँ गन्यापधुरा गाउँपालिका-२ का स्थायी बासिन्दा हुनुहुन्छ।

विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय उहाँ लामो समय विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनसँग जोडिँदै आउनुभएको छ। उहाँको राजनीतिक यात्रा विसं २०४५ मा अनेरास्ववियुको प्रारम्भिक कमिटी सदस्यका रूपमा सुरु भएको थियो।विसं २०४८ मा शिक्षण पेसामा रहँदा उहाँ शिक्षक सङ्गठनमा आबद्ध हुनुभएको थियो। विसं २०५१ मा नेकपा (एमाले) डडेल्धुरा-काठमाडौँ सम्पर्क मञ्चको सदस्य बनेर पार्टी राजनीतिमा सक्रिय हुनुभएका जोशी विसं २०५३ मा नेकपा (एमाले) डडेल्धुरा जिल्ला कमिटी सदस्य र विसं २०५४ मा जिल्ला कमिटी सचिव बन्नुभयो।

विसं २०५५ तिर राजनीतिक जिम्मेवारीसँगै पत्रकारितामा सक्रिय बन्नुभएक उहाँ कञ्चनपुरबाट प्रकाशन हुने 'शिखा' साप्ताहिकको प्रमुख सम्पादकसमेत हुनुभएको थियो। जोशी २०६९ सालमा एमाले डडेल्धुराको जिल्ला अध्यक्षसमेत हुनुभयो। राजनीतिक गतिविधिसँगै उहाँले लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभयो। विशेषगरी २०६२/०६३ को जनआन्दोलनमा उहाँको सक्रिय सहभागिता रहेको बताइन्छ। राजनीतिमा भने उहाँले उतार-चढाव भोग्नुभयो। विसं २०७० को संविधानसभा सदस्य निर्वाचनमा उहाँ नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवासँग पराजित हुनुभएको थियो भने २०७४ को प्रदेशसभा निर्वाचनमा कर्णबहादुर मल्लसँग हार बेहोर्नुभयो।विसं २०७९ मा मा भने जोशी स्वतन्त्र उम्मेदवारका रूपमा प्रतिस्पर्धा गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभयो। विसं २०७८ सालतिर एमाले परित्याग गरेका जोशी त्यसपछि स्वतन्त्र रूपमा राजनीतिकमा सक्रिय हुनुभएको थियो।

गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनपछि सरकार परिवर्तनको माग चर्किएपछि उहाँले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिँदै प्रतिनिधिसभा निर्वाचनमा होमिनुभएको हो। राजनीतिशास्त्र र अर्थशास्त्रमा नेपालबाट स्नातक गरेका जोशीले भारतको जवाहरलाल नेहरू विश्वविद्यालयबाट अन्तरराष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि (पीएचडी) हासिल गर्नुभएको छ। अन्तरराष्ट्रिय सम्बन्ध, विकास नीति, उद्यम विकास, सार्वजनिक वित्त, सार्वजनिक प्रशासन तथा मानवअधिकारका क्षेत्रमा उहाको अनुभव छ।

### रूपन्देही-१ मा रास्वपाका लम्साल विजयी

रुपन्देही प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सुनिल लम्साल विजयी हुनुभएको छ। निर्वाचन अधिकृतको कार्यालयले शनिबार सार्वजनिक गरेको अन्तिम परिणामअनुसार लम्साल ५४ हजार ८४५ मतसहित विजयी हुनुभयो।

उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका हिराबहादुर खत्रीले ११ हजार ९८२ मत प्राप्त गर्नुभएको छ भने राप्रपाका प्रज्वल बोहराले आठ हजार ३०१ मत प्राप्त गर्नुभएको छ।

यस क्षेत्रमा एक लाख ४३ हजार ८२४ मतदाता रहेकामा ६६ हजार ३७७ ले मतदान गरेका थिए।

### दैलेख-२ मा एमालेका पोखरेल विजयी

दैलेख प्रतिनिधिसभा सदस्य निर्वाचन नं २ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार लक्ष्मीप्रसाद पोखरेल निर्वाचित हुनुभएको छ।

निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम मत परिणामअनुसार पोखरेल १३ हजार ८८९ मत प्राप्त गरी विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका दिक्पालकुमार शाहीले नौ हजार ५५२ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत लोकहरि कँडेलले जानकारी दिनुभयो।

यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका बखत शाहीले छ हजार ७९७, नेपाल कम्युनिष्ट पार्टीका योगेन्द्र शाहीले तीन हजार ८५१, नेपाल मजदुर किसान पार्टीका बखत थापाले एक हजार ५१२ र राष्ट्रिय प्रजातन्त्र पार्टीकी बबिता शाहीले ३३७ मत प्राप्त गर्नुभएको छ।नेकपा (माओवादी) का कमल सिंहले ३३७ र राष्ट्रिय जनमोर्चाका कमल बरै मगरले १०१ मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

### रुपन्देही-५ मा रास्वपाका खान विजयी

रुपन्देही प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीका तौफिक अहमद खान विजयी हुनुभएको छ।

निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम परिणामअनुसार खानले ३८ हजार ८०६ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का खीमलाल भट्टराईले १३ हजार १००, नेपाली कांग्रेसका भरतकुमार शाहले १२ हजार ६२४, नेपाल कम्युनिष्ट पार्टीका मोहम्मद वकिल मुसलमानले छ हजार १७६ मत प्राप्त गर्नुभएको छ।उक्त निर्वाचन क्षेत्रमा एक लाख ३४ हजार ४४२ मतदाता रहेकामा ८१ हजार ३५ मत खसेको थियो।

### ललितपुर-३ बाट रास्वपाकी डा कार्की निर्वाचित

ललितपुर निर्वाचन क्षेत्र नं ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की उम्मेदवार डा तोसिमा कार्की निर्वाचित हुनुभएको छ। उहाँ ४३ हजार ९६ मतका साथ विजयी हुनुभएको मुख्य निर्वाचन पुनाराम खनालले जानकारी दिनुभयो।

उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार जितेन्द्रकुमार श्रेष्ठले नौ हजार ४५ मत प्राप्त गर्नुभएको छ भने नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार राजकाजी महर्जनले छ हजार २२ मत प्राप्त गर्नुभयो। एक लाख दुई हजार ४३६ मतदाता रहेको ललितपुर-३ मा ६९ हजार ३९१ मत खसेको थियो। यस निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्रसमेत गरी २० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्थ्यो।





### कञ्चनपुर-२ मा रास्वपाका बोहरा विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार दीपकराज बोहरा फराकिलो मतान्तरसहित विजयी हुनुभएको छ। उहाँले ३३ हजार ९५२ मत ल्याउनु भएको छ भने उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका नारायणप्रकाश साउदले १० हजार ८२७ मत ल्याउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार बचनबहादुर सिंहले छ हजार ४१८ मत ल्याउनुभएको छ भने नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार माधवप्रसाद पन्तले छ हजार ३३७ मत प्राप्त गर्नुभएको छ।राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार तीर्थराज चटौतले एक हजार ९९३ मत प्राप्त गर्नुभएको छ। निर्वाचन अधिकृतको कार्यालय, प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ का निर्वाचन अधिकृत प्रकाशबहादुर भण्डारीले आज उम्मेदवार बोहरालाई प्रमाण पत्र हस्तान्तरण गर्दै विजयी भएकामा शुभकामना व्यक्त गर्नुभयो।

सोही क्रममा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइराला, जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी उपरीक्षक खडक खत्रीलगायतले बोहरालाई बधाई तथा शुभकामना दिनुभयो। प्रतिनिधिसभा सदस्यमा नवनिर्वाचित बोहराले जनताको आशा र विश्वासमा खरो उत्रिने र जनहितमा काम गर्ने प्रतिबद्धता जनाउनुभयो। कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा कूल मतदाता सङ्ख्या एक लाख नौ हजार ५७४ रहेकामा ६४ हजार ८८१ मत खसेको थियो।

### सप्तरी-४ मा रास्वपाका साह विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सप्तरी-४ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार सीताराम साह विजयी हुनुभएको छ।

निर्वाचन अधिकृत विष्णुप्रसाद आचार्यले अन्तिम मतपरिणाम अनुसार रास्वपाका साहले ३६ हजार ४१२ मत प्राप्त गरी विजय हासिल गर्नुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका तेजुलाल चौधरीले १३ हजार १०३ मत प्राप्त गर्नुभयो।

जनता समाजवादी पार्टी, नेपालका बबी सिंहले १० हजार २८० मत ल्याउनुभएको छ भने नेपाल कम्युनिष्ट पार्टी (एमाले)की रुवीकुमारी कर्णले एक हजार ७०९ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

### मोरङ–५ मा रास्वपाकी झा निर्वाचित

मोरङ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी आशाकुमारी झा निर्वाचित हुनुभएको छ।निर्वाचन अधिकृत कार्यालय क्षेत्र नं ५ का अधिकृत मदनप्रसाद पराजुलीका अनुसार पछिल्लो अन्तिम मतगणनाको परिणामअनुसार उहाँ ३० हजार ४३४ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ।

यहाँ नेपाली कांग्रेसका फुलकुमार लालवानीले नौ हजार ४१५, जनता समाजवादी पार्टी (जसपा), नेपालका राजकुमार यादवले आठ हजार ७४७, नेपाली कम्युनिष्ट पार्टीका शिवकुमार मण्डलले आठ हजार ६१४, नेकपा (एमाले) का मनोजकुमार अग्रवालले छ हजार ९४५, राष्ट्रिय ऊर्जाशिल पार्टी नेपालका योगेन्द्र मण्डलले चार हजार १९९ र राप्रपाका कुमोद रायले ५४९ मत प्राप्त गर्नुभएको थियो।यस निर्वाचन क्षेत्रमा एक लाख १० हजार १७७ मतदाता भएकामा ७८ हजार ५२९ मत खसेको थियो। यहाँ विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी २२ जना प्रत्यासी हुनुहुन्थ्यो।

### झापा-३ बाट रास्वपाका पाठक विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा क्षेत्र नं ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रकाश पाठक विजयी हुनुभएको छ। उहाँले ३८ हजार ६७४ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

सो क्षेत्रमा राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्रप्रसाद लिङ्देनले १७ हजार २९४, नेपाली कांग्रेसका राजेन्द्र कुमार घिमिरेले आठ हजार १९९, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का हरिबहादुर राजवंशीले सात हजार ४९२, श्रम संस्कृति पार्टीका दीपक तिम्सिनाले सात हजार ३३९ मत प्राप्त गर्नुभयो। यस क्षेत्रमा कूल एक लाख ४० हजार ८५७ मतदाता रहेकामा ८८ हजार ५६१ मत खसेको थियो।

### गुल्मी-१ मा रास्वपाका ढकाल विजयी

गुल्मी प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सागर ढकाल विजयी हुनभएको छ। शनिबार दिउँसो सम्पन्न अन्तिम मतपरिणामअनुसार १४ हजार ४६१ मतान्तरसहित ढकाल निर्वाचित हुनुभएको हो।मुख्य निर्वाचन अधिकृत कृष्णप्रसाद पौडेलका अनुसार ढकालले २९ हजार ६४२ मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) उम्मेदवार ज्ञवालीले १५ हजार १८१ मत प्राप्त गर्नुभएको थियो।

यस्तै, नेपाली कांग्रेसका उम्मेदवार चन्द्रकान्त भण्डारीले १३ हजार ५०५ र नेपाल कम्युनिस्ट पार्टीका शुदर्शन बरालले तीन हजार १६७ मत प्राप्त गर्नुभएको थियो। कुल एक लाख २२ हजार १८६ मतदाता रहेको उक्त क्षेत्रमा ६४ हजार ८२२ मत खसेकोमा ६२ हजार ८८० मत सदर भएको थियो। नवनिर्वाचित ढकाललाई मुख्य निर्वाचन अधिकृत पौडेलले विजय भएको प्रमाणपत्र प्रदान गर्नुभएको थियो। प्रमाणपत्र बुझेपछि समर्थक र कार्यकर्तालाई सम्बोधन गर्दै ढकालले रास्वपाको सरकार बनेपछि कार्की आयोगको प्रतिवेदनका दोषीलाई कारबाही गरिने बताउनुभयो।

उहाँले देशमा भष्ट्राचार नियन्त्रण र सुशासन कायम गर्नु आफ्नो पहिलो प्राथमिकता भएको बताउनुभयो। गुल्मीको सत्यवती गाउँपालिका-६ मा २०४८ साल वैशाख २८ गते जन्मिनुभएका ढकाल पेसाले इन्जिनियर हुनुहुन्छ। उहाँले विसं २०७९ को प्रतिनिधिसभा निर्वाचनमा पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवासँग डडेल्धुराबाट प्रतिस्पर्धा गर्नुभएको थियो।

### कास्कीका तीन वटै क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत कास्कीका तीन वटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का उम्मेदवार विजयी भएका छन्। आज घोषणा गरिएको अन्तिम मत परिणामअनुसार रास्वपाका उम्मेदवारले तीन वटै क्षेत्रमा फराकिलो अन्तरको जित निकालेका हुन्।

कास्की क्षेत्र नं १ मा रास्वपाका खडकराज पौडेल 'गनेस' ३९ हजार ८८३ मत ल्याएर निर्वाचित हुनुभयो। उहाँका मुख्य प्रतिस्पर्धी नेपाली कांग्रेसका तिलक रानाभाटले ११ हजार २१४ मत प्राप्त गर्नुभयो। यस्तै, नेकपा (एमाले) का वैनबहादुर अधिकारी क्षेत्रीले १० हजार ४२९ र नेपाली कम्युनिष्ट पार्टीका राजकाजी गुरुङले दुई हजार ४७९ मत प्राप्त गर्नुभयो।

यसैगरी कास्की-२ मा रास्वपाका उत्तमप्रसाद पौडेलले ३१ हजार ९११ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिस्पर्धी एमालेका रश्मी आचार्यले सात हजार ४९३ मत प्राप्त गर्नुभयो।

यस्तै, नेपाली कांग्रेसका माधव बास्तोलाले छ हजार ५०० मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत हिमलाल बेलवासेले जानकारी दिनुभयो।

कास्की-३ मा रास्वपाकी उम्मेदवार बिना गुरुङले ३७ हजार ७५० मत ल्याएर विजयी हुनुभयो। निकटतम प्रतिस्पर्धी कांग्रेसका मनोज गुरुङले १२ हजार ७८० र एमालेका दामोदर पौडेल सात हजार ९०६ मत प्राप्त गर्नुभयो।कास्कीमा कुल तीन लाख आठ हजार ५७२ मतदाता रहेकामा एक लाख ८८ हजार ७६ मत खसेको थियो। प्रदेश निर्वाचन कार्यालयका अनुसार कास्की-१ मा ७० हजार १५०, कास्की-२ मा ५२ हजार ५१९ र कास्की-३ मा ६५ हजार ४०७ मत खसेको थियो।

### काभ्रे–२ मा रास्वपाका भण्डारी विजयी

काभ्रेपलाञ्चोक प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार बदनकुमार भण्डारी विजयी हुनुभएको छ। मुख्य निर्वाचन अधिकत प्रेमप्रसाद न्यौपानेले भण्डारी ५३ हजार ३४४ मतसहित विजयी हुनुभएको जानकारी दिनुभयो। भण्डारी ३५ हजार ४७६ मत अन्तरले विजयी हुनुभएको हो।

उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका मधुप्रसाद आचार्यले १७ हजार ८६८ मत प्राप्त गर्नुभएको छ भने नेकपा (एमाले) का अशोककुमार ब्याञ्जुले १३ हजार ९४० र नेपाली कम्युनिष्ट पार्टीका बसुन्धरा हुमागाईले आठ हजार १०७ मत प्राप्त गर्नुभएको छ।

यस्तै, उज्यालो नेपाल पार्टीका ज्योत्सना सैंजुले तीन हजार ७४९ मत प्राप्त गर्नुभएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीका रन्जीव श्रेष्ठले एक हजार १२५, नेपाल मजदुर किसान पार्टीका मुना तामाङले ४२८, श्रम संस्कृति पार्टीका टङ्कबहादुर लामाले ४०० प्राप्त गर्नुभएको छ।

यस क्षेत्रमा विभिन्न राजनीतिक दलका १६ र स्वतन्त्र आठ जना गरी २४ जनाले प्रतिस्पर्धा गर्नुभएको थियो।

### नवलपुर-२ मा रास्वपाका खनाल निर्वाचित

नवलपरासी (बर्दघाट-सुस्तापूर्व) निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार मनिष खनाल निर्वाचित हुनुभएको छ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार उहाँले ४१ हजार ३४७ मतसहित निर्वाचित हुनुभएको हो। नेकपा (एमाले) का तिलक महतले १५ हजार ७५५ मत प्राप्त गर्नुभएको छ। यसैगरी, नेपाली कांग्रेसका ओमबहादुर घर्तीले १४ हजार ७१३ तथा नेपाली कम्युनिष्ट पार्टीका गणेशमान महतोले एक हजार ५३८ मत प्राप्त गर्नुभयो।

### कञ्चनपुर-२ मा रास्वपाका बोहरा निर्वाचित

प्रतिनिधिसभा सदस्य निर्वाचनमा कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का दीपक बोहरा विजयी हुनुभएको छ। उहाँले ३३ हजार ९५२ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत प्रकाश भण्डारीले जानकारी दिनुभयो।

उक्त क्षेत्रमा नेपाली कांग्रेसका नारायण प्रकाश साउँद (एनपी)ले १० हजार ८२७ मत, नेकपा (एमाले)का बचनबहादुर सिंहले छ हजार ४१८ मत, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का माधवप्रसाद पन्तले छ हजार ३३७ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का तिर्थराज चटौतले एक हजार ९९३ मत प्राप्त गर्नुभयो।

### अछाम-१ मा कांग्रेसका स्वाार विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनमा अछाम-१ बाट नेपाली कांग्रेसका भरतबहादुर स्वाँर विजयी हुनुभएको छ। निर्वाचन अधिकृतको कार्यालयका अनुसार स्वाँरले १० हजार ७५९ मत प्राप्त गर्नुभएको छ।

उहाँका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टीका भीमबहादुर रावलले १० हजार २३३ मत प्राप्त गर्नुभयो। कार्यालयका अनुसार नेकपा (एमाले)का दीपकबहादुर साउँदले सात हजार ३८९ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का ओमप्रकाश रावलले एक हजार ७३९ मत प्राप्त गर्नुभयो।

### लमजुङमा रास्वपाका केसी विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत लमजुङमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का धर्मराज केसी विजयी हुनुभएको छ। मुख्य निर्वाचन कार्यालय लमजुङका मुख्य निर्वाचन अधिकृत शिशिरराज ढकालका अनुसार केसीले ३३ हजार ८९८ मत प्राप्त गर्नुभयो।

नेकपा (एमाले)का पृथ्वीसुब्बा गुरुङले १६ हजार ८७६, नेपाली कांग्रेसका गमप्रसाद गुरुङले १६ हजार ५६९ र नेपाली कम्युनिष्ट पार्टीका हरिजङ्ग तामाङले तीन हजार ३७१ मत प्राप्त गर्नुभयो।

कुल एक लाख ३७ हजार १२४ मतदाता रहेको जिल्लामा ७५ हजार ४६० मत खसेको छ।

### चितवन-३ मा रास्वपाकी गौतम विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनमा चितवन क्षेत्र नम्बर ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सोविता गौतम विजयी हुनुभएको छ। उहाँले ५९ हजार २७७ मत प्राप्त गर्नुभएको निर्वाचन कार्यालयले जनाएको छ।

सो क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टीका रेनु दाहालले २० हजार ६१५, नेपाली कांग्रेसका टेकप्रसाद गुरुङले आठ हजार ३४४ र नेकपा (एमाले)का शङ्करराज थपलियाले पाँच हजार चार मत प्राप्त गर्नुभयो। यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपक थापामगरले एक हजार २२६ मत प्राप्त गर्नुभयो।

यस क्षेत्रमा कूल एक लाख ५५ हजार २१२ मतदाता रहेकामा एक लाख ३३ मत खसेको थियो। जसमध्ये तीन हजार ३७५ मत बदर भएको छ।

### रौतहट-१ मा रास्वपाका चौधरी विजयी

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत रौतहट-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का राजेशकुमार चौधरी विजयी हुनुभएको छ। शनिबार सम्पन्न मतगणनामा चौधरीले २८ हजार ९४६ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत मनोज केसीले जानकारी दिनुभयो।

उक्त क्षेत्रमा नेकपा (एमाले)का अजयकुमार गुप्ताले १० हजार ६९३ प्राप्त गर्दा नेपाली कांग्रेसका अनिल झाले आठ हजार ५७४ मत प्राप्त गर्नुभयो। साथै नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सात हजार ६६९ मत प्राप्त गर्नुभयो।

यस क्षेत्रमा एक लाख आठ हजार ७२६ मतदाता रहेकामा ७१ हजार १५६ मत खसेको थियो।

हाल रौतहटको-२, ३ र ४ मा मतगणना जारी छ। क्षेत्र नं २ मा नेपाली कांग्रेसका मो. फिरदोश आलम, क्षेत्र नं. ३ मा रास्वपाका रवीन्द्र पटेल र क्षेत्र नं. ४ मा रास्वपाकै गणेश पौडेलले अग्रता कायम राखिरहनुभएको छ।रासस

### मध्यपूर्व युद्धः

# तनाव तीव्र, आक्रमण र प्रतिआक्रमण जारी

एएफपी

वासिङ्टन । अमेरिका-इजरायल र इरानबीच चर्किएको मध्यपूर्व युद्ध अझ फैलिँदै जाँदा क्षेत्रभरि सैन्य गतिविधि तीव्र बनेको छ। खाडी क्षेत्रदेखि लेबनान, सिरिया र इराकसम्म विस्फोट, क्षेप्यास्त्र प्रहार, ड्रोन आक्रमण र सैन्य कारबाहीका खबरहरू आएका छन् भने विश्व अर्थतन्त्र र ऊर्जा आपूर्तिमा पनि यसको प्रभाव देखिन थालेको छ।

शनिबार दुबई र बहराइनको राजधानी मानामामा शक्तिशाली विस्फोटको आवाज सुनिएको एएफपीका पत्रकार हरूले जनाएका छन् । इरानले खाडी क्षेत्रका लक्ष्यहरूमा प्रतिशोधात्मक आक्रमण सुरु गरेको एक हप्तापछि यी विस्फोटहरू सुन्निएको हो । मानामामा चेतावनी साइरन बजाइएको थियो र बहराइनको गृह मन्त्रालयले सामाजिक सञ्जालमार्फत स्थानीय बासिन्दालाई नजिकको सुरक्षित स्थानमा जान आग्रह गरेको थियो।



यसैबीच अमेरिकी विदेश मन्त्रालयले इजरायललाई १२ हजार बम क्यासिङ बिक्री गर्न 'आपतकालीन' स्वीकृति दिएको जनाएको छ। विदेश मन्त्रालयको राजनीतिक-सैन्य मामिला ब्युरोका अनुसार प्रस्तावित बिक्रीले इजरायलको रक्षा क्षमता सुदृढ बनाउने, वर्तमान र भविष्यका खतराहरू सामना गर्न सहयोग गर्ने तथा क्षेत्रीय खतराविरुद्ध निवारकका रूपमा काम गर्ने अपेक्षा गरिएको छ।

इरानबाट गरिएको क्षेप्यास्त्र आक्रमणपछि इजरायली सेनाले देशभरि हवाई आक्रमणको चेतावनी जारी गरेको जनाएको छ । इरानले आफ्नो सर्वोच्च नेता आयातुल्ला अली खामेनीको हत्या र देशभरका लक्ष्यहरूमा गरिएको अमेरिका-इजरायलको संयुक्त सैन्य कारबाहीको बदला लिन इजरायलमाथि लगातार आक्रमण गरिरहेको बताइएको छ।

यसै क्रममा लेबनान-सिरिया सीमामा पनि तनाव चर्किएको छ । लेबनानी सरकारी मिडियाका अनुसार इजरायलले उक्त क्षेत्रमा अवतरण कारबाहीको प्रयास गर्दा झडप भएको थियो। तेहरान समर्थित हिजबुल्लाहले आफ्ना लडाकूहरू त्यस झडपमा संलग्न रहेको जनाएको छ । खामेनीको हत्याको बदला भन्दै हिजबुल्लाहले सोमबार इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले लेबनानमा थप सेना पठाएको थियो।

खाडी क्षेत्रमा पनि आक्रमणको प्रयास जारी रहेको छ । साउदी अरेबियाको रक्षा मन्त्रालयले अमेरिकी सैन्य कर्मचारीहरू बसोबास गर्ने एक हवाई अड्डातर्फ प्रहार गरिएको ब्यालेस्टिक मिसाइल अवरोध गरिएको जनाएको छ। राज्य समाचार एजेन्सीका अनुसार यसअघि पूर्वी क्षेत्रमा रहेको रास तनुरा रिफाइनरी लक्षित गरी गरिएको ड्रोन आक्रमणपछि इमिराती सीमासँगैको तेल क्षेत्रमा गरिएको अर्को ड्रोन आक्रमण पनि विफल पारिएको थियो।

इरानको राजधानी तेहरानमा पनि शनिबार ठूलो विस्फोट भएको इरानी राज्य प्रसारणकर्ताले जनाएको छ । त्यसपछि इजरायली सेनाले तेहरानका लक्ष्यहरूमा 'व्यापक स्तरका आक्रमण' सुरु गरिएको पुष्टि गरेको थियो। इजरायलका अनुसार इरानबाट नयाँ चरणको क्षेप्यास्त्र प्रहार भएपछि तेल अभिव क्षेत्रमा शृ्र लाबद्ध विस्फोट सुनिएका थिए।

इजरायलले इरानमाथि युद्ध सुरु भएयता 'धेरै पटक' क्लस्टर बम प्रयोग गरेको आरोप पनि लगाएको छ । यी हतियारहरू हावामा विस्फोट भएर साना बमहरू छरिने भएकाले लामो समयसम्म नागरिकका लागि जोखिमपूर्ण हुने मानिन्छ । इरान र इजरायल दुवै क्लस्टर बमको प्रयोग र उत्पादन प्रतिबन्ध गर्ने अन्तर्राष्ट्रिय महासन्धिमा सहभागी छैनन्।

यसैबीच अमेरिकाले रुसले इरानलाई खुफिया सहयोग दिएको भन्ने समाचारबारे टिप्पणी गरेको छ। वासिङ्टन पोस्टले अमेरिकी गुप्तचर अधिकारीहरूलाई उद्धृत गर्दै रुसले इरानलाई जहाज र विमानसहित अमेरिकी सैन्य सम्पत्तिको अवस्थाबारे जानकारी उपलब्ध गराएको जनाएको थियो। तर ह्वाइट हाउसले यस विषयलाई कम महत्त्व दिँदै पेन्टागन प्रमुख पीट हेगसेथले अमेरिकी कमान्डरहरू अवस्थाबारे पूर्ण रूपमा सचेत रहेको बताउनुभएको छ।

इरानले भने आफ्नो नेतृत्व चयन प्रक्रियामा अमेरिकी हस्तक्षेप अस्वीकार गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खामेनीको उत्तराधिकारी चयन प्रक्रियामा आफू संलग्न हुनुपर्ने बताउनुभएको थियो। त्यसप्रति प्रतिक्रिया दिँदै संयुक्त राष्ट्रसङ्घका लागि इरानका राजदूत अमिर सइद इरवानीले इरानको नेतृत्व चयन संवैधानिक प्रक्रिया र जनताको इच्छाअनुसार हुने स्पष्ट पार्नुभयो।

युद्ध चर्किँदै जाँदा अमेरिकाले हतियार उत्पादन बढाउने घोषणा पनि गरेको छ। ट्रम्पका अनुसार प्रमुख अमेरिकी रक्षा कम्पनीहरूले उन्नत हतियारको उत्पादन चार गुणासम्म बढाउन सहमति जनाएका छन्। अमेरिकी सेनाका अनुसार द्वन्द्व सुरु भएको पहिलो सातामै तीन हजारभन्दा बढी लक्ष्यमा प्रहार गरिएको छ।युद्धको असर विश्व अर्थतन्त्रमा पनि देखिन थालेको छ। खाडी क्षेत्रमा तेल आपूर्ति अवरुद्ध हुने आशङ्काले कच्चा तेलको मूल्य तीव्र रूपमा बढेको छ। वेस्ट टेक्सास इन्टरमिडियेट कच्चा तेलको मूल्य शुक्रबार १२ प्रतिशतले बढेर प्रति ब्यारेल ९०.९२ डलर पुगेको छ। यो साप्ताहिक रूपमा ठूलो वृद्धि मानिएको छ।

इराकमा पनि तनाव बढेको छ । रकेटहरूले बगदाद अन्तर्राष्ट्रिय विमानस्थल परिसरलाई लक्षित गरेका थिए, जहाँ सैन्य आधार र अमेरिकी कूटनीतिक सुविधा रहेका छन्। 'सराया अवलिया अल-दम' नामक छद्म समूहले उक्त आक्रमणको जिम्मेवारी लिएको दाबी गरेको छ, जसलाई इरान समर्थित इस्लामिक प्रतिरोध समूहको हिस्सा मानिन्छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले कुवेतमा इरानी ड्रोन आक्रमणमा मारिएका छ जना अमेरिकी सैनिकको पार्थिव शरीर स्वदेश फर्किने क्रममा आफू उपस्थित हुने बताउनुभएको छ । उहाँका अनुसार दक्षिणी औद्योगिक केन्द्र पोर्ट शुआइबामा भएको आक्रमणमा ती सैनिक मारिएका थिए।

दक्षिणी लेबनानमा संयुक्त राष्ट्रसङ्घको शान्ति सेनाको आधार क्षेत्रमा भएको आक्रमणमा घानाका धेरै शान्ति सैनिक घाइते भएको पनि रिपोर्ट आएको छ । आक्रमण कसले गरेको भन्ने स्पष्ट नभए पनि त्यस क्षेत्रमा इजरायल र हिजबुल्लाहबीच लगातार लडाइँ भइरहेको छ।

यसबीच ट्रम्पले युद्ध अन्त्यका लागि इरानले 'बिना शर्त आत्मसमर्पण' गर्नुपर्ने माग दोहोऱ्याउनुभएको छ। उहाँले इरानले यस्तो कदम चालेमा देशको अर्थतन्त्र पुनर्निर्माणमा सहयोग गर्ने वाचा पनि गर्नुभएको छ  यो प्रस्ताव अमेरिकाले यसअघि बताएको सैन्य उद्देश्यभन्दा अझ व्यापक भएको विश्लेषण गरिएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले भने मध्यपूर्वमा भइरहेको 'गैरकानूनी आक्रमण' को निन्दा गर्दै युद्ध नियन्त्रण बाहिर जान सक्ने चेतावनी दिनुभएको छ। उहाँका अनुसार जारी सङ्कटले ठूलो मानवीय पीडा निम्त्याइरहेको छ र विश्व अर्थतन्त्रका लागि गम्भीर जोखिम सिर्जना गरिरहेको छ।

युद्धको प्रभाव प्रमुख जलमार्ग स्ट्रेट अफ होर्मुजमा पनि देखिएको छ। एएफपीले विश्लेषण गरेको मरिन ट्राफिक डाटाअनुसार सोमबारदेखि केवल नौ तेल ट्याङ्कर, कार्गो र कन्टेनर जहाज मात्र उक्त जलमार्ग हुँदै गुज्रिएका छन् । सामान्य अवस्थामा विश्वको कच्चा तेलको करिब २० प्रतिशत र तरलीकृत प्राकृतिक ग्यासको करिब २० प्रतिशत यही मार्गबाट ओसारपसार हुने गर्दछ।

यता फ्रान्सले पनि भूमध्यसागर क्षेत्रमा सैन्य उपस्थिति बढाएको छ । फ्रान्सेली सेनाका अनुसार हेलिकप्टर बोक्ने जहाज त्यहाँ तैनाथ गरिएको छ । पेरिसले यसअघि नै आफ्नो मुख्य एयरक्राफ्ट क्यारियर र फ्रिगेटहरू पनि क्षेत्रतर्फ पठाउने निर्णय गरेको जनाएको छ।

# रुसी आक्रमणमा युक्रेनमा ६ जनाको मृत्यु

एएफपी

किएभ ।रुसले रातभर ड्रोन र क्षेप्यास्त्र प्रयोग गरी युक्रेनका विभिन्न क्षेत्रमा आक्रमण गर्दा कम्तीमा ६ जनाको मृत्यु भएको छ भने धेरै व्यक्ति घाइते भएका छन्। आक्रमणपछि देशभरि हवाई चेतावनी जारी गरिएको अधिकारीहरूले शनिबार बताएका छन्।

सबैभन्दा ठूलो क्षति पूर्वी खार्किव क्षेत्रमा भएको छ। क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेग सिनेगुबोभका अनुसार खार्किवको किभस्की जिल्लामा रहेको बहुतले आवासीय भवनमा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार हुँदा भवन लगभग पूर्ण रूपमा ध्वस्त भएको थियो। सो भवनको भग्नावशेषबाट पाँच जनाको शव फेला परेको छ भने नजिकैको अर्को घर पनि क्षतिग्रस्त भएको उहाँले टेलिग्राममार्फत जानकारी दिनुभयो।

जिल्लामा भएको आक्रमणमा एक जनाको ज्यान गएको र अर्का एक जना घाइते भएका छन्। उहाँका अनुसार रूसी सेनाले ड्रोन, तोपखाना र रकेट प्रयोग गरी उक्त क्षेत्रमा करिब २० पटक प्रहार गरेको थियो।

दक्षिणी युक्रेनको जापोरिझिया क्षेत्रमा पनि रुसी ड्रोन आक्रमण भएको छ। क्षेत्रीय प्रशासन प्रमुख इभान फेडोरोभका अनुसार सो आक्रमणमा एक बालक घाइते भएका छन् ।खार्किव क्षेत्रकै चुगुइभ सहरमा पनि ड्रोन आक्रमण भएको छ। सहरकी मेयर हलीना मिनायेभाले सहरको केन्द्रमा रहेको एक घरमा ड्रोन प्रहार हुँदा दुई जना घाइते भएको बताउनुभयो।

लगातार भइरहेको रुसी आक्रमणका कारण रातभरि युक्रेनभरि हवाई आक्रमणको चेतावनी जारी



खार्किवका मेयर इगोर तेरेखोभका अनुसार उक्त आक्रमणमा कम्तीमा १० जना घाइते भएका छन्।

घाइतेमध्ये छ वर्ष र ११ वर्षका दुई बालक तथा १७ वर्षीया किशोरी पनि रहेका छन्। घटनाले आवासीय क्षेत्रमा ठूलो त्रास सिर्जना गरेको स्थानीय अधिकारीहरूले बताएका छन्।

यसैबीच ड्निप्रोपेट्रोभस्क क्षेत्रमा पनि रूसी आक्रमणमा एक जनाको मृत्यु भएको छ। क्षेत्रीय प्रशासन प्रमुख ओलेक्सान्डर गान्झाका अनुसार निकोपोल गरिएको थियो। देशका धेरै भागमा साइरन बजाइएको र नागरिकलाई सुरक्षित स्थानमा बस्न आग्रह गरिएको थियो।

यसैबीच पोल्यान्डको वायु सेनाले पनि सतर्कता बढाएको जनाएको छ। पोल्यान्डले सामाजिक सञ्जाल एक्समार्फत युक्रेनसँग सीमा जोडिएका क्षेत्रको सुरक्षाका लागि आफ्ना सैन्य विमान परिचालन गरिएको जनाएको छ। ठूलो स्तरका रुसी आक्रमणका बेला सम्भावित जोखिमलाई ध्यानमा राख्दै यस्तो कदम चालिएको बताइएको छ।

# नैरोबीमा वर्षा र बाढीः ८ जनाको मृत्यु

एपी

नैरोबी । केन्याको राजधानी नैरोबीमा रातभर परेको भारी वर्षापछि आएको बाढीले व्यापक अव्यवस्था सिर्जना गरेको छ । सडकहरू डुबानमा परेपछि धेरै सवारी साधन फसेका छन्, उडानहरू अवरुद्ध भएका छन् र उद्धारका लागि सेना परिचालन गरिएको छ । यस घटनामा कम्तीमा आठ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।नैरोबीका प्रहरी प्रमुख जर्ज सेडाका अनुसार खोज तथा उद्धार कार्य जारी रहेकाले मृतकको सङ्ख्या अझ बढ्न सक्ने आशङ्का गरिएको छ । उहाँका अनुसार छ जनाको बाढीमा डुबेर मृत्यु भएको हो भने अन्य दुई जनाको करेन्ट लागेर ज्यान गएको हो।



भारी वर्षाका कारण सडकहरूमा पानी भरिएपछि ठूलो सङ्ख्यामा सवारी साधन क्षतिग्रस्त भएका छन् । प्रहरी प्रमुख सेडाले १०० भन्दा बढी सवारी साधन क्षतिग्रस्त भएको र केही सडक किनार तथा पार्किङ क्षेत्रमा पल्टिएको जानकारी दिनुभयो ।यसैबीच केन्या एयरवेजले नैरोबीमा उडान सञ्चालन प्रभावित भएको जनाएको छ । कम्पनीका अनुसार केही उडानहरू तटीय सहर मोम्बासातर्फ मोडिएको छ र विमानस्थलको सञ्चालन घण्टौँसम्म प्रभावित रहने सम्भावना रहेको छ।

आपतकालीन सेवाहरूलाई सहयोग गर्न सेना पनि परिचालन गरिएको छ। उद्धार तथा राहत कार्यलाई तीव्र बनाउन सैन्य उद्धार टोली रातारात तैनाथ गरिएको हो। स्थानीय टोल रोड अपरेटरले पनि सवारी आवागमन सहज बनाउन एलिभेटेड सडक प्रयोग गर्ने शुल्क अस्थायी रूपमा माफ गरेको जनाएको छ ।शुक्रबारदेखि सुरु भएको वर्षा रातभर जारी रहँदा धेरै स्थानमा सडकहरू पूरै डुबानमा परेका थिए । केही स्थानमा सवारी चालकहरू पानीले भरिएका सडक पार गर्न बाध्य भएका थिए । कतिपय क्षेत्रमा मानिसहरू कम्मरसम्मको पानी पार गर्दै सुरक्षित स्थानतर्फ गएका दृश्यहरू देखिएका छन्।

सामाजिक सञ्जालमा डुबानमा परेका घरहरू र पल्टिएका सवारी साधनहरूको भिडियोहरू पनि व्यापक रूपमा साझा भएका छन् । यसले नैरोबीमा बाढीको असर कति गम्भीर थियो भन्ने देखाएको छ ।केन्या रेडक्रसले पनि उद्धार कार्यमा सक्रिय भूमिका निर्वाह गरिरहेको छ। रेडक्रसका महासचिव अहमद इद्रिसका अनुसार खोज तथा उद्धार टोलीहरूले फसेका मानिसहरूलाई सहयोग पुऱ्याउन निरन्तर प्रयास गरिरहेका छन्। तर ट्राफिक जाम र सडकको अवस्थाका कारण उद्धार टोलीहरूलाई प्रभावित क्षेत्रमा पुग्न कठिनाइ भइरहेको उहाँले बताउनुभयो।

इद्रिसले सामाजिक सञ्जाल एक्समार्फत ट्राफिक र क्षतिग्रस्त सडकका कारण उद्धार प्रयासहरू सीमित भएको उल्लेख गर्नुभएको छ। तथापि आवश्यक परेका मानिसहरूसम्म पुग्न सक्दो प्रयास भइरहेको उहाँले बताउनुभयो ।केन्याका सार्वजनिक सेवा मन्त्री जेफ्री रुकुले राष्ट्रिय स्तरमा विपद् तयारी, उद्धार र पुनःस्थापना प्रयासहरू समन्वय भइरहेको जानकारी दिनुभयो। उहाँले नागरिकहरूलाई सतर्क रहन र व्यक्तिगत सुरक्षालाई प्राथमिकता दिन आग्रह गर्नुभयो।


यस घटनापछि केही स्थानीय बासिन्दाहरूले सहरको जल निकासी प्रणाली कमजोर भएको भन्दै आलोचना गरेका छन् । उनीहरूले वर्षायाम सुरु हुनुअघि नै प्रभावकारी निकास प्रणाली तयार गर्न सहरका अधिकारीहरूले पर्याप्त तयारी नगरेको आरोप लगाए ।नैरोबीकी एक बासिन्दा आइशा बाजाबेरले सामाजिक सञ्जालमा लेख्दै सहर फेरि बाढीमा डुबेको उल्लेख गर्नुभयो । उहाँले अधिकारीहरूले जल निकासी प्रणालीको अभावलाई कति समयसम्म बेवास्ता गर्ने भनी प्रश्न उठाउनुभयो।

केन्यामा फेब्रुअरीको अन्त्यदेखि वर्षा सुरु भएको छ, जसले देशमा लामो वर्षायामको सुरुआत सङ्केत गरेको मानिन्छ । अघिल्ला वर्षहरूमा पनि यस मौसममा बाढी, पहिरो र भूक्षय जस्ता घटनाहरू बारम्बार देखिएका छन् । गत वर्षको वर्षायाममा यस्तै विपद्का कारण सयौँ मानिसको ज्यान गएको थियो भने हजारौँ मानिस विस्थापित भएका थिए।

# रुसी तेल किनिरहने भारतको अडान

एएफपी

नयाँदिल्ली । मध्यपूर्वमा चर्किएको युद्धका कारण विश्व ऊर्जा बजारमा अनिश्चितता बढिरहेका बेला भारतले रुसी कच्चा तेल आयात जारी राख्ने स्पष्ट सङ्केत दिएको छ । भारतीय सरकारले शनिबार जारी गरेको जानकारीअनुसार नयाँदिल्लीले रुसी तेल किन्ने विषयमा कुनै पनि देशको अनुमति आवश्यक नपर्ने अडान राखेको छ।





इरानविरुद्ध अमेरिका-इजरायलको सैन्य अभियान र त्यसको प्रतिक्रियामा तेहरानले खाडी क्षेत्रमा थालेका आक्रमणका कारण अन्तर्राष्ट्रिय ऊर्जा र ढुवानी क्षेत्रमा ठूलो असर परेको छ। यसले विश्वव्यापी रूपमा तेलको मूल्य तीव्र रूपमा बढाएको छ र आपूर्ति शृ्र लामा अनिश्चितता थपिएको छ ।यसैबीच अमेरिकाले बिहीबार रुसविरुद्ध लगाइएको आर्थिक प्रतिबन्धमा अस्थायी रूपमा ढिलाइ गर्दै समुद्रमा रोकिएका रुसी तेल भारतलाई बेच्न अनुमति दिएको थियो । उक्त निर्णयले भारतले रुसी तेल खरिद गर्न सक्ने बाटो खुलेको मानिएको थियो।

तर भारत सरकारले भने यस्तो छुटमा निर्भर नभएको स्पष्ट पारेको छ। सरकारको प्रेस सूचना ब्युरोले जारी गरेको विज्ञप्तिमा भारतले रुसी तेल खरिदका लागि कुनै पनि देशको अनुमति आवश्यक नपर्ने उल्लेख गरिएको छ। विज्ञप्तिमा भारतले फेब्रुअरी २०२६ मा पनि रुसी तेल आयात गरिरहेको र रुस अझै भारतको सबैभन्दा ठूलो कच्चा तेल आपूर्तिकर्ता रहेको जनाइएको छ ।यसअघि नयाँदिल्लीले रुसी तेल खरिद रोक्ने प्रतिबद्धता व्यक्त गरेको भन्ने चर्चा सार्वजनिक भएपछि वासिङ्टनले फेब्रुअरीमा भारतीय निर्यातमा लगाइएको २५ प्रतिशत शुल्क फिर्ता लिएको थियो । उक्त कदम अन्तरिम व्यापार सम्झौतासँग जोडिएको थियो।

तर उक्त कथित प्रतिबद्धता संयुक्त वक्तव्यमा समावेश गरिएको थिएन । भारत सरकारले पनि रुसी तेल खरिद रोक्ने वाचा गरेको हो वा होइन भन्ने विषयमा स्पष्ट पुष्टि वा अस्वीकार दुवै गरेको छैन । नयाँदिल्लीले आफ्ना ऊर्जा नीतिहरू राष्ट्रिय हितका आधारमा तय हुने बताउँदै आएको छ ।सरकारले हाल देशसँग कच्चा तेल र पेट्रोलियम उत्पादनको पर्याप्त भण्डार रहेको जनाएको छ।

विज्ञप्तिअनुसार भारतसँग करिब २५ करोड ब्यारेल कच्चा तेल र पेट्रोलियम पदार्थको भण्डार रहेको छ, जसले अल्पकालीन आपूर्ति अवरोधहरू सामना गर्न सहयोग पुऱ्याउने बताइएको छ।


यद्यपि विश्व बजारमा मूल्य बढ्दै जाँदा भारतमा केही ऊर्जा उत्पादनको मूल्यमा असर देखिन थालेको छ। शनिबार सरकारले घरेलु प्रयोगका लागि प्रयोग हुने लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी) सिलिन्डरको मूल्य सात प्रतिशतले बढाएको घोषणा गरेको छ ।विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढिरहेको छ । शुक्रबार मात्र तेलको मूल्य ८.५ प्रतिशतले बढेको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले 'बिना शर्त आत्मसमर्पण' गरे मात्रै मध्यपूर्व युद्ध अन्त्य हुन सक्ने बताएका कारण बजारमा थप तनाव बढेको र हप्ताभरमा तेलको मूल्य करिब ३० प्रतिशतले उकालो लागेको छ।

यसैबीच भारतले एलपिजी उत्पादन बढाउने प्रयास पनि सुरु गरेको छ । यस हप्ताको सुरुआतमा भारतको पेट्रोलियम मन्त्रालयले देशका रिफाइनरीहरूलाई प्रोपेन र ब्युटेन स्ट्रिम प्रयोग गरेर उत्पादन बढाउन निर्देशन दिएको थियो।डाटा इन्टेलिजेन्स कम्पनी केप्लरका अनुसार भारत विश्वको दोस्रो ठूलो एलपिजी खरिदकर्ता हो । भारतले प्रयोग गर्ने एलपिजीको ९० प्रतिशतभन्दा बढी आपूर्ति मध्यपूर्वबाट आयात हुने भएकाले त्यहाँको तनावले भारतीय ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहेको बताइएको छ।

# एन्ड्र्युलाई शाही उत्तराधिकारबाट हटाउन क्यानाडाको समर्थन

एएफपी

टोकियो । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले बेलायती राजपरिवारका पूर्वराजकुमार एन्ड्र्युलाई शाही उत्तराधिकारको रेखाबाट हटाउनुपर्ने धारणा व्यक्त गर्नुभएको छ। उहाँले एन्ड्र्युको व्यवहारलाई 'निन्दनीय' भन्दै त्यस्ता कार्यले शाही संस्थाको प्रतिष्ठामा गम्भीर असर पार्ने बताउनुभयो।



शनिबार टोकियोमा पत्रकार हरूसँग कुरा गर्दै प्रधानमन्त्री कार्नीले यस विषयमा स्पष्ट प्रक्रिया रहेको उल्लेख गर्नुभयो। उहाँले एन्ड्र्युको शाही उपाधि पहिले नै खोसिएको सन्दर्भ उल्लेख गर्दै अब उहाँलाई उत्तराधिकारको रेखाबाट हटाउनु आवश्यक देखिएको धारणा व्यक्त गर्नुभयो।

एन्ड्र्यु माउन्टब्याटन-विन्डसरमाथि स्वर्गीय अमेरिकी यौन अपराधी जेफ्री एपस्टेनसँगको सम्बन्धका कारण लामो समयदेखि विवाद रहँदै आएको छ। एपस्टेनसँगको सम्बन्धबारे खुलासा भएपछि उहाँमाथि सार्वजनिक पदमा रहँदा कथित दुरुपयोगको आरोपमा अनुसन्धान भइरहेको छ ।सन् २००१ देखि २०११ सम्म बेलायतका व्यापार दूतका रूपमा कार्यरत रहँदा एन्ड्र्युले एपस्टेनलाई गोप्य जानकारी दिएको आरोप लागेको छ । यही प्रकरणसँग सम्बन्धित अनुसन्धानका क्रममा उहाँलाई गत फेब्रुअरीमा पक्राउ गरिएको थियो, तर पछि रिहा गरिएको बताइएको छ।

प्रधानमन्त्री कार्नी जापानको भ्रमणमा रहनुभएको छ र सो क्रममा उहाँले आफ्ना जापानी समकक्षी साने ताकाइचीसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। यही भ्रमणका क्रममा उहाँले पत्रकारहरूसँग एन्ड्र्युबारे आफ्नो धारणा सार्वजनिक गर्नुभएको हो ।एन्ड्र्युले भने आफूमाथि लगाइएका सबै आरोप अस्वीकार गर्दै आउनुभएको छ। एपस्टेनसँगको कथित सम्बन्धका कारण गत वर्ष उहाँको शाही उपाधि खोसिएको थियो।

यस प्रकरणसँग सम्बन्धित अर्को चर्चित नाम भर्जिनिया गिफ्रे हो। गत वर्ष आत्महत्या गरेर मृत्यु भएकी गिफ्रेले आफूलाई सन् २००१ मा मात्र नभई, १७ वर्षको उमेरमा दुई पटक गरी कुल तीन पटक बेलायती राजपरिवारसँग सम्बन्धित व्यक्तिसँग यौन सम्बन्ध राख्न बाध्य पारिएको दाबी गरेकी थिइन् ।एन्ड्र्युले भने ती आरोपहरू अस्वीकार गर्दै आउनुभएको छ। तथापि, गिफ्रेद्वारा दायर गरिएको अमेरिकी नागरिक मुद्दा उहाँले सन् २०२२ मा दायित्व स्वीकार नगरी समाधान गर्नुभएको थियो।

यस विषयमा क्यानाडाको धारणा सार्वजनिक हुनुअघि अस्ट्रेलिया र न्युजिल्यान्डले पनि एन्ड्र्युलाई शाही उत्तराधिकारको रेखाबाट हटाउनुपर्ने पक्षमा समर्थन जनाइसकेका छन् । ती देशहरू पनि बेलायती राजतन्त्रसँग सम्बन्धित राष्ट्रमण्डल क्षेत्रभित्र पर्छन् ।शाही उत्तराधिकारको रेखामा परिवर्तन गर्ने प्रक्रिया भने बेलायतबाट सुरु गर्नुपर्ने हुन्छ। तर त्यस्तो निर्णय कार्यान्वयन गर्न राजा चार्ल्स तृतीय राष्ट्रप्रमुख रहेका अन्य १४ राष्ट्रमण्डल देशहरूको सहमति आवश्यक पर्ने बताइएको छ।

# मङ्गल ग्रहको साटो चन्द्रमामा बसाउन लागिएको इलोन मस्कको 'आत्मनिर्भर सहर'



बीबीसी

काठमाण्डु । चन्द्रमामा १० वर्षभित्रै एउटा 'आत्मनिर्भर सहर' बसाउन सकिन्छ - इलोन मस्कले हालै घोषणा गरेको योजनाले त्यसो भन्छ।एक्स, टेस्ला र स्पेसएक्स कम्पनीहरूका मालिक तथा विश्वका सबैभन्दा धनाढ्य व्यक्तिमध्येका मस्कले हालै एक्समा एक पोस्ट राख्दै उनको स्पेसएक्स कम्पनीले मङ्गल ग्रहको साटो चन्द्रमामा सहर निर्माण गर्न लागेको उल्लेख गरे। उक्त पोस्टलाई चार करोड पटक हेरियो।

तर मस्कले उनको मन किन परिवर्तन गरे? अनि उनले चन्द्रमामा बसाउने भनेको सहरबारे हामीलाई के थाहा छ? चन्द्रमामा बसाइने भनिएको सहरबारे कुनै औपचारिक, विस्तृत एवं मार्गचित्रसहितको योजना छैन। मस्कले सामाजिक सञ्जाल एक्समा केवल आफ्नो दृष्टिकोण राखेका छन्।उनले त्यहाँ स्थायी मानवबस्ती बसाउने र भावी दिनमा चन्द्रमातर्फ थुप्रै अभियान सञ्चालन हुने हुँदा क्रमशः चन्द्रमामै उपलब्ध स्रोतहरूको प्रयोग गरेर त्यसको विस्तार हुने भनेका छन्। आफ्नो पोस्टमा मस्कले उक्त योजना पूरा गर्न "चन्द्रमामा १० वर्षभन्दा कम लाग्ने जब कि मङ्गल ग्रहमा २० वर्षभन्दा धेरै लाग्ने" भनेका छन्।

"स्पेसएक्सको अभियानको लक्ष्य उही हो : हामीले बुझेको जीवन तथा चेतनालाई ताराहरूमा विस्तार गर्नु।"मङ्गल ग्रहमा जाने हो भने ग्रहहरूको अवस्था मिलेको समय कुर्नुपर्ने र त्यस्तो समय २६ महिनामा एकपटक बल्ल आउने उनले उल्लेख गरेका छन्। अनि त्यहाँ जानै पनि छ महिना लाग्ने उनले भनेका छन्। जब कि उनी भन्छन्, "हामी हरेक १० दिनमा चन्द्रमातर्फ जान सक्छौँ (अनि यात्रा अवधि दुई दिनको मात्र)।"

"त्यसैले मङ्गल ग्रहमा सहर निर्माण गर्नुभन्दा चन्द्रमामा सहर निर्माण गर्नु निकै छिटो हुने छ।" मङ्गल ग्रहमा सहर विकास गर्नु स्पेसएक्सको लामो समयदेखिको लक्ष्य रहँदै आएको छ र त्यो कायम रहने बताइएको छ। एक्समा लेख्दै मस्कले भने, "आगामी पाँचदेखि सात वर्षमा हामी त्यसको आरम्भ गर्ने छौँ। तर मुख्य प्राथमिकता चाहिँ मानव सभ्यताको भविष्य सुरक्षित पार्नु हो र त्यसका निम्ति चन्द्रमामा काम गर्न छिटो हुन्छ।"मस्कका प्रशंसक एवं अनुयायीहरूले उनकै कम्पनीको एआई औजार 'ग्रोक'को प्रयोग गरेर चन्द्रमामा बन्ने सहरको प्रारूप कस्तो हुने छ भन्ने चित्राङ्कन गरेका छन्।

यस महिनाको सुरुमा 'वाल स्ट्रीट जर्नल'मा छापिएको समाचारमा पनि स्पेसएक्सले उसका शेअरधनीहरूलाई चन्द्रमाको अभियानलाई प्राथमिकता दिने र मङ्गलग्रहमा अलि पछि अभियानको प्रयास गरिने बताएको उल्लेख थियो। मानवरहित चन्द्र अभियान सन् २०२७ को मार्चका निम्ति तय गरिएको भनेर शेअरधनीहरूलाई बताइएको सो विवरणमा उल्लेख थियो।यसअघि लामो समयदेखि मस्कले गन्तव्यका रूपमा मङ्गल ग्रहमाथि एकोहोरो ध्यान पुऱ्याइरहेका थिए। गत वर्ष पनि उनले मङ्गल ग्रहमा मानवरहित अभियान सन् २०२६को अन्त्यसम्ममा गरिने योजना सुनाएका थिए।

विद्युतीय गाडी वा चालकरहित गाडीको प्रविधिजस्ता विभिन्न परियोजनाहरूमा महत्त्वाकाङ्क्षी लक्ष्य तोक्ने तर समयमा तिनको कार्यान्वयन नहुने गरेको मस्कको लामो इतिहास छ। यूकेको यूनिभर्सिटी अफ सरीमा अन्तरिक्ष अन्वेषणसम्बन्धी वरिष्ठ लेक्चरर डा सुङ्वू लिमले चन्द्रमामा अखडा बसाउने स्पेसएक्सको योजनालाई 'महत्त्वाकाङ्क्षी' भए पनि असम्भव नभएको बताएका छन्। "चन्द्रमाको माटो प्रयोग गरेर अक्सिजन, पानी अनि अन्य निर्माण सामग्री बनाउने जुन आधारभूत लक्ष्य छ, त्यो हामीले पृथ्वीमा अहिले नै उपयोग गर्दै आएका औद्योगिक प्रक्रियामै आधारित छ। सिद्धान्ततः त्यसो गर्न सकिन्छ," उनले बीबीसीलाई भने।

अधिक उतारचढाव हुने तापक्रम, त्यहाँका धूलो, न्यून गुरुत्वाकर्षण तथा सीमित ऊर्जायुक्त हुने चन्द्रमाको कठोर वातावरणमा ती प्रणालीले भरपर्दो किसिमले काम गर्लान् कि नगर्लान् भन्ने मुख्य चुनौती रहने डा लिमले बताए।सार्वजनिक खर्च तथा राजनीतिक अवस्थामा भर पर्नुपर्ने हुनाले सरकारी अन्तरिक्ष निकायहरू अलि सावधानीका साथ अघि बढ्ने हुनाले तिनले नयाँ उपायहरूको परीक्षण गर्न समय लिने उनले बताए जब कि स्पेसएक्स चाहिँ 'फरक किसिमले सञ्चालन हुने' उनले बताए।

"उसको नयाँ रकेट प्रणालीले अपेक्षित काम गऱ्यो भने उसले छिटोछिटो र थोरै खर्चमा चन्द्रमामा रकेट पठाउन सक्छ, जसले प्रगतिको गति पनि बढ्छ।"भारतको जीडी गोएन्का यूनिभर्सिटीको सेन्टर फर एरोस्पेस एन्ड एनर्जी स्टडिजका निर्देशक डा उगुर गुभेनले द्रुत गतिमा आपूर्ति गर्न सकिने तथा आपत्कालीन प्रतिक्रिया गर्न सकिने जस्ता कारणले चन्द्रमामा मङ्गलको तुलनामा केही उल्लेख्य फाइदा रहेको बताए।

"केही बिग्रियो भने र त्यहाँ बस्ती छ भने तपाईँले सहजै तत्काल अर्को मिशन त्यहाँ पठाउन सक्नु हुन्छ," उनले बीबीसीलाई चन्द्रमा पुग्न सामान्यतया "दुईदेखि तीन दिन लाग्ने" बताए। तथापि 'वास्तवमै आत्मनिर्भर चन्द्र सहर'को निर्माण अझै पनि सुदूर लक्ष्य रहेको डा लिमले बताए।

"पृथ्वीबाट पोषक तत्त्वहरू नलगीकन त्यहीँ तिनको उत्पादन गर्ने तथा सबै कुरा पुनर्प्रयोग हुन सक्ने प्रणाली सिर्जना गर्नु निकै जटिल काम हो, जसका लागि दशकौँ लाग्न सक्छ। त्यसैले दृष्टिकोणको हिसाबमा त्यो सम्भव छ तर एकैचोटिभन्दा क्रमैसँग विस्तारै हुन सक्छ।"त्यसमा सहमति जनाउँछन् अमेरिकाको इन्डियानास्थित यूनिभर्सिटी अफ नोट्र डामका प्राध्यापक क्लाइभ नील। प्राध्यापक नील चन्द्रमाको मानव अन्वेषणको अध्ययन गर्छन्।

"चन्द्रमामा स्रोतहरू निकाल्न आर्थिक रूपमा सम्भव छ भनेर विस्तृत अध्ययन नगरीकन हामीले पहुँचयुक्त तथा निकाल्न सकिने स्रोतरहित आत्मनिर्भर सहर कसरी बसाल्ने भनेर भन्न सक्दैनौँ," उनले बीबीसीलाई भने।आगामी १० वर्षभित्र चन्द्रमामा "एउटा सानो पोस्ट" स्थापित गरेर त्यसले आफ्ना लागि आवश्यक अक्सिजन तथा पानी निकाल्न सक्ने सम्भावना "यथार्थपरक" रहेको डा लिमको विश्वास छ। "त्यो ठूलै प्रगति हुने छ," उनले भने।

नासाका पूर्वअन्तरिक्षयात्री तथा हाल म्यासचूसिट्स इन्स्टिट्यूट अफ टेक्नोलजीमा एरोनटिक्स तथा एस्ट्रोनटिक्सका प्राध्यापक जेफ्री हफम्यानका अनुसार यदि स्पेसएक्स र एमजन संस्थापक जेफ बेजोसको अन्तरिक्ष प्रविधि कम्पनी ब्लु ओरिजिनले सफलतापूर्वक 'लूनर ल्यान्डर्स' (चन्द्रमाको सतहमा अवतरण गर्ने यान) बनाए भने "चन्द्रमामा बसाइने अखडामा बन्दोबस्तीको आपूर्ति गर्न सकिन्छ।"

"तर मङ्गल ग्रह चाहिँ हाम्रा निम्ति अझै टाढाकै विषय हो," उनले बीबीसीलाई भने।चन्द्रमामा बस्ती बसाल्ने अनुभवले भविष्यमा मङ्गल ग्रहमा अखडा जमाउन मद्दत पुग्ने प्राध्यापक हफम्यानले भने।डा गुभेनले पनि चन्द्रमाले मङ्गलग्रह पुग्ने यात्रालाई सहज बनाइदिनेमा सहमति जनाए। यसै दशकभित्र चन्द्रमामा मानवलाई पठाउने दौडमा अमेरिका र चीनबीच प्रतिस्पर्धा छ। सन् १९७२ मा नासाको अपोलो १७ मिशनपश्चात् कुनै मानव चन्द्रमाको सतहमा ओर्लिएको छैन।


स्पेसएक्स कम्पनीले मस्कले नै नेतृत्व गर्दै आएको आर्टिफिशल इन्टेलिजन्स स्टार्टअप कम्पनी एक्सएआईलाई किनेको हालै मस्कले जनाएका थिए। सो सहमतिमा स्पेसएक्स कम्पनीको मूल्य १० खर्ब डलर अनि एआई कम्पनीको मूल्य २.५ खर्ब डलर हिसाब गरिएको थियो।यो घोषणाले भविष्यमा विशाल परिमाणको एआई कम्प्युटिङका निम्ति आवश्यक हुने डेटा सेन्टरहरू अन्तरिक्षमा स्थापना गर्ने उनको चाहनालाई पनि बल पुग्ने बीबीसीकी न्यूयोर्कस्थित संवाददाता मिशेल फ्लुरी भन्छिन्।

बीबीसी संवाददाताका अनुसार मस्कले उनको कम्पनी स्पेसएक्स - जसका उनी सबभन्दा ठूला शेअरधनी हुन् -लाई स्टक मार्केटमा सूचीकृत गर्न चाहिरहेका छन् र त्यसका निम्ति उनले आफ्ना व्यापारलाई मिलाउँदै छन्।उक्त कम्पनीको सूचीकरण गर्दा बजारबाट ५० अर्ब डलर उठन् सक्छ, जुन इतिहासकै सबभन्दा विशाल 'पब्लिक अफरिङ' हुन सक्छ। गत महिना मस्कले अन्तरिक्षमा दश लाख ओटा डेटा सेन्टर राख्न खोजेको र सो कार्यक्रमले एआईको बढ्दो प्रयोगका कारण उत्पन्न हुने माग सम्बोधन गर्ने बताएका थिए। तर कतिपय विज्ञहरूमाझ अझै आशङ्का कायम छ। अन्तरिक्षमा वायु नहुने हुनाले एआई तथा डेटा-इन्टेन्सिभ कार्य गर्दा ग्राफिक्स प्रोसेसिङ यूनिटहरूलाई चिस्याउन कठिन हुने तिनले बताए। गत सोमवार एक एक्स प्रयोगकर्ताले सोधेको प्रश्नको जबाफ दिँदै मस्कले यो वर्ष स्पेसएक्सको कुल आम्दानीमध्ये केवल ५% मात्र नासाबाट आएको बताए।

# चुनावले रोकियो नागढुंगा-मुग्लिन सडक विस्तारको काम

काठमाण्डु । संघीय राजधानी काठमाडौँ जोड्ने मुख्य 'लाइफलाइन' नागढुंगा-मुग्लिन सडक विस्तारको काम पछिल्लो चार वर्षदेखि जारी छ । ९५ किलोमिटर लामो यो सडकलाई विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा दुईदेखि ६ लेनसम्म विस्तार गरिँदैछ । यतिबेला आसन्न निर्वाचनका कारण कामदारहरू घर फर्किने र कर्मचारीहरू चुनावमा खटिएका कारण निर्माण कार्यमा केही सुस्तता आएको छ ।

नागढुंगादेखि नौबिसेसम्मको १२.२६ किलोमिटर त्रिभुवन राजपथमा पर्छ भने नौबिसेदेखि मुग्लिनसम्मको खण्ड पृथ्वी राजमार्ग अन्तर्गत पर्छ ।



**नागढुंगा-नौबिसे खण्ड ८५ प्रतिशत सकियो**

नागढुंगा-मुग्लिन सडक योजना (पूर्वी खण्ड) का प्रमुख केशवप्रसाद ओझाका अनुसार आयोजनाको पहिलो खण्ड (नागढुंगा-नौबिसे) को भौतिक प्रगति ८५ प्रतिशत पुगेको छ । आसन्न चुनावका कारण सडक विस्तारको काम केही दिनका लागि रोकिएको छ । आयोजना प्रमुख ओझाले इन्जिनियरिङ टोली, कर्मचारी र निर्माण व्यवसायीका कामदारहरू चुनावका लागि परिचालन भएको र कतिपय घर फर्किसकेकाले काममा केही प्रभाव परेको बताए ।

'अहिले हामी कर्मचारीहरू पनि चुनावको तयारीमा खटिएका छौँ,' ओझाले भने, 'कामदारहरू पनि घरतिर लागेकाले चुनाव सकिएपछि मात्रै कामले पुनः पूर्ण गति लिनेछ ।'

पहिलो खण्ड (नागढुंगा-नौबिसे) १२.२५ मा हाल तेस्रो तहको कालोपत्रे गर्ने तयारी भइरहेको छ । तर कालोपत्रे गर्दा सडक अवरुद्ध हुने र चुनावको समयमा सवारी साधनको चाप बढ्ने हुनाले तत्काललाई यो काम रोकिएको छ । 'नियमित काम गर्न पाएको भए तीनदेखि चार हप्तामा तेस्रो तहको कालोपत्रे सकिने थियो,' ओझाले भने, 'तर चुनावका बेला यात्रुलाई सास्ती नहोस् भनेर हामीले यो काम चुनावपछि मात्रै सुरु गर्ने निर्णय गरेका छौँ ।'

कालोपत्रे सकिएपछि सडकमा ट्राफिक चिन्ह राख्ने रोड मार्किङ गर्ने र एउटा आकाशे पुल निर्माणका बाँकी कामहरू पूरा गरिने आयोजनाले जनाएको छ । साथै गत वर्षायाममा ठुलो क्षति पुऱ्याएको झ्याप्ले खोला क्षेत्रको पहिरो नियन्त्रणको काम झण्डै ९९ प्रतिशत सम्पन्न भएको ओझाले जानकारी दिए । यसले गर्दा आगामी वर्षायाममा सडक अवरुद्ध हुने जोखिम निकै कम हुने अपेक्षा गरिएको छ ।

चुनावको समयमा सडकलाई खाल्डाखुल्डी मुक्त बनाउन नियमित मर्मतको काम भने जारी रहेको आयोजनाले जनाएको छ । सडक विस्तारको काम सकिएपछि यो सडक खण्ड सुरक्षित र गुणस्तरीय हुने र काठमाडौँ भित्रिने तथा बाहिरिने सवारी साधनको यात्रा सहज हुने अपेक्षा गरिएको छ ।

पहिलो खण्डको स्तरोन्नतिको ठेक्का १ अर्ब ३० करोड रुपैयाँमा जाङ्सु-सगुन जेभीले लिएको छ । यही खण्डको खानीखोलामा पैदल यात्रीका लागि अपाङ्गमैत्री आकाशे पुल निर्माण भइरहेको छ । २०७८ चैत २९ गते ठेक्का सम्झौता भएको यो खण्ड विस्तार सम्झौता भएको डेढ वर्षपछि २०७९ जेठ २६ गतेदेखि काम सुरु भएको थियो । २०८१ जेठ २७ गतेभित्र काम नसकिएपछि माघ २०८१ सम्मका लागि म्याद थपिएको थियो । काम नसकिएपछि फेरि २०८२ साउन १० गतेसम्मका लागि म्याद थप गरिएको थियो । उक्त अवधिमा नसकिएपछि फागुन मसान्तसम्म पुनः थपिएको थियो । चुनावका कारण काम रोकिएपछि यो अवधिमा पनि नसकिने देखिएको छ ।

**नौबिसे-मलेखु खण्ड : ५८ प्रतिशत भौतिक प्रगति**

नौबिसेदेखि मलेखुसम्मको दोस्रो खण्डमा करिब ५८ प्रतिशत काम सम्पन्न भएको पूर्वी खण्डका आयोजना प्रमुख ओझाले जानकारी दिएका छन् । यो खण्ड ४३.५४ किलोमिटर छ । २१.५ किलोमिटर पहिलो तहको कालोपत्र दुईतर्फी नै सकिएको छ । १५ किलोमिटरमा दोस्रो तहको सडक कालोपत्र भइसकेको छ ।

यस खण्डमा पर्ने १३ पुलमध्ये १० वटाको काम सकिइसकेको छ । अब रोड मार्किङको काम र एप्रोच सडक निर्माण गर्न बाँकी छ । सोप्याङ, फेदी खोला र खहरे खोला पुलको निर्माण बाँकी छ ।

यस खण्डमा बिजुलीका पोल समयमै नहटाउँदा पनि कामको गति बढ्न नसकेको हो । अहिले यस खण्डमा पर्ने १६८ मध्ये अझै १०० वटा पोल हटाउन बाँकी छ । फेदी खोला पुलमा मुद्दा-मामिलाका कारण समस्या थियो, अदालतबाट अन्तरिम आदेश नभएपछि काम सुरु गर्न खोज्दा घर पर्ने स्थानीयले अवरोध गरेका छन् । चुनावपछि जिल्ला सुरक्षा समिति बसेर निकास निकाल्नेतर्फ लाग्ने आयोजना प्रमुख ओझाले बताए ।

यो खण्ड विस्तारका लागि ५ अर्ब ३३ करोड १९ लाखमा जेडआईसीजी-शर्मा-लामाले जेभीले ठेक्का पाएको थियो । २०७९ वैशाख १४ गते ठेक्का सुरु भएको यो खण्डको काम २०८२ जेठ मसान्तमा सकिसक्नुपर्ने थियो । उक्त म्यादमा सम्पन्न हुन नसकेपछि २०८३ असोजसम्मका लागि म्याद थपिएको छ ।

**मलेखु-मुग्लिन : ११ किलोमिटर कालोपत्रे सम्पन्न**

नागढुंगा-मुग्लिन सडक योजना (पश्चिम खण्ड) अन्तर्गत मलेखु-मुग्लिन खण्डको विस्तार कार्यमा ४१ प्रतिशत भौतिक प्रगति भएको छ । कुल ३८.८६ किलोमिटर दुरी रहेको यस खण्डमा हालसम्म ११ किलोमिटर चार लेन सडकमै पहिलो तहको कालोपत्रे गर्ने काम सकिएको छ ।

आयोजनाका इन्जिनियर सचेन्द्र मिश्रका अनुसार अहिले विशालटार र मझिमटार क्षेत्रमा करिब ६ किलोमिटर पुरानो कालोपत्रे सडक भत्काएर नयाँ बनाउने तयारी भइरहेको छ । यद्यपि, निर्माण सामग्रीको अभाव र प्राविधिक अवरोधका कारण कामको गतिमा केही समस्या देखिएको छ । मलेखुको लामाबगरबाट निर्माण सामग्री निकाल्न वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भएपनि स्थानीयको विरोधका कारण त्यहाँबाट सामग्री निकाल्न सकिएको छैन ।

'लामाबगरबाट सामग्री निकाल्न पाएको भए काम निकै छिटो हुने थियो, तर स्थानीयको विरोधले गर्दा मलेखुमा राखिएको क्रसर प्लान्टसमेत प्रयोगमा आउन सकेको छैन,' इन्जिनियर मिश्रले भने । हाल नुवाकोट र चितवनको जुगेडीबाट निर्माण सामग्री ढुवानी गरेर काम चलाउनुपर्ने बाध्यता छ ।

सडक विस्तारमा अर्को ठुलो बाधक विद्युतका पोल बनेका छन् । यस खण्डमा अझै १०९ वटा पोल हटाउन बाँकी छ । अहिलेसम्म फिस्लिङदेखि चुम्लिङटार खण्डको मात्र पोल हटाइएको छ भने माघ र फागुन महिनामा पोल सार्ने काम ठप्प भएको आयोजनाले जनाएको छ ।


पहिरोका कारण जोखिमपूर्ण मानिने कृष्णभीर क्षेत्रमा भने सन्तोषजनक प्रगति भएको छ । त्यहाँ पर्खाल लगाउने र होरिजन्टल एन्करिङ गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । अब त्यहाँ निकै कम प्रतिशत मात्र काम बाँकी रहेको आयोजनाले जनाएको छ ।

३८.८६ किलोमिटर दुरी रहेको यो सडकखण्ड शर्मा-जेडआईसीजीले ४ अर्ब ८० करोड ५९ लाख रुपैयाँमा लागतमा विस्तार गर्ने गरी ठेक्का पाएको थियो । २०७९ पुस १५ गते भएको ठेक्का सम्झौताअनुसार २०८२ पुसभित्र काम सम्पन्न गर्नुपर्ने थियो । तर सम्पन्न हुन नसकेपछि २०८३ असार १५ गतेसम्मका लागि म्याद थपिएको छ । यसैबिच, आगामी निर्वाचनका कारण पनि कामको गति केही दिन मन्द हुने भएको छ । कामदारहरू मतदानका लागि घर जानुपर्ने भएकाले ४-५ दिन काम प्रभावित हुने देखिन्छ ।रातोपाटी

# एक चिनियाँ एप जसले गर्दा हलिवुडमा मच्चिएको छ हलचल

बीबीसी

काठमाण्डु । टिकटक एप बनाउने चिनियाँ कम्पनीले विकास गरेको नयाँ आर्टिफिशल इन्टलिजन्स (एआई) मोडेलले यो साता हलिवुडमा हलचल ल्याइदिएको छ।उक्त एआई मोडेलले के गर्न सक्छ भन्ने मात्र नभइ त्यसले यस सिर्जनशील उद्योगमा के प्रभाव पार्छ भन्ने प्रश्नले पनि मानिसहरू चिन्तित भएका छन्।प्रविधिको विशाल कम्पनी बाइटडान्सले बनाएको सीडान्स २.० ले केही लिखित निर्देशन दिने बित्तिकै ध्वनि तथा संवादसहित सिनेमाको गुणस्तर समान भिडिओ बनाइदिन सक्छ।सीडान्सको प्रयोग गरेर स्पाइडर म्यान र डेडपुल जस्ता चर्चित पात्रहरूमा आधारित भएर बनाइएका कैयन् भिडिओ क्लिपहरू भाइरल भएका थिए।




डिज्नी र प्यारामाउन्टजस्ता अग्रणी स्टुडियोहरूले तत्कालै बाइटडान्सविरुद्ध प्रतिलिपि अधिकार उल्लङ्घन गरेको आरोप लगाए। तर त्रास ती कानुनी विषयभन्दा पनि धेरै गहिरो गरी गडिएको बताइन्छ। सन् २०२५ को जुनमा कमै चर्चाका माझ सीडान्सको सुरुवात गरिएको थियो। तर त्यसको ८ महिनापछि आएको यसको दोस्रो संस्करणले धेरै हल्लीखल्ली निम्त्याएको छ।"ओहो यो भिडिओ एआईले गजब बनाएछ भन्ने सोच यसपटक मेरो मनमा आएन। बरु यो भिडिओ त वास्तविक फिल्म निर्माण कम्पनीबाट सोझै आएको भन्ने सोचेँ," भिडिओस्टेट नामक स्टुडियोका यान-विलेम ब्लोमले भने।

पश्चिमा देशका एआई भिडिओ मोडेलहरूले पनि प्रयोगकर्ताहरूले दिने निर्देशनअनुरूप गजबका भिडिओ बनाउने कुरामा प्रगति गरेका तर सीडान्सले चाहिँ सबै कुरालाई समायोजन गर्न सकेको उनले बताए। मिडजर्नी र ओपनएआईको सोरा जस्ता एआई टुल जस्तै सीडान्सले छोटा लिखित निर्देशनका आधारमा भिडिओ बनाइदिन्छ। कतिपय उच्च गुणस्तरका भिडिओ बनाउन एउटै निर्देशन पनि काफी भएको देखिन्छ।

यसले एकै प्रणालीमा लिखित (टेक्स्ट), अनि श्रव्य तथा दृश्यलाई समायोजन गर्ने कुरा सबभन्दा प्रभावकारी देखिएको एआई इथिक्स शोधकर्ता मार्गरेट मिचेलले बताइन्।सीडान्सको भिडिओको गुणस्तर कति सजीव छ भनेर नाप्न एउटा अनौठो उदाहरणको सहारा लिइएको छ। हलिवुड अभिनेता विल स्मिथले स्पागेटी खाएको भिडिओ कत्तिको यथार्थपरक देखिन्छ भनेर। ती अभिनेताले प्लेटबाट पास्ता खाएको गजबकै सजीव भिडिओ सीडान्सले बनायो। त्यतिमात्र होइन उक्त भिडिओपश्चात् कैयन् भाइरल भिडिओहरू बनेका छन् जसमा स्मिथले विशाल स्पागेटी मन्सटरसँग लडेका देखिन्छन् - र ती भिडिओ क्लिप कुनै धेरै बजेटवाला हलिवुड फिल्मको जस्तो लाग्छ।

भिडिओ निर्माण प्रविधिमा सीडान्स नयाँ अध्यायका रूपमा आएको कैयन् सिने उद्योगका विज्ञ एवं फिल्मनिर्माताहरूको विश्वास छ।सीडान्सले उसका प्रतिस्पर्धीहरूले भन्दा निकै धेरै वास्तविक देखिने जटिल एक्सन भिडिओहरू बनाएको सिङ्गापुर स्थित टाइनी आइल्यान्ड प्रोडक्सन्स नामक एनिमेशन स्टुडियोका डेभिड क्वकले भने। "यस्तो लाग्छ एक्सन फिल्ममा विशेषज्ञता भएका कोही सिनेमाटोग्राफर वा फोटोग्राफी निर्देशकले तपाईँलाई सघाइरहेका छन्।" बौद्धिक सम्पत्तिको अधिकारका विषयमा सीडान्स समस्यामा परेको छ। एआईको युगमा यो बढ्दो चुनौती हो।

एआई कम्पनीहरूले मानिसहरूभन्दा प्रविधिलाई प्राथमिकता दिन थालेको भन्दै विज्ञहरूले तिनले कसैलाई पैसा नतिरीकन डेटाको उपयोग गर्दै शक्तिशाली टुल बनाउने गरेको बताए। स्पाइडर म्यान र डार्थ भेडर जस्ता प्रतिलिपि अधिकारबाट सुरक्षित पात्रहरूको सीडान्सले गरेको प्रयोगका विरुद्ध हलिवुडले आलोचना गरेको छ। डिज्नी र प्यारामाउन्टले सीडान्सले उसका सामग्रीको प्रयोग गर्न नपाओस् भन्ने पत्रहरू लेखेका छन्। जापानले पनि एनिमे पात्रहरूको एआई भिडिओ भाइरल बनेपछि बाइटडान्समाथि प्रतिलिपि अधिकार उल्लङ्घनसम्बन्धी अनुसन्धान थालेको छ।

बाइटडान्सले विद्यमान नियमहरूको पालनाका निम्ति कदमहरू चाल्ने भनेको छ। तर यस्तो चुनौती चिनियाँ एआई कम्पनीसँग मात्र जोडिएको छैन।सन् २०२३मा न्यूयोर्क टाइम्सले विना अनुमति आफ्ना सामग्रीको प्रयोग गरेर तिनका एआई मोडेलहरू प्रशिक्षित गरेको आरोप ओपनएआई तथा माइक्रोसफ्टमाथि लगाएको थियो।

हेर्दा गजबका भिडिओ बनाउनुभन्दा एआईमाथि जनविश्वासको जगेर्ना गर्नु अनि तिनका सामग्रीलाई उचित लेबल दिएर मानिसहरू झुक्यानमा नपरुन् भनेर सुनिश्चित् गर्नु निकै महत्त्वपूर्ण भएको मिचेलले बताइन्।उनका अनुसार त्यसैले यसका विकासकर्ताहरूले लाइसेन्सिङ तथा भुक्तानीको प्रणाली बनाउनु जरुरी छ ताकि मानिसहरूले ती सामग्रीको दुरुपयोग नगरुन्। उदाहरणका लागि डिज्नीले स्टार वार्स, पिक्सार र मार्भलका चरित्रहरूको प्रयोग गर्ने अनुमतिका लागि ओपनएआईको सोरासँग १ अर्ब डलरको सम्झौता गरेको छ।

सीडान्सलाई पनि पश्चिमा बौद्धिक सम्पत्तिको प्रयोग गर्दा प्रतिलिपि अधिकारको मुद्दा उठ्छ भनेर सायद थाहा थियो तापनि तिनले जोखिम मोले भन्छन् युनिभर्सिटी अफ मेल्बर्नका कम्प्युटिङ् रिसर्चर शानन कोहनी।तर साना कम्पनीहरूका निम्ति सीडान्स निकै उपयोगी छ।सिङ्गापुरको टाइनी आइल्यान्ड प्रोडक्सन्स कम्पनीका क्वक भन्छन् यत्तिको गुणस्तरको एआईले उनको जस्तो सानो कम्पनीलाई पनि अन्यथा अत्यधिक महँगो हुने फिल्म बनाउन सघाउ पुग्छ।

एसियामा विस्तार भइरहेको छोटा भिडिओ - करिब डेढ लाख डलरको बजेटमा दुई-दुई मिनेटका ८० इपिसोड बनाउन सकिने उदाहरण उनले दिए।यस्ता कम्पनीले थोरैमात्र भिजुअल इफेक्ट भए पुग्ने रोमान्स वा पारिवारिक ड्रामामा ध्यान दिने गरेकोमा अब एआईको मद्दतले थोरै बजेटमै तिनले साइ-फाइ, ऐतिहासिक वा एक्सन प्रकृतिका फिल्म बनाउन सक्ने क्वक बताउँछन् ।

# ६ परिकार, जुन विश्वभर लोकप्रिय छन्

काठमाण्डु । पिज्जा इटालीको नेपल्सबाट उत्पत्ति भई सन् १८८९ मा रानी मार्गेरिटाको सम्मानमा विशेष पिज्जा बनाएपछि विश्वभर फैलिएको छ।

सुशी जापानको परिकार हो जुन चामल र ताजा माछासँग बनाइने र विश्वभर लोकप्रिय छ।

ह्याम्बर्गर अमेरिकाबाट विकास भएको फास्ट फुड हो जसले विश्वभर छिटो लोकप्रियता पाएको छ।

विश्वभरका स्वादका पारखीहरूबीच बारम्बार चर्चा हुने केही खानेकुरा छन्, जसले देश, भाषा र संस्कृतिको सिमाना पार गरेर सबैको मन जितेका छन् ।

विभिन्न अन्तर्राष्ट्रिय स्रोत जस्तै, टेस्टएट्लास, सीएननहरूले गरेको सर्वेक्षणमा बारम्बार शीर्ष स्थानमा देखिने यी परिकारहरू केवल खाना मात्र होइनन्, आफ्ना देशको इतिहास, परम्परा र जीवनशैली बोकेका सांस्कृतिक धरोहर हुन् ।

इटालीको पिज्जा, पास्तादेखि जापानको सुशी, अमेरिकाको ह्याम्बर्गर, मेक्सिकोको टाकोस र भियतनामको फो परिकार विश्वभर प्रायः सबैले चिनेका र कुनै न कुनै रूपमा स्वाद लिएका छन् ।

यी खानेकुराहरू फरक-फरक रूप र स्वादमा सडक किनारका साना स्टलदेखि पाँचतारे होटलसम्म पाइन्छन् ।

**१. पिज्जा (इटाली)**

संसारभरका मानिसको जिब्रोलाई लोभ्याउने परिकार हो, पिज्जा । तातो-तातो पिज्जाबाट आउने सुगन्धले नै यसको पारखीहरुमा भोकले जगाउँछ ।साथीभाइसँग भेटघाट होस् वा परिवारसँगको समय पिज्जा धेरैको पहिलो रोजाई हुन्छ । साधारण मार्गेरिटादेखि विभिन्न टपिङ्युक्त विकल्पसम्म, पिज्जा सबै उमेरका मानिसको रुचिको परिकार बनेको छ ।

पिज्जा उत्पति इटालीको नेपल्स शहरबाट भएको मानिन्छ । सुरुमा पिज्जा विपन्न परिवारको साधारण खाना थियो, रोटीमाथि टमाटर र सानो चिज राखेर बनाइन्थ्यो ।सन् १८८९ मा एक पिज्जा बनाउने व्यक्तिले इटालीकी रानी मार्गेरिटाको सम्मानमा रातो टमाटर, सेतो चिज र हरियो बेसिल राखेर विशेष पिज्जा बनाए । त्यसपछि यो झन् चर्चित भयो ।दोस्रो विश्वयुद्धपछि यो अमेरिका पुग्यो र त्यहाँबाट विश्वभर फैलियो ।

**पिज्जाको स्वाद कस्तो ?**

पातलो र नरम बेसमाथि हल्का अमिलो टमाटर सस लगाइन्छ । माथि राखिएको मोजारेला चिज पग्लिएर तानिन्छ, जसले खाँदा मजा दिन्छ।तुलसीको हल्का सुगन्ध र जैतूनको तेलले थप स्वाद दिन्छ । तातो-तातो पिज्जा खाँदा बाहिर हल्का क्रन्ची र भित्र नरम अनुभव हुन्छ ।

# सार्वजनिक बिदाले सरकारी र निजीमा असर




**टुडे समाचारदाता**

जनकपुरधाम । आम निर्वाचनले दिइएको एक साता बिदा अब सकिन्न लागेको छ । सरकारले फागुन २० देखि २२ गतेसम्म तीन दिन सार्वजनिक बिदा निर्वाचनका लागि दियो । त्यसअघि फागुन १८ गते सोमबार ५६ वटा जिल्लामा र १९ गते तराईका २१ जिल्लामा फागु पूर्णिमाको बिदा भयो । यस्तै २३ गते शनिबार पर्‍यो । यस आधारमा एक साता सार्वजनिक बिदा भयो । अझ महिलाहरुका लागि फागुन २४ गते नारी दिवसको बिदा छ ।

करिब ८० दिनभन्दा बढी २०८२ मा दिने निर्णय गरेको सरकारले आगामी २०८३ सालमा शनिबार र विभिन्न चाडपर्व, जयन्तीलगायत गरी १०९ दिन सार्वजनिक बिदा दिँदैछ । कतिपय दिन देशभर र कतिपय दिन सम्बन्धित क्षेत्र र समुदायका लागि बिदा तोकिएको छ । सरकारले आठ प्रकारका बिदा निर्धारण गरेको छ । जसअन्तर्गत २०८२ मा शनिबार ५२ दिन सार्वजनिक बिदा तय गरिएको छ ।

त्यस्तै, पर्व बिदा सबैले पाउँछन् । महिला कर्मचारी, शिक्षण संस्था, जात्रा, दिवस, अपाङ्गता भएका कर्मचारी, जयन्ती र दिवसमा कतिपय देशभर र कतिपय सम्बन्धित क्षेत्र तथा समुदायका व्यक्तिका लागि बिदा निर्धारण गरिएको छ ।

यससँगै विदेशस्थित नेपाली नियोगले सम्बन्धित मुलुकको बिदालाई समेत ध्यानमा राखेर १८ दिनसम्म सार्वजनिक बिदा आफैं व्यवस्थापन र समायोजन गर्न पाउँछन् । प्रदेश र स्थानीय सरकारले पनि आ-आफ्नो क्षेत्रको धर्म, संस्कृतिका आधारमा थप ६ दिन सार्वजनिक बिदा दिन पाउँछन् ।

यसरी अत्यधिक सार्वजनिक बिदाले निजी क्षेत्र आजित बन्न थालेको छ । सार्वजनिक बिदाका कारण मजदुरहरु काममा नआउने, सरकारी कामहरु समेत नहुँदा समस्या पर्न थालेको निजी क्षेत्रका अगुवाहरुले बताउन थालेका छन् । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले सार्वजनिक बिदाहरु अत्यधिक हुँदा काममा असर पर्न थालेको बताए ।

उनका अनुसार भूगोल र जनसंख्याको हिसाबले नेपाल सानो भए पनि सार्वजनिक बिदा दिने प्रचलन बढी हुँदा यसको असर काममा पर्न थालेको छ । हरेक समुदायका सबैले बिदा प्राप्त गर्दा नेपालमा काम गर्ने दिनभन्दा सार्वजनिक बिदा धेरै हुन थालेको उनको भनाइ छ । बिदाहरुका कारण मुलुकको विकाससँगै अर्थतन्त्रलाई पछाडि धकेलिरहेको बताउँदै उनले बिदाका कारण सरकारी कर्मचारी घर बस्दा निजी क्षेत्रले ठूलो क्षति व्यहोर्नुपरिरहेको बताए ।

अध्यक्ष सिंहले भने- मुलुकको अर्थतन्त्र संकुचनमा ल्याउने, मुलुकको जिडिपी, आर्थिक वृद्धिलाई घटाउने र हाम्रो प्रगतिलाई बाधा गर्नेगरी धेरै सार्वजनिक बिदा हुने गरेको छ । जुन समुदायलाई बिदा दिनुपर्ने हो त्यो समुदायलाई मात्रै अब बिदा दिनुपर्छ । हरेक समुदायका सबैले बिदा प्राप्त गर्दा नेपालमा काम गर्ने दिनभन्दा सार्वजनिक बिदा धेरै भइरहेको छ ।

धेरै भाषाभाषी संस्कृति छौँ, बिदा दिएर मात्रै मनाउने भन्ने हुँदैन । शहीद दिवसका दिन पनि बिदा दिइन्छ । बिदा दिन जरुरी छैनन् । अब काम गरेर कार्यक्रमहरु पनि गर्दै जानुपर्छ । बिदाहरुका कारण मुलुकको विकाससँगै अर्थतन्त्रलाई पछाडि धकेलिरहेका छौँ । बिदाका कारण सरकारी कर्मचारी घर बस्दा निजी क्षेत्रले ठूलो क्षति व्यहोर्नुपरिरहेको छ । निर्माण क्षेत्रमा सार्वजनिक बिदाहरुले काम गर्न निकै समस्या भइरहेको गुनासो विभिन्न पक्षबाट आइ नै रहेको छ ।

# बालेन सरकारमा संसद मन्त्री बन्न नपाउने

**सुभाष कर्ण**

जनकपुरधाम । सम्पन्न निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई तिहाई बहुमत ल्याउने करीब निश्चित नै रहेको छ । रास्वपाले पहिले नै घोषणा गरिसकेको वाचा अनुसार पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) को नेतृत्वमा बहुमतिय सरकार गठन हुने निश्चित नै छ ।

रास्वपाले प्रत्यक्ष र समानुपातिक गरी दुई तिहाई अर्थात १८५ सीट ल्याउने अहिलेसम्म देखिएको मतपरिणामको रुझानले देखाउंछ । बालेन प्रधानमन्त्री बन्छ भन्नेमा कुनै द्विविधा नरहेको पार्टीका शिर्षस्थ नेताहरु बताउंछन् । पार्टीका पहिलो वरियताका उपसभापति डिपी अर्याल बालेन्द्रको अनुहार देखाएर देशभरबाट राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत ल्याउन लागेकाले उनी नै प्रधानमन्त्री बन्नेमा कुनै द्विविधा नरहेको बताउँछन् । उनले मतपरिणाम सार्वजनिक भएपछि सरकार निर्माणको प्रक्रियामा जाँदा बालेन्द्रलाई राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्री बनाउन कुनै पनि हस्तक्षेप नगर्ने उनको भनाईछ ।

यस अर्थले के देखाउंछ भने बालेनको नेतृत्वमा रास्वपाको सरकार बन्ने निश्चित रहेको अवस्थामा प्रतिनिधि सभा सदस्यमा जितेका उम्मेदवारहरु मन्त्री बन्न पाउने छैन । यदि बनि हाले भने तीन महिनापछि संविधान संशोधनपछि उनी मन्त्रीबाट वंचित भई संसदमा कानून तथा निती निर्माणसम्मै सिमित रहन जानेछ । प्रतिनिधि सभा सदस्यहरु मन्त्री बन्न नपाउने भन्ने कुरा रास्वपाले निर्वाचन सार्वजनिक गरेको चुनावी घोषणा पत्र अर्थात वाचा पत्रमा प्रतिबद्धता गरेका छन् ।

रास्वपाले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सार्वजनिक गरेको 'वाचा पत्र २०८२' मा प्रत्यक्ष निर्वाचित कार्यकारी, पुर्ण समानुपातिक संसद, सांसद मन्त्री नहुने व्यवस्था, गर्ने भनेको छ । रास्वपाले प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था लागु गर्ने घोषणा गरेको छ ।




वाचा पत्रको बुँदा नं. १० मा भनिएको छ – सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावहरु बारे ' बहस पत्र' तयार गर्नेछौं । राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट प्रारम्भिक छलफलका लागि पेश हुने विषयमा निम्न अवधारणा न्यूनतम पर्नेछन् : प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद, सांसद मन्त्री नहुने व्यवस्था, गैर दलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरुप ।

हुनत वाचा पत्र आउनु अघि धनुषा ३ बाट निर्वाचित मनिष झाले चुनावी प्रचार प्रसारको क्रममा देश विकासको खाका सँगै को कुन मन्त्री बन्ने भन्ने तीन वर्ष अघिदेखि नै तयारी गर्दै आएको बताएका थिए । उनले एक कार्यक्रममा भनेका थिए – हामी त्यसै निर्वाचनमा होमिएका होइनौ, तीन वर्ष अघि नै विकासको खाका सँगै रास्वपाबाट को को कुन मन्त्री भन्ने तयारी गरेर बसेका छौं । अर्थमन्त्री स्वर्णिम वाग्ले, कृषि मन्त्री हरि ढकाल, उद्योग मन्त्री गणेश पराजुली, कानून मन्त्री सोभिता गौतम र आफू संचार मन्त्री बन्नेछु ।

अघि थप्दै उनले भनेका छन् – स्वर्णिम वाग्ले दाईले मलाई त ६ महिना अघि भने मनिष तिमी संचार मन्त्रीको तयारी गर । उनको यो भनाई र पार्टीले सार्वजनिक गरेको वाचा पत्रले मेल खाँदैन । बालेन सरकार बनेपछि संविधान संशोधनको प्रस्तावमा राखेका यी बुँदा अघि बढाउने हो कि तीन वर्षदेखि तयारी गर्दै सरकारको खाका कार्यान्वयनमा ल्याउने हो भन्ने द्विविधात्मक अवस्था उत्पन्न हुनेछ ।

राज्य संरचना, अर्थतन्त्र, डिजिटल रूपान्तरण, ऊर्जा, शिक्षा, स्वास्थ्य, कूटनीति र सुशासनका क्षेत्रमा व्यापक नीतिगत परिवर्तनको घोषणा गरिएको छ । पार्टीले रूपान्तरणका लागि 'नीतिगत प्रस्थानका १०० आधार' समेत वाचा पत्रमा उल्लेख गरेको छ ।

रास्वपाले आफ्नो नेतृत्वमा सरकार गठन भएलगत्तै दलित तथा पछाडि पारिएका समुदायसँग औपचारिक रूपमा क्षमा याचना गर्दै भविष्यमा त्यस्तो हुन नदिने प्रण गर्ने वाचा गरेको छ । साथै २०८२ भदौ २३ र २४ मा भएको 'जेन-जी' आन्दोलनका घटनाको छानबिन प्रतिवेदन पूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता समेत पार्टीले गरेको वाचा पत्रमा गरेको छ ।

यसका साथै सार्वजनिक पदमा रहेका सबैको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्ने गरी कार्यविधि बनाउने घोषणा समेत पार्टीले गरेको छ । सरकारी सेवामा दलगत आबद्धता अन्त्य गर्ने, भ्रातृ सङ्गठन नबनाउने र निजामती प्रशासनलाई 'थोरैले धेरै सेवा दिने' तटस्थ संरचनामा रूपान्तरण गर्ने योजना समावेश गरिएको छ ।

यसका साथै प्रत्येक राष्ट्रिय राजनीतिक दल जनमतको आधारमा सार्वजनिक कोषबाट वार्षिक अनुदान दिने व्यवस्थ गरिने, बारम्बार एउटै व्यक्ति निर्वाचित हुने प्रवृतिको अन्त्का लागि राजनीतिक दल सम्बन्धी ऐन, प्रतिनिधि सभा निर्वाचन ऐन तथा आवश्यक कानून संशोधन गर्नुका साथ पार्टी प्रमुख दुई कार्यकालभन्दा बढी समय बस्न नपाउने व्यवस्था गरिने वाचा रास्वपाको रहेको छ ।

## प्रतिव्यक्ति आय ३ हजार डलर पुऱ्याइने

पार्टीले आगामी पाँच वर्षमा औसत ७ प्रतिशत वार्षिक आर्थिक वृद्धि हासिल गरी प्रतिव्यक्ति आय ३ हजार अमेरिकी डलर पुऱ्याउने घोषणा गरेको छ । कर प्रणालीलाई सरलीकरण गर्दै व्यक्तिगत र संस्थागत करको बोझ हटाउने वाचा पनि पार्टीले गरेको छ । निजी क्षेत्रसँग उन्नत समझदारी गर्ने तथा करिब दुई दर्जन असान्दर्भिक कानुन खारेज गर्ने रास्वपाको योजना छ । सहकारी र लघुवित्त क्षेत्रलाई कडा नियमनमा ल्याउने, साना बचतकर्ताको रकम १०० दिनभित्र फिर्ता गर्ने र 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गर्ने प्रतिबद्धता पनि पार्टीले गरेको छ ।

रास्वपाले सूचना प्रविधिको क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्दै हालको १ अर्ब ५० करोड डलर निर्यातलाई १० वर्षमा ३० अर्ब डलर पुऱ्याउने घोषणा गरेको छ । सातै प्रदेशमा ' डिजिटल पार्क' निर्माण गरी सूचना प्रविधिको क्षेत्रमा ५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ । क्रिप्टोकरेन्सी नियमन, डाटा सेन्टर विकास, एआई कम्प्युटिङ निर्यात तथा रिमोट वर्कलाई कानुनी मान्यता दिने नीति लागु गर्ने पनि वाचा पत्रमा उल्लेख छ ।

नेपाललाई 'बफर स्टेट' बाट 'भाइब्रेन्ट ब्रिज' मा रूपान्तरण गर्ने अवधारणासहित सन्तुलित कूटनीति अवलम्बन गर्ने नीति लिइने, सत्तामा पुगेपछि बिग्रिने राजनीतिक संस्कृतिबाट टाढा रहने प्रतिबद्धता जनाउँदै पार्टीले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाउने र आन्तरिक अनुशासन संयन्त्र बलियो बनाउने उल्लेख गरेको छ ।

# निर्वाचन प्रचारका लागि फेसबूकमा एक करोड बढी खर्च

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचनको समयमा फेसबुकमा मात्र दलीय र स्वतन्त्रसहितका उम्मेदवारहरूले एक करोड १९ लाख रुपैयाँको प्रचार गरेका छन् । फेसबुकको एड लाइब्रेरीको विवरण अनुसार विभिन्न उम्मेदवारदेखि लिएर कम्पनीहरूले समेत उम्मेदवारहरूको प्रचार सामग्री राखेर फेसबुकमा बुस्ट गरेको देखिन्छ ।

यसमा ३० दिनमा सबैभन्दा धेरै खर्च माई भोइस काउन्ट्स नाम फेसबुक पेजले खर्च गरेको देखिन्छ । यो फेसबूक पेज कुन दलले अघि सारेको पहिचान नभएपनि उनको प्रचार प्रसारले रास्वपाको रहेको प्रचारशैलीसँग मेल खान्छ । उसले एक महिनाको अवधिमा १ सय २८ वटा विज्ञापन फेसबुकमा बुस्ट गर्दा ४ हजार १ सय ७३ अमेरिकी डलर (६ लाख १३ हजार ४ सय ३१ रुपैयाँ) खर्च गरेको छ ।

उसले आफ्नो पेजबाट कुन क्षेत्रमा कसले जित्छ भनेर मत सर्वेक्षण गर्ने धेरै सामग्रीहरू बुस्ट गरेको देखिन्छ । निर्वाचन आचारसंहिता अनुसार मत सर्वेक्षण गर्नु गैर कानुनी भएपनि उसले क्षेत्रगत रूपमा फेसबुक पेजमा सामग्री राखेर बुस्ट गरेको देखिन्छ । यसको एप ५० हजार बढी डाउनलोड भइसकेको देखिन्छ । उसले




भोटका लागि शुल्क लिने गरेको देखियो ।

दोस्रो नम्बरमा काठमाडौँ ९ बाट एमालेबाट उम्मेदवार बनेका डा अजय क्रान्तिको प्रचारमा खर्च भएको छ । अजयक्रान्ती फलोअर्स नामक फेसबुक पेजबाट एक महिनामा २ सय २७ वटा सामग्री प्रचार गर्न ३ हजार ६९ अमेरिकी डलर (४ लाख ५१ हजार १ सय ४३ रुपैयाँ) खर्च भएको छ। बुस्ट गरिएका सामग्रीमा उनको घरदैलो लगायतका सामग्रीहरू रहेका छन् ।

तेस्रो नम्बरमा साझापार्टी नामक पेजबाट ४९ वटा सामग्री बुस्ट गर्दै २ हजार ९ सय २२ अमेरिकी डलर (४,२९,५३४ रुपैयाँ) खर्च गरेको देखिन्छ। यसका लागि स्ट्रिउ होल्डिङसबाट बुस्ट भएको देखिन्छ। बुस्ट भएका सामग्रीहरूमा नेपाली कांग्रेसका उम्मेदवार शेखर कोइरालादेखि लिएर राप्रपाका गौरव बोहरा, रास्वपाका दीपक बोहरासम्मका चुनावी सामग्री छन् ।

चौथो नम्बरमा एमालेका उम्मेदवार क्षितिज थेबेले फेसबुकमा २ हजार ४ सय २३ अमेरिकी डलर (३ लाख ५६ हजार १ सय ८१ रुपैयाँ) खर्च गरेका छन्। उनको पेजबाट आफ्नै चुनावी सामग्रीहरू प्रचार भएको देखियो। उनको सामग्री क्षितिज थेबे जिताऊ अभियान नामक पेजबाट समेत २ लाख १६ हजार रुपैयाँ तिरेर बुस्ट भएको देखिन्छ ।

पाँचौं नम्बरमा देखिए कांग्रेस उम्मेदवार नैनसिंह महर । उनले २ हजार २ सय १९ अमेरिकी डलर (३ लाख २६ हजार १ सय ९७ रुपैंया) खर्च गरेका छन्। उनले पनि आफ्नै चुनावी सामग्रीहरू पेजमा राखेर बुस्ट गरेका हुन् ।

बुस्टमा धैरै खर्च गर्नेमा छैठौ नम्बरमा रहेको रुटिनअफ झापाले २ हजार २ सय १० अमेरिकी डलर (३ लख २४ हजार ८ सय ७९ रुपैयाँ) खर्च गरेको छ। यसले शेखर कोइराला, गौरव बोहरासँगै पुष्पकमल दाहाल प्रचण्ड, रास्वपाका उम्मेदवार शिशिर खनाल, बिराजभक्त श्रेष्ठ, आनन्द बहादुर चन्द लगायतकाको प्रचार सामग्री बुष्ट गरेको देखिन्छ ।

नेपाली कम्युनिस्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठको प्रचार सामग्री नारायणकाजी फलोअर्स नामक पेजबाट भएको छ । एक महिनामा १ सय २५ वटा विज्ञापन बुस्ट गर्दा २ हजार १ सय २ ९ अमेरिकी डलर ( ३ लाख १२ हजार ९ सय ६३ रुपैयाँ) खर्च भएको देखिन्छ । राजेन्द्र महतो समेत प्रचार प्रसारका लागि फेसबूकमा खर्च गरेको देखिन्छ ।

फेसबुक पेजमा सामग्री बुस्ट गर्ने २० जनाको सूचीमा विनोद चौधरी २० औं नम्बरमा छन् । उनको पेजबाट एक महिनाको अवधिमा ९ सय ४७ अमेरिकी डलर (एक लाख ३९ हजार) खर्च गरेको देखिन्छ ।

# इमान्दारीपूर्वक जिम्मेवारी सम्हालने : झा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा ३ बाट प्रतिनिधि सभा सदस्यमा नवनिर्वाचित रास्वपाका उम्मेदवार मनीष झाले जनताले दिएको आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक सम्हाल्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

शनिबार निर्वाचित भएपछि जनकपुरधाम आयोजित एक सभामा संचारकर्मीसँग कुरा गर्दै भने आफूले जनताले दिएको विश्वासलाई सम्मान गर्दै काम गर्ने बताएका हुन् । उनले यसअघि यस क्षेत्रबाट निर्वाचित भएका नेताहरूलाई स्मरण गर्दै उनीहरूप्रति कृतज्ञता व्यक्त गरे ।

झाले भने, "बिमलेन्द्र निधि, जुली महतो, राजेन्द्र महतो र सञ्जय साह लगायतका नेताहरूले आफ्नो जिम्मेवारी सम्हालिसक्नुभएको छ । उहाँहरूप्रति कृतज्ञता व्यक्त गर्दै अब म पनि आफ्नो जिम्मेवारी इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्नेछु ।"



उनले जनकपुरधामको विकासका लागि ठोस परिणाम दिने काम गर्ने प्रतिबद्धता जनाए । जनताले आफू माथि गरेको विश्वासलाई कुनै पनि हालतमा नटुट्न दिने उनको भनाइ थियो ।

उनले जनकपुरधामको समग्र विकासका लागि खानेपानी तथा सरसफाइ व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण, रेलवे र विमानस्थललाई प्रभावकारी बनाउने लगायतका योजनामा काम गर्ने बताए । साथै खेलकुद, शिक्षा र सांस्कृतिक धरोहरको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटन र अर्थतन्त्रसँग जोडेर रोजगारी सिर्जना गर्ने योजना पनि अघि सार्ने उनले बताए ।

जनकपुरधाममा देखिएको खानेपानी समस्या समाधानका लागि यहाँ रहेका पोखरीहरूलाई व्यवस्थित गर्दै पानी व्यवस्थापन सुधार गर्ने योजना रहेको उनले बताए । साथै यहाँका कुट्टी तथा धार्मिक संरचनाको संरक्षणका लागि गुठी संस्थान सँग समन्वय गरेर अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

निर्वाचित भएपछि झाले जनकपुरधाम स्थित विभिन्न मठ-मन्दिरमा पुगेर दर्शन तथा पूजापाठ गरेका थिए । त्यसैगरी उनले आफ्ना निकटतम प्रतिस्पर्धी रहेका नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधि सँग भेटघाटसमेत गरेका छन् ।

# निर्वाचनको क्रममा २४ जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । बिहीबार सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका क्रममा आचारसंहिता विपरीत र निर्वाचन विरोधी गतिविधिमा संलग्न २४ जनालाई प्रहरीले देशका विभिन्न स्थानबाट नियन्त्रणमा लिएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौँ उपत्यकासहित सातै प्रदेशबाट निर्वाचन सुरक्षामा खलल पुऱ्याउन खोज्नेहरूलाई पक्राउ गरिएको छ ।



यसरी पक्राउ पर्नेहरूमा बागमती प्रदेशबाट सबैभन्दा बढी ७ जना रहेका छन् भने मधेश र सुदूरपश्चिमबाट ४-४ जना, कोशी र गण्डकीबाट ३-३ जना तथा काठमाडौँ उपत्यका, लुम्बिनी र कर्णाली प्रदेशबाट १-१ जना रहेका छन्। निर्वाचनलाई भयरहित बनाउन र सुरक्षा चुनौतीको सामना गर्न प्रहरीले मतदानका दिन कडा निगरानी बढाएको थियो ।

सुरक्षा व्यवस्थालाई थप कडा बनाउने क्रममा प्रहरीले अनुमति बिना चलाइएका २ हजार ५ सय ९७ वटा सवारी साधनहरूलाई पनि होल्ड गरेको छ। जसमा २ हजार ३ सय ५१ वटा दुई पाङ्ग्रे र २४६ वटा चार पाङ्ग्रे सवारी साधन रहेका छन् ।

लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै ८ सय ८७ र काठमाडौँ उपत्यकामा ८ सय ३० वटा सवारी साधन नियन्त्रणमा लिइएका छन्। यसैगरी, काठमाडौँ उपत्यकाका दुई स्थानसहित देशभरका १५ ठाउँमा शंकास्पद वस्तुहरू फेला परेका थिए। ती वस्तुहरूलाई सुरक्षित रूपमा डिस्पोज गर्न नेपाल प्रहरीले नेपाली सेनासँग आवश्यक समन्वय गरी निष्क्रिय पारेको छ ।

# धैर्य र संयम अपनाउन रास्वपाको अपिल

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधि सभा सदस्य निर्वाचनको अन्तिम परिणाम नआउँदासम्म धैर्य र संयम अपनाउन पार्टीका सम्पूर्ण सदस्य तथा कार्यकर्तालाई अपिल गरेको छ ।

पार्टीको केन्द्रीय अनुशासन आयोगले शनिबार एक जारी गर्दै फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा जनताले दिएको जनादेशको गम्भीरतापूर्वक मनन गर्दै त्यसलाई विजय उन्मादको रूपमा नलिई जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्ने भनेका छन् ।



आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमाल द्वारा जारी अपिलमा निर्वाचनको पूर्ण परिणाम आउन अझै केही समय लाग्ने भएकाले सबैलाई धैर्यपूर्वक अन्तिम परिणामको प्रतीक्षा गर्न आग्रह गरिएको छ ।

निर्वाचनको यस घडीमा पार्टीका विभिन्न तहका व्यक्तिहरूबाट सामाजिक सञ्जाल लगायतका माध्यममा अनावश्यक टिकाटिप्पणी बढेको महसुस भएको जनाउँदै आयोगले त्यस्ता गतिविधि नगर्न र नगराउन निर्देशन दिएको छ । यदि त्यस्ता गतिविधि भएको पाइएमा पार्टीको विधान, कार्यविधि तथा आचारसंहिताअनुसार आवश्यक कारबाही गरिने चेतावनी पनि आयोगले दिएको छ ।

लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण गर्दै सभ्य र अनुकरणीय राजनीति गर्नु सबैको कर्तव्य भएको उल्लेख गर्दै निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्नतर्फ अघि बढिरहेकोमा सम्पूर्ण सरोकारवालालाई धन्यवाद दिदैं आयोगले पार्टीको आधिकारिक निर्देशनबिना कुनै पनि गतिविधि नगर्न पार्टीपंक्ति र सम्बन्धित सबैलाई अनुरोध गरेको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं. ९१/०५७/५८**